## अध्याय-एक

### १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय विचार तथा भावनाहरूको अभिव्यक्ति एवम् प्रकटीकरण गर्ने एकमात्र सशक्त माध्यम हो । 'भाषा' संस्कृतिको 'भाष्' धातुबाट बनेको हो । यसको शाब्दिक अर्थ बोल्नु भन्ने हुन्छ । भाषाको वैज्ञानिक परिभाषानुसार मानवीय उचारण अवयवमार्फत उच्चरित यादृच्छिक ध्वनि प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (पौडेल, २०६२:१) । खासमा भाषा विचार विनिमयको साधनको रूपमा प्रयोग हुन्छ । यसले मानिसका मानसिक व्यापार र सम्प्रेषण प्रक्रियाको साधनको कार्य गर्दछ । त्यसैले भाषालाई मानव मनको सिर्जनात्मक र सामाजिक शक्ति मान्न सकिन्छ । मानिसले आफ्नो दैनिक जीवनयापन गर्ने क्रममा विचारहरू आदानप्रदान गर्दछ । भाषाको प्रयोग, अभिव्यक्ति, सम्प्रेषण र सूचनाका सन्दर्भमा गर्न सकिन्छ । भाषाले व्यक्तिका निजि अनुभव र विचार व्यक्त गर्नुका साथै सामाजिक सम्बन्धहरूको अभिव्यक्ति पनि प्रकट गर्दछ (ढुङ्गेल र दाहाल, २०६३:३) ।

भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन् । कथ्य रूप भाषाको आधारभूत रूप हो भने लेख्य रूप कथ्यको छाया हो । कथ्य भाषा अनौपचारिक हुन्छ भने लेख्य भाषा औपचारिक र स्तरीय हुन्छ । जे भए पनि यी दुवै रूपहरूले भाषिक बोध र अभिव्यक्तिका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

यसैगरी भाषाका चारवटा सीपहरू हुने गर्दछन् । भाषा आर्जन गर्न आवश्यक पर्ने सीपहरू नै भाषाका सीपहरू हुन् । यिनलाई भाषिक सीप पनि भनिन्छ । भाषिक सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । यी चारवटा सीपमध्ये सुनाइ र बोलाइ आधारभूत सीप हुन् भने पढाइ र लेखाइ गौण सीप हुन् । भाषाको उच्चारण पक्षसँग सम्बन्धित पक्ष वा सीपलाई आधारभूत सीप भनिन्छ भने लिखित रूपसँग सम्बन्धित सीपलाई गौण सीप भनिन्छ । यसरी हेर्दा भाषा आदानात्मक र प्रदानात्मक दुवै किसिमको हुने प्रष्ट हुन्छ । भाषाका उक्त चारवटा सीपमध्ये सुनाइ र पढाइ आदानात्मक तथा बोलाइ र लेखाइ प्रदानात्मक सीपहरू जहिले पनि एक अर्कासँग अर्न्तसम्बन्धित हुन्छन् ।

प्रत्येक व्यक्तिलाई सभ्य, सुसंस्कृत र क्रियाशील बनाउने काम शिक्षाले गर्दछ । प्रतिस्पधापूर्ण आधुनिक समाजमा प्रत्येक व्यक्तिलाई स्वावलम्बी, दृढनिश्चयी र साहसी व्यक्तित्वको परिकल्पना उचित शिक्षाबाट मात्र सम्भव छ । हरेक राष्ट्रका शिक्षाका उद्देश्यहरू फरकफरक हुन्छन् । शिक्षाका तिनै उद्देश्यहरू प्राप्तिका लागि एउटा निश्चित शैक्षिक कार्यक्रमको खाका तयार गरिएको हुन्छ । त्यो समग्र शैक्षिक कार्यक्रमलाई नै पाठ्यक्रम भन्ने गरिन्छ । विद्यार्थीहरूलाई

शिक्षण संस्था तथा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान गर्ने मनसायले तयार पारिएको सामाजिक समूहको एउटा ढाँचा नै पाठ्यक्रम हो (ढुङ्गेल र दाहाल, २०६३:४४) । वास्तवमा पठनपाठन योग्य शैक्षिक सामग्रीहरू तथा क्रियाकलापहरूको सुव्यवस्थित रूप नै पाठ्यक्रम हो । पाठ्यक्रमभित्र उद्देश्य, विषयवस्तु । शिक्षण प्रक्रिया र मूल्याङ्कन साधन आदि कितान गरिएको हुन्छ ।

भाषा सिकाइका निम्ति निश्चित कार्यक्रमको आवश्यकता पर्दछ । कार्यक्रमबद्ध रूपमा भाषा सिक्दा प्रभावकारी र चिरस्थायी हुन्छ । तसर्थ कुनै पनि खास कक्षा वा स्तरमा दिइने शब्द ज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचना कौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण निम्ति तयार पारिएको कार्यक्रमको संङ्गठित रूप नै भाषा पाठ्यक्रम हो । भाषा पाठ्यक्रम भाषाका चारैवटा सीपलाई केन्द्रबिन्दुमा राखेर निर्माण गरिन्छ ।

भाषा पाठ्यक्रममा भाषाका उद्देश्य भाषा शिक्षण गर्ने क्रियाकलापक, विषयवस्तु आदिको निर्धारण गरिएको हुन्छ । त्यसमा निर्धारण गरिएका भाषाका उद्देश्य प्राप्तिका लागि कुनै न कुनै साधन अवश्य नै चाहिन्छ । त्यो साधन भनेको नै भाषा पाठ्यपुस्तक हो । भाषा विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने सन्दर्भमा उपयोग गर्न पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य पूरा गर्न तयार पारिएको सामग्रीलाई नै भाषा पाठ्यपुस्तक भनिन्छ (अधिकारी, २०५३:२३) । भाषा पाठ्यपुस्तक भाषिक सीप समावेश गरिएको हुन्छ । यसबाट भाषिक सीप र व्याकरणको आधारभूत सामग्रीहरू समेतको व्यवस्था गरिएको हुन्छ । यसमा भाषा साधन र साध्य दुबै हुन्छ र त्यसलाई सघाउनका लागि मात्र सीपसम्बद्ध विषयवस्तुहरू साधनका रूपमा प्रयोग गरिन्छन् ।

प्रत्येक देशले आफ्नो राष्ट्रभाषालाई शिक्षाको दियोको रूपमा लिएको हुन्छ । भाषाकै आडमा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ र सहायक सामग्री तयार गरिने भएकाले त्यसलाई ग्रहण गर्न र बुझ्नका लागि भाषाको विकास अत्यावश्यक हुन्छ । नेपालको राष्ट्रभाषा नेपाली हो । राष्ट्रभाषाका रूपमा नेपाली भाषा नेपालमा विद्यालय स्तरदेखि विश्वविद्यालयका अनुसन्धान तहसम्म पठनपाठन भइरहेको छ ।

विद्यार्थीहरूमा नेपाली भाषाका चारवटा सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) प्राप्त गराउनका लागि भाषा पाठ्यक्रमको मर्म अनुरूप आवश्यक विषयवस्तु, अभ्यास र व्याकरणिक पक्षहरू समेटेर तयार पारिएको पुस्तक नै नेपाली भाषाको पाठ्यपुस्तक हो । त्यसका माध्यमबाट नेपाली भाषाको शिक्षण गरिन्छ । नेपाली भाषाका सन्दर्भमा नेपाली विषयका पाठ्यपुस्तकहरू नै साधन र साध्य दुबै हुन् । त्यसैले यसलाई भाषिक सीप सिकाउने महत्त्वपूर्ण साधन मानिन्छ ।

भाषा र साहित्य परिपूरक वस्तु हुन् । साहित्यिक कृतिको वस्तुगत अध्ययन विश्लेषणका निम्ति शैलीवैज्ञानिक अध्ययन महत्त्वपूर्ण हुन्छ । आज आएर शैलीविज्ञान भाषाविज्ञानको प्रायोगिक शाखाका रूपमा मात्र होइन एउटा स्वतन्त्र विद्याका रूपमा समेत स्थापित बनेको देखिन्छ । हिजोआज यो भाषाविज्ञान र साहित्यशास्त्रको सङ्गमस्थल र भाषा वैज्ञानिक साहित्यिक समालोचनाका रूपमा प्रतिष्ठापित भइसकेको छ । यसर्थ शैलीवैज्ञानिक अध्ययन भाषाविज्ञानको एउटा शाखा हो भन्ने यसको मुख्य प्रयोग क्षेत्र साहित्य हो ।

शैली शब्द संस्कृतको 'शी' धातुबाट निर्माण भएको 'शील' शब्दबाट बनेको व्युत्पन्न शब्द हो । यसलाई अङ्ग्रेजी भाषामा प्रचलित style शब्दको समानार्थी शब्दका रूपमा चिनिन्छ । style शब्द ल्याटिन भाषाको stilus बाट निर्माण भएको हो (शर्मा, २०५९:२)

शैली वैज्ञानिक समालोचना साहित्यिक कृतिको विश्लेषणका सन्दर्भमा देखापरेको नवीनतम शाखा हो । शैलीविज्ञानको अङ्ग्रेजी रूपमान्तरण stylistics हो । जर्मनीमा उन्नाइसौ शताब्दीको प्रारम्भमा stylistic शब्दको प्रयोग गरियो । फ्रेन्चमा सन् १८७२ देखि stylistique शब्दको प्रयोग गरियो (पन्थी, २०६३:५) ।

भाषा विज्ञानको सहयोग लिएर कुनै पनि साहित्यिक कृतिको शैली वैज्ञानिक अध्ययन गर्नु सिद्धान्त वा समालोचना प्रणालीलाई नै शैली विज्ञान भनिन्छ । कुनै पनि साहित्यिक शैलीको मूल आधार भाषा हो र त्यही भाषा प्रयोगका चमत्कार विशेष, प्रवृति विशेष र छनक विशेषका ढङ्गढाँचा, सौन्दर्य वा कला नै शैली हो ।

यसै भाषिक शैली वा शाब्दिक कला प्रयोगका तौरतरिकाहरूको वैज्ञानिक अध्ययन गर्ने विधालाई नै शैलीविज्ञान भनिन्छ । साहित्य भाषा प्रयोगको विशिष्ट कला भएकाले त्यसैको व्यवस्थित र वैज्ञाानिक अध्ययन गर्ने काम शैलीविज्ञानले गर्छ (पौडेल, २०६९:३४) ।

आजको आधुनिक शैलीविज्ञान भाषा विज्ञानको प्रयोगिक शाखा मात्र नभएर एउटा स्वतन्त्र विधाको रूपमा विकसित भएको छ । भाषाविज्ञान र साहित्यिक शास्त्रीय सङ्गम विन्दुका रूपमा देखिने शैली विज्ञान भाषा वैज्ञानिक साहित्य समालोचना प्रणालीका रूपमा प्रतिष्ठित भएको छ । शैलीलाई चयन विचलन, संयोजन, वितरण, भाषा, अर्थ र कौशलका रूपमा विश्लेषकहरूले चर्चा गरेको पाइन्छ ।

पूर्वीय र पाश्चात्य जगतमा शैलीको प्रयोग निक्कै अगाडि देखि गरिएको पाइन्छ तर पूर्वमा भाषाको चर्चा व्यापक भएपनि शैलीको चर्चा सामान्य मात्र देखिन्छ । पश्चिममा भने अरस्तुको पालादेखि शैलीको व्यापक चर्चा भएको पाइन्छ । डायनिसियस, इलियट, लुकास जस्ता विद्धानहरूबाट अगाडि बढ्दै गएको शैलीविज्ञानले सस्युर र उनका शिष्य चार्ल्स बालीको

आगमनपछि आधुनिक युगमा प्रवेश गरेको देखिन्छ । भाषाविज्ञान र साहित्य शास्त्रको समन्वयबाट विकास भएको शैलीविज्ञानले विज्ञानकै रूपमा पूर्णता भने पायो । शैलीविज्ञानले साहित्यिक कृतिको अध्ययन लिन्छ । सामान्यतः कृतिको भाषिक चयन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिन्छ (भट्टराई, २०६८:१५) ।

यसै आधारमा यस अध्ययनमा रामलाल जोशीको ऐना कथा सङ्ग्रहको पात्रहरूको शैलीवैज्ञानिक अध्ययनलाई यस शोधको विषयवस्तु बनाइएको छ । यसमा पात्र वर्गीकरणको आधार, चरित्रहरूको शैलीवैज्ञानिक अध्ययन, चरित्रहरूको शैलीवैज्ञानिक वर्गीकरण, चरित्र तालिको विश्लेषण र मुख्य तथा सहायक पात्रहरूलाई विश्लेषण गरिएको छ । कथाका पात्रहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरिएको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा विभाग स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको नेपा. ५९८ पाठयांशको प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.२ समस्या कथन

प्रस्तुत शोधपत्रमा रामलाल जोशीको ऐना कथा सङ्ग्रहको पात्रहरूका विश्लेषण गरिएको छ । यस कार्यका लागि निम्न अनुसारका प्रश्नहरूलाई समस्याका रूपमा राखिएको छ :

क. रामलाल जोशीको साहित्यिक व्यक्तित्व के कस्तो छ ?

ख. पात्रका आधारमा ऐना कथा सङ्ग्रह के कस्तो छ ?

## १.३ अध्ययनको औचित्य

साहित्यका विभिन्न विद्याहरूको अध्ययनबाट एकातिर स्रष्टाको प्रतिभा फस्टाउने अवसर प्राप्त हुन्छ भने अर्कोतिर व्यक्तिमा निहित द्रस्टा व्यक्तित्व समेत प्रस्फुटित हुने सु-अवसर प्राप्त हुन्छ । साहित्यका विभिन्न विद्याहरूको अध्ययनबाट विद्यार्थीहरूले आफ्नो बौद्धिक तथा संवेगात्मक अनुभूतिहरूलाई क्रमशः अभिवृद्धि गर्दै त्यसबाट सामाजिक तथा नैतिक पक्षको विकासमा समेत सकारात्मक टेवा पुग्दछ (अधिकारी, २०५९:१०८) ।

ऐना कथा सङ्ग्रहको पात्रहरूका विश्लेषणले अन्य कृतिहरूका वस्तुपरक, वर्णनात्मक साथै समीक्षात्मक अध्ययन अध्यापन र विश्लेषणमा सहयोग पुग्ने देखिन्छ । प्रस्तुत शोधबाट विशेषगरी शिक्षक तथा विद्यार्थीलाई कथाको पात्रका चरित्र चिण गर्ने कौशल प्राप्त गर्न सहयोग पुग्ने छ । पाठ्यक्रम निर्मातालाई पाठ्यक्रममा के कस्तो कथाको प्रतिनिधित्व गर्ने चरित्र भएको कथा छनोट गर्ने कुरामा सहयोग हुनेछ । चरित्रको अभावमा कथा रचना हुँदैन । कथामा समाज सापेक्ष पात्रको

छनोट गर्न लेखकलाई सहयोग पुग्ने छ । त्यसैले यस् अध्ययनबाट शिक्षक, विद्यार्थी, पाठ्यक्रम निर्माण, लेखक सबैलाई उपयोगी हुन्छ ।

### १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) रामलाल जोशीको साहित्यिक व्यक्तित्वको परिचय दिनु,

ख) ऐना कथा सङ्ग्रहको पात्रहरूको शैली विश्लेषण गर्नु,

### १.५ अध्ययनको परिसीमा

अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउन सम्बन्धित विषयका निर्दिष्ट पक्षहरूको अध्ययन गर्ने भनी गरिने किटानी व्यवस्था नै परिसीमा भएकाले प्रस्तुत शोधकार्यका परिसीमा निम्नानुसार रहेका छन् -

क) रामलाल जोशीको परिचय र साहित्यक व्यक्तित्वमा सीमित रहेको छ ।

ख) ऐना कथा सङ्ग्रहको पात्रहरूका विश्लेषणमा मात्र सीमित रहेको छ ।

## अध्याय-दुई

## पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षा

नेपाली भाषा शिक्षणसँग सम्बन्धित अनुसन्धान धेरैपछि मात्र सुरू भएको हो । वि.सं. २०४१ देखि त्रि.वि. शिक्षाशात्र सङ्कायअन्तर्गत शिक्षा स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ भएपछि नेपाली भाषा शिक्षणसँग सम्बन्धित औपचारिक अनुसन्धानको प्रारम्भ भएको हो । यसरी भाषा शिक्षण सम्बन्धी अनुसनधान कार्य गुणात्मक तथा सङ्ख्यात्मक दृष्टिले समेत तीव्र गतिमा विकास भइरहेको पाउन सकिन्छ ।

शैलीविज्ञानसँग सम्बन्धित अध्ययन शिक्षा र मानविकी तथा शिक्षा दुवैतिर हुने गरेको देखिन्छ । अहिले सम्म उपन्यास, कथा, खण्डकाव्य, गीतिनाटक, नाटकका क्षेत्रमा शैलीवैज्ञानिक अध्ययन अनुसन्धान भएको पाइन्छ । यसमध्ये पछिल्ला र महत्त्वपूर्ण केही अध्ययनहरूलाई यहाँ पूर्वकार्यका रूपमा प्रस्तुत गरिएको छ ।

वि.सं. २०५९ मा कृष्णचन्द्र सापकोटाले नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट **माइतघर उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको देखिन्छ । उक्त अनुसन्धानमा सापकोटाले शब्दचयन र वाक्य चयन प्रभावकारी देखिएको, उखान-टुक्का र थेगोको नगण्य प्रयोग भएको, निपात, अनुकरणात्मक शब्द, बिम्ब, प्रतीक, अलङ्कार र चिन्हहरुको समुचित प्रयोग भएको, कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रक्रियात्मक विचलन र अर्थतात्विक विचलन सार्थक रुपमा प्रयोग भएको, आन्तरिक तथा बाह्य समानान्तरताको उचित प्रयोगले प्रस्तुत उपन्यासको भाषिक पक्ष सुन्दर, कलात्मक र प्रभावकारी भएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

वि.सं. २०६३ मा कविता पन्थीले नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट **बसाईं उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको पाइन्छ । उक्त अनुसन्धानमा पन्थीको उपन्यास पात्रहरुको व्यवस्थित र उपयुक्त उपस्थितिको कथानकीय संरचना मूर्त बनेको र तत्सम्, तद्भव तथा आगन्तुक शब्दको समुचित प्रयोग, विचलनयुक्त भाषिक प्रयोग, अग्रभूमिनिर्माणको सफल प्रयोग गरिएको निष्कर्ष निकालेका छन् ।

वि.सं. २०६६ मा पदमप्रसाद बिमलीले नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पसबाट **समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको देखिन्छ । उक्त अनुसन्धानमा बिमलीले समानान्तर आकाश उपन्यासको कथानक,

चरित्र र भाषामा केन्द्रित रही शैलीवैज्ञानिक अनुसन्धान गरेको देखिन्छ । उक्त अनुसन्धानमा महिलाले यथास्थितिको विरोध गर्न सक्नुपर्ने, महिला र पुरुषबीचको भेदभाव हटेर लैङ्गिक समानता कायम हुनुपर्ने, नारी अस्मिताको रक्षा हुनुपर्ने कुरालाई उपन्यासको मुख्य विषयवस्तु बनाएको देखाइएको छ । उपन्यासमा स्त्री र पुरुष पात्र बराबर रहेपनि मुक्त र नेपथ्य पात्रको न्युनता रहेको बिमलीको विश्लेषण छ । तत्सम्, तद्भव, आगन्तुक र झर्रा शब्दहरुको समुचित प्रयोग भएको, वाक्य प्रयोगका सन्दर्भमा सरल वाक्य, जटिल वाक्य, एकशब्दे क्रियाविहीन वाक्य, अङ्ग्रेजी तथा हिन्दी वाक्यको समेत प्रयोग भएको र उखान-टुक्का एवम् लोकोक्ति आदिका कारण उपन्यासको भाषा अझ प्रभावकारी बनेको निष्कर्ष पाइन्छ ।

वि.सं. २०६७ मा तीर्थराज भट्टराईले नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पसबाट **प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको पाइन्छ । उक्त अनुसन्धानमा भट्टराईले कथानक, चरित्र, चयन, विचलन र समानान्तरतामा केन्द्रित रही विश्लेषण गरेको पाइन्छ । भट्टराईको उक्त अनुसन्धानले प्रस्तुत उपन्यासको कथानक वृत्ताकारीय ढाँचामा रहेको, समाजमा विद्यमान शोषण, दमन र भेदभावको विरोध गर्दै सामाजिक हितको पक्षमा वकालत गरेको, उपन्यासमा मञ्चीय, स्थिर, वर्गीय, प्रतिकूल, सहायक र पुरुष पात्रहरुको बाहुल्यता तथा गौण, मुक्त र नेपथ्य पात्रको उपस्थिति न्यून भएको, भाषिक प्रयोगका दृष्टिलेसमेत उपयुक्त र प्रभावकारी भएको, कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक र आर्थी विचलनयुक्त कलात्मक भाषाको प्रयोग भएको तथा आन्तरिक र बाह्य्य समानान्तरताका कारण उपन्यासको भाषा जीवन्त, सार्थक र प्रभावकारी भएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

वि.सं. २०७२ मा ऋषिराज रेग्मीले नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पसबाट **विभाजित समय उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको अनुसन्धान सम्पन्न गरेको पाइन्छ । उक्त अनुसन्धानमा रेग्मीले कथानक, चरित्र, विचलन र समानान्तरतामा केन्द्रित रही विश्लेषण गरेको पाइन्छ । वृत्तकारीय ढाँचा, चरित्रप्रधान, उपयुक्त विचलनको प्रयोग, आन्तरिक र बाह्य्य समानान्तरताका कारण उपन्यास मिठासयुक्त र प्रभावकारी हुनुकासाथै उपयुक्त रहेको विश्लेषण गरिएको छ ।

शैलीविज्ञानको साहित्यिक कृतिको अध्ययन नवीन प्रक्रिया र शैलीमा गर्दछ । यस पद्धतिमार्फत् कुनैपनि कृतिको कथानक, चरित्र, चयन, विचलन र समानान्तरताको स्थिति पत्ता लगाउन  सकिन्छ । कथाकार रामलाल जोशीको २०७२ सालमा मदनपुरस्कार प्राप्त ऐना कथा सङ्ग्रहको पात्रहरुका शैलीवैज्ञानिक अध्ययन कुनैपनि अनुसन्धानात्मकर्ताबाट हालसम्म भएको पाइँदैन । अत : यो शोधकार्य नै यस दिशाको प्राथमिक प्रयत्नका रुपमा रहेको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

माथि प्रस्तुत गरिएका पूर्वकार्यहरु आख्यानको शैली विश्लेषणसँग सम्बन्धित छन् । ती पूर्वकार्यहरुको अध्ययनले यस अध्ययनलाई महत्वपूर्ण सहयोग पुऱ्याएको छ । यस अध्ययनलाई तथ्यपूर्ण, प्रभावकारी, व्यवस्थित, उपयोगी र विश्वसनीय बनाउन पनि पूर्वकार्यको अध्ययनले ठूलो टेवा पुऱ्याएको छ । ती शोधकार्यहरु 'ऐना' कथा सङ्ग्रहमा सङ्ग्रहित कथाका पात्रहरुको शैली वैज्ञानिक अध्ययन गर्न अत्यन्तै उपयोगी साबित भएका छन् । पुनरवोलकन गरिएका आख्यान भन्दा प्रस्तुत शोधकार्य फरक अर्थात कहींकसैबाट शोधकार्य सम्पन्न नगरिएको 'ऐना' कथा सङ्ग्रहको पात्रहरुको शैली वैज्ञानिक अध्ययनमा केन्द्रित हुने हुँदा कथानक पात्र, परिवेश लगायत दृष्टिकोणबाट यो शोधकार्य पृथक रहेको छ । प्रस्तुत शोधकार्य अन्य नयाँ आख्यानको शोधकार्य गर्न चाहने जोकसैका लागि उपयोगी तथा मार्ग दर्शक बन्न सक्नेछ ।

माथि उल्लेख गरिएका पूर्व कार्यहरुको अध्ययनले पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण क्षेत्रका साथै शिक्षण सिकाइका क्षेत्रमा कार्यान्वयन गर्न सकिन्छ ।

## २.३ सैद्धान्तिक/धारणात्मक संरचना

प्रस्तुत शोधकार्य मोहनराज शर्माको शैलीविज्ञानमा प्रस्तुत सिद्धान्तमा आधरित भई निष्कर्ष निकालिएको हो ।

### २.३.१ शैलीको परिचय

"शैली" शब्द संस्कृतको "शील" शब्दबाट निर्मित भएको हो । यसलाई "शील" धातुबाट व्युत्पन्न भएको मानिएको छ । "शी" धातुमा 'लक' प्रत्यय जोडिएर निर्माण भएको शैली, शब्दको प्रयोग निकै अगाडिदेखि भएको पाइन्छ । 'माध्यन्दिनी संहिता' मा यसको प्रयोग 'अञ्जनविधाका देवता' का अर्थमा 'प्रदीपतीका' मा यसको 'स्वभाव' का अर्थमा र 'धातुपाठ' मा यसको प्रयोग 'एकाग्र हुनु' र 'अभ्यास हुनु' भन्ने अर्थमा भएको पाइन्छ (शर्मा, २०५९:२) ।

अङ्ग्रेजी भाषाको Style शब्दको नेपाली रूप नै शैली हो । ल्याटिन भाषाको Stilus को प्रयोग ल्याटिन भाषामा सबैभन्दा पहिलो पटक मैनामाथि लेख्न बनाइएको हाड वा धातुको कलम भन्ने अर्थमा गरिएको पाइन्छ । यसले शैली, ढाँचा, तरिका वा परिपाटी भन्नु अर्थ प्रकट गरेको देखिन्छ (शर्मा, २०५९: २) । शैलीलाई सामान्य र विशिष्ट गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ ।

### २.३.२ सामान्य शैली

सरल प्रकृतिको भाषिक प्रयोग भएको तथा वस्तुपरकता र अथार्थ तथ्यहरूको अधिक्यता रहने शैली सामान्य शैली हो । यो साधारण जानकारी र सूचना सम्प्रेषण गर्ने प्रकृतिको हुन्छ । अर्थगत दृष्टिमा पनि यो सरल प्रकारको हुन्छ ।

### २.३.३ विशिष्ट शैली

सामान्य शैली भन्दा भिन्न प्रकृतिको विशिष्ट भाषिक प्रयोग भएको शैलीलाई विशिष्ट शैली भनिन्छ । यो भाषिक प्रयोगका दृष्टिले जटिल प्रकृतिको हुन्छ । वस्तुपरकतामा भन्दा भावनात्मकतामा केन्द्रिक हुनु र साहित्यिकता वा आलाङ्कारिकता बढी हुनु यसको मुख्य पहिचान हो ।

शैलीमा सन्दर्भमा विश्लेषकहरूका बिच विभिन्न मतमतान्तर रहेका छन् । पूर्वीय साहित्यशास्त्रमा वर्णित वा प्रचलित र पाश्चात्य शैलीशास्त्रद्वारा निर्देशित शैलीभन्दा भिन्न भाषाविज्ञानको जगमा उभिएको शैली आज स्थापित आधुनिक भाषाविज्ञानको महत्त्वपूर्ण भूमिका रहेको देखित्न्छ । आधुनिक भाषाविज्ञानको अभ्युदय भएपछि नै साहित्यलाई भाषिक दृष्टिकोणबाट अध्ययन विश्लेषण गर्ने परम्पराको थालनी भएको पाइन्छ । यही परम्पराबाट नै आधुनिक शैलीको विकास भएको हो । शैलीसँग सम्बन्धित विभिन्न विद्वानहरूका धारणाहरू यस प्रकार देखिन्छन् ।

१. अर्किबाल्ट ए. हिलका अनुसार शैली समान एकाइहरूका माझबाट गरिने चयन हो, जो भाषाद्वारा उपलब्ध गराइन्छ (शर्मा, २०५९:२६) ।

२. अर्नर विन्टरका अनुसार शैली सामाजिक भाषिकाको विशिष्ट प्रकार हो -शर्मा, २०५९:२८) ।

३. रेमन्ड च्यापमेनका अनुसार शैली भाषाको वैविध्य हो । (ऐजन)

४. एल.टी मिलिकका अनुसार शैली भाषिक साधनहरूको त्यस्तो वेक्तिक चयन हो । जसलाई सम्पूर्ण वैयक्तित्व भिन्नताहरूको संयोजनद्वारा बलपूर्वक उपस्थित गरिन्छ (शर्मा, २०५६:२८)

५. टी तोदोरोभका अनुसार शैली मानकको अतिक्रमण र उल्लङ्घन हो । (ऐजन)

६. जेलिस ह्यारिसका अनुसार शैली वितरणको कुञ्जी हो (शर्मा, २०५९: २८)

७. भी. को भालोभका अनुसार शैली कथ्य र रूप दुवै हो । (ऐजन)

८. त्रमिखाइल रिफानियरका अनुसार शैलीलाई कृतिको भाषिक संरचनाद्वारा सम्प्रेपित सूचनाको अभिव्यञ्जन्यत्मक प्रभावपूर्ण र सौन्दर्यमूलक अर्थचापका रूपमा हेरिन्छ (शर्मा, २०५९: २९)

९. नेपाली बृहत शब्दकोशका अनुसार विशेष किसिमले कुनै काम गर्न प्रणाली वा पद्वति, काम गराइको ढाँचा, परिपाटी र छाँटछन्द नै शैली हो । (पोखरेल, २०५८:११९६) ।

१०. रेने बेलेकका अनुसार शैलीले वक्ताको अभिवृत्ति बुझाउने सबै कौशललाई र वाक्य संरचना स्पष्टता एवम् चाप समेतलाई सुरक्षित राख्ने सबै कौशतहरूलाई स्वयममा समाविष्ट गर्छ (शर्मा, ऐजन ) ।

११. शैली भनेको ढङ्ग हो । हिँडाइको ढङ्ग बसाइको ढङ्ग जस्तै बोलाइको पनि आफ्नो-आफ्नो ढङ्ग हुन्छ । शैलीलाई तरिका वा रीति पनि भनिन्छ । यसरी शैली कुनै पनि विषयलाई प्रस्तुत गर्नै तौरतरिका हो । यसरी शैलीको भाषामा अभिव्यक्तिका विविध ढङ्गलाई जनाएको हुन्छ (अधिकारी, २०६२:१६१) ।

१२. रचनाकारको त्यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र मानवकका दृष्टिबाट विचलन पनि हुन्छ (शर्मा, २०५९:३०) ।

यसरी विभिन्न समयमा विभिन्न विद्ववानहरूले अभिव्यक्ति गरेको शैली सम्बन्धी अवधारणाहरूको विश्लेषण गर्दा के निस्कर्ष निकाल्न सकिन्छ भने शैली साहित्यिक सन्दर्भमा कलात्मक रूपमा अभिव्यक्त भाषा र सामाजिक भाषिकामा रहेको विशिष्ट प्रकार हो । स्रस्टा वा वक्ताले यसको चयन र संयोजन विषय, व्यक्ति, प्रयोजन र परिवेशअनुसार गर्दछ । यसको प्रयोग कथ्य र लेख्य दुवै भाषामा हुन सक्दछ । तसर्थ सर्जकले अपनाउने भाषिक चयन, विचलन, संयोजन, वितरण र कौशलको समग्रता नै शैली हो ।

### २.४.४ शैलीविज्ञानको परिचय

उन्नाइसौं शताब्दीको प्रारम्भमा Stilistik शब्दको प्रयोग जर्मनीमा भएको देखिन्छ भने फ्रान्सेली भाषामा सन् १८७२ देखि Stylistique शब्द र अङ्ग्रेजीमा सन् १८८२ देखि Stylistic शब्दको प्रयोग भएको देखिन्छ । यही अङ्ग्रेजीको Stylistics को नेपाली रूपान्तरण नै शैलीविज्ञान हो (पन्थी, २०६३:५) ।

शैलीविज्ञान भाषाविज्ञानको एउटा मुख्य शाखाको रूपमा स्थापित भएको पाइन्छ । यो भाषाको प्रयोग पक्षसँग सम्बन्धित छ । यसले भाषाको विशिष्ट प्रयोगका साथै सुक्ष्म र जटिल प्रयोगको अध्ययन गर्दछ । यसले भाषाको लिखित तथा मौखिक सङ्कथनको भाषावैज्ञानिक

अध्ययन गर्दछ । यसलाई साहित्यिक कृतिको वस्तुपरक र भाषापरक अध्ययन विश्लेषण गर्ने प्रणालीको रूपमा लिएको पाइन्छ ।

शैलीविज्ञानका सन्दर्भमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न विद्वानहरूले व्यक्त गरेको विचारहरू यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ -

१. एच. जी विडोसनका अनुसार शैलीविज्ञानले साहित्यिक सङ्कथनलाई भाषावैज्ञानिक तरिकाले गरिने अध्ययनलाई बुझाउँछ (पन्थी, २०६३:६) ।

२. टर्नरमा अनुसार शैलीविज्ञानले साहित्यिक भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषण गर्नुका साथै विशिष्ट भाषिक प्रयोगहरूको सुक्ष्म र जटिल विवेचना गर्दछ (ऐजन) ।

३. रूकैया हुसनका अनुसार शैलीविज्ञान साहित्यिक भाषाको अध्ययनसँग सम्बद्ध ज्ञानानुशासन हो (ढुङ्गेल र दाहाल, २०६२:१६४) ।

४. चार्ल्स बालिका अनुसार शैलीविज्ञानका पानले ती प्रभावक तत्त्वहरूलाई जाँच्नुपर्दछ, ती सम्भावनाहरूको अध्ययन गर्नु पर्दछ । जसद्वारा भाषाले त्यसको र त्यससँग पारस्परिक सम्बन्धको अध्ययन गर्दछ र ती सम्पूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्दछ (विमली, २०६६:८) ।

५. रेने वेलकका अनुसार शैलीविज्ञान सबै प्रकारका भाषिक ज्ञापनहरूमा शैलीको अध्ययन र कल्पनात्मक साहित्यिक कृतिहरूमा शैलीको अध्ययन गर्दछ (ऐजन) ।

६. इन्साइक्लोपेडिया डिक्सनरी अफ लिङ्ग्विस्टिकका अनुसार शैलीविज्ञान एउटा सामान्य पद हो, जस अन्तर्गत कुनै व्यक्ति वा सामाजिक समूहले कुन आधारमा भाषा सम्बन्धी छनोट गर्दछ । ती कारकहरूको अध्ययन गर्दछ (ऐजन) ।

७. मोहनराज शर्माका अनुसार शैलीविज्ञानले भाषाविज्ञानको उपलब्ध प्रविधि र उपकरणका आधार कृतिविश्लेषणकोस प्रारूप प्रदान गर्दछ (शर्मा, २०५९:३३) ।

उल्लिखित विदवानहरूका अभिव्यक्तिहरूलाई मन्थन गर्दा शैलिविज्ञानका सन्दर्भमा के भन्न सकिन्छ भन्ने कुनै पनि लिखित वा मौखिक अभिव्यक्तिको भाषावैज्ञानिक पद्धतिबाट गरिने विशिष्ट र सुक्ष्म अध्ययन विश्लेषण नै शैलीविज्ञान हो । यसले भाषाविज्ञानको सहयोगमा साहित्यको शैलीविज्ञान हो । यसले भाषाविज्ञानको सहयोगमा साहित्यको शैलीपरक अध्ययन गर्दछ । कृति विश्लेषण र शाब्दिक संरचनालाई केन्द्रविन्दुमा राखेर अध्ययन गर्नु यसको विशेषता हो । स्रस्टाले छनोट गर्ने क्रममा कुनै खास अभिव्यक्ति नै किन छनोट गरेको हुन्छ भन्ने कुराको अनुसन्धान गरिन्छ । साहित्यिक कृतिको भाषिक सौन्दर्यको वास्तविक मूल्याङ्कन गर्ने यो सिद्धान्त साहित्य

समीक्षाको नवीनतम, वस्तुनिष्ठ, वैज्ञानिक र भाषापरक सिद्धान्त हो । यसले साहित्यिक कृतिको भाषिक स्वरूपको वास्तविकता ऐनाले झैँ छर्लङ्ग पारेर देखाउँछ ।

## २.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

भाषाविज्ञान र काव्यशास्त्रको समन्वयबाट निर्मित विज्ञान नै शैलीविज्ञान हो । तसर्थ यसमा काव्यकृतिमा अन्तर्निहित सौन्दर्य पक्षको र साहित्यिक कृतिका भाषिक पक्षको पनि अध्ययन गरिन्छ । सैद्धान्तिक रूपमा शैलीविज्ञानको सम्बन्ध साहित्यशास्त्रसँग छ तथापि यसको मूल प्रकृति भाषावैज्ञानिक छ । शैलीविज्ञानले साहित्यिकलाई भाषिक कलाको रूपमा लिँदै अभिव्यक्तिलाई साहित्यिक कृतिको बाह्य (रूप) पक्षको र कथ्यलाई आन्तरिक (सार/अर्थ) पक्षको प्रतीक मान्दछ । साहित्यिक कृति अभिव्यक्ति र कथ्यको समग्रयोग भएकाले शैलीविज्ञानले अभिव्यक्ति अवयकको बाटो भएर कथा अङ्गमा प्रवेश गरी कृतिका संरचनाको विश्लेषण गर्नुका साथै त्यसभित्रको सौन्दर्यको उद्घाटन गराउँदछ ; बोध गराउँदछ र रचना प्रतिफलित हुने प्रयोजनलाई समेत सिद्ध गर्ने प्रयत्न गर्दछ (शर्मा, २०५९:५) ।

शैलीविज्ञानले साहित्यिक कृति कसरी मूर्तबाट अमूर्त आकारमा प्रवेश गर्दछ भन्ने कुरा पहिल्याउँछ । कृष्तिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट अमूर्त आकार प्राप्त गर्ने र प्राप्त अमूर्त आधारको मूर्त आकारसँग कसरी तालमेल गराउने भन्ने कुरा शैलीविज्ञानले बताउँछ (ऐजन) ।

यसको पुष्टिका लागि शर्माद्वारा प्रयोग गरिएको तालिकालाई हेर्न सकिन्छ ।

तालिका नं.-१




(स्रोत: शर्मा, २०४८:७)

उक्त तालिकाका आधारमा शैलीविज्ञान साहित्यलाई हेर्न एउटा नयाँ दृष्टिकोण हो, जसले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्दतले साहित्यिक रचनाहरूमा रहेको शैलीको विश्लेषण गर्दछ भन्ने कुरा स्पष्ट हुन आउँछ ।


### २.५ कृतिविश्लेषण सम्बन्धी शैलीवैज्ञानिक आधार

शैलीविज्ञानको सैद्धान्तिक तथा प्रविधिमा ढाँचाका आधारमा कुनै पनि साहित्यिक कृतिको व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ अध्ययन गर्न सकिन्छ । विश्लेषकले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, वैज्ञानिक आधारहरू, सम्बन्धित कृति, भाषाविज्ञानको प्रकृति र सम्बन्धित भाषाको व्याकरणका बारेमा जानकारी प्राप्त गरेको हुनुपर्दछ ।

साहित्य सिर्जना गद्य र पद्य दुई माध्यमबाट तयार गरिएको हुन्छ । गद्य साहित्यको विश्लेषणका लागि कथानका चरित्र वातावरण, संवाद उद्देश्य आदिलाई महत्त्व दिनुपर्दछ भने पद्य साहित्यको विश्लेषणका सन्दर्भमा यी लगायत संरचना भावगत स्वरूप, ढाँचागत विश्लेषण तथा बिम्ब-प्रतीक आदिलाई समेत महत्त्व दिनुपर्दछ ।

माथि उल्लेख गरिएका शैलीविज्ञानका अवधारणा तथा सैद्धान्तिक आधारहरूका अधीनमा रही प्रस्तुत शोधकार्य निम्न संरचनागत क्षेत्रभित्र सम्पन्न गरिएको छ ।

तालिका नं.-२




(स्रोत : शर्मा, २०५९:६)

#### २.५.१ साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आफ्नो निश्चित संरचना हुन्छ । अङ्ग-प्रत्यङ्ग, घटक-उपघटक आदिको संयोजन नै कुनै पनि वस्तुको संरचना हो । सिङ्गो साहित्यिक संरचनामा विभिन्न घटक-उपघटकहरूको क्रमश्रेणी रहेको हुन्छ । खास गरी साहित्यिक संरचनाभित्र 'बनोट' र 'बुनोट' गरी दुई तह रहेका हुन्छन् ।

#### २.५.१.१ बनोट

साहित्य संरचनामा रहेका स-सना घटकहरूको समष्टिरूप बनोट हो । बनोटको तहमा कृतिका बाह्य घटकहरू रहन्छन् । कृतिको बाह्य आधार अर्थात् कृतिमा समावेश हुने अङ्क, दृश्य, संवाद, भाग, परिच्छेद, सर्ग, पङ्क्ति अनुच्छेद आदि लघुघटकहरूको समष्टिगत रूप नै बनोट हो । शैलीविज्ञानले यिनै लघुघटकहरूको अध्ययन गरेर साहित्यिक कृतिको मूर्त रूप पहिल्याउँछ ।

#### २.५.१.२ बुनोट

साहित्यिक कृतिको आन्तरिक तहमा संरचित स्वरूपको समष्टिगत रूप नै बुनोट हो । बनोटका पर्याधारमा पाइने लघुघटकहरूको आफ्नो कार्य र एउटा घटकको अर्को घटकसँगको सम्बन्ध पनि हो (शर्मा, २०४८९:९) । कृतिमा पाइने अलङ्कार योजना, प्रतीक व्यवस्था, बिम्बविधान, चरित्रकथन, घटना संयोजन आदिको विश्लेषण गरेर शैलीविज्ञानले बुनोटको विवेचना गर्दछ ।

### २.५.२ भाषा संरचना

भाषा साहित्यिक कृतिको माध्यम वा आधार सामग्री हो । त्यसैले भाषाको अभावमा साहित्यिक कृतिको रचना सम्भव नै छैन । भाषाको आफ्नै किसिमको संरचना हुन्छ । भाषामा निश्चित एकाइगत श्रेणीहरू रहेका हुन्छन् । त्यसैले स-साना एकाइहरूको संयोजनबाट माथिल्ला एकाइहरूको निर्माण हुन्छ । भाषिक संरचनाभित्र व्याकरण व्यवस्थासम्म पुग्न ध्वनि व्यवस्थादेखि क्रमशः वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य हुँदै सङ्कथनसम्म जानुपर्दछ ।

#### २.५.२.१ व्याकरण व्यवस्था

भाषा प्रयोगको व्यवस्थित र नियमबद्ध अवस्था व्याकरण हो । यस अन्तर्गत रूपप्रक्रिया र वाक्यविज्ञान पर्दछन् । शैलीविश्लेषण गर्न भाषाको स्वरूपको साथै वाक्यगत संरचनाको पनि विश्लेषण गर्ने गरिन्छ ।

#### २.४.२.२ शब्द व्यवस्था

व्याकरणिक व्यवस्था भन्दा तल्लो भाषिक तह शब्दव्यवस्था हो । यसअन्तर्गत रूपप्रक्रिया र वाक्यविज्ञान पर्दछन् । शैलीविश्लेषण गर्न भाषाको स्वरूपको साथै वाक्यगत संरचनाको पनि विश्लेषण गरिन्छ ।

#### २.५.२.३ ध्वनि व्यावस्था

ध्वनिव्यवस्था भन्नाले भाषाको न्युनतममा एकाइ हो । यस् व्यवस्थाअन्तर्गत भाषाका खण्डीय र खण्डेतर ध्वनिको व्यवस्था हुन्छ । खण्डीय ध्वनिअन्तर्गत भाषाका स्वर र व्यञ्जन ध्वनि पर्दछन् । खण्डेत्तर ध्वनिअन्तर्गत अनुनासिकता लय, आघात, तान आदि पर्दछन् र भाषिक व्यवस्थाको आधारभूत तह भएकाले यसलाई महत्त्वपूर्ण तहका रूपमा लिइन्छ ।

### २.५.३ शैली

भाषा संरचनाको क्रमबद्ध व्यवस्था रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्दछ । यसरी रूपान्तरित हुने प्रक्रिया विशिष्ट र अमूर्त प्रकृतिको हुन्छ । शैलीले एकातिर भाषिक सामग्रीलाई सूक्ष्म रूपमा केलाउँछ भने अर्कातिर कृतिगत सम्बन्धलाई पनि नियाल्ने गर्दछ । अर्थात् शैलीको सम्बन्ध भाषारूपी कच्चा पदार्थ र कृतिरूपी तयारी वस्तु दुवैसँग हुन्छ । शैलीविज्ञानले मूल रूपमा निम्न पक्षलाई विश्लेषणको आधार बनाएको देखिन्छ ।

#### २.५.३.१ चयन

शब्दादि भाषिक एकाइको सुविचारित छनोट नै चयन हो । स्रस्ता वा वक्ताले उपलब्ध भएका विभिन्न विकल्पहरूमध्ये कुनै एकको छनोट गर्दछ । यही छनोट गरिने कार्य चयन हो । कृतिगत शैलीको पहिचान गरेर त्यसैका आधारमा कृतिको मूल्याङ्कन गर्न चयनले सहयोग पुऱ्याउँछ । शब्दगत, वाक्यगत व्याकरणिक तथा बिम्ब-प्रतीकगत, स्रोतगत शब्दचयन, उखान-टुक्काको चयन, पारिभाषिक तथा पर्यायवाची शब्दको चयन, भाषाको चयन, रूपान्तरणात्मक चयन, चिन्ह, प्रयोगगत चयन आदि यसका प्रकारहरू रहेको देखिन्छ ।

#### २.५.३.२ अग्रभूमिनिर्माण

अधिक प्रयोग प्रचलनले गर्दा रूढ र यान्त्रिक हुन लागेको प्रयोगलाई टुटाएर विशिष्तता र नवीनता उत्पन्न गर्नका लागि रचनाको कुनै भाषालाई विशेष महत्त्व प्रदान गर्न अग्रभूमिनिर्माण हो । कृति विश्लेषणका लागि शैलीविज्ञानका क्षेत्रमा अग्रभूमिनिर्माण सम्बन्धी धारणाको प्रवर्तन सन् १९२० मा जे. मुकारोभ्स्कीले गरेका हुन् । रचनाको कुनै भागलाई विशिष्ट तुल्याउन त्यो भागमा विशेष बल दिनु अग्रभूमिनिर्माण हो (शर्मा, २०५९:१८) । यसका माध्यमले भाषिक अभिव्यक्ति सार्थक, सौन्दर्यपूर्ण, आकर्षक र आलङ्कारिक बन्छ । आकर्षक भाषिक प्रयोगका कारण साहित्यिक रचनाले पाठकबीच लोकप्रियता आर्जन गर्दछ । साहित्यिक कृतिमा अग्रभूमिनिर्माण भनेको अभिव्यक्ति-माध्यमका कुनै पक्षलाई भङ्गिमाको वक्रताद्वारा तिख्याउनु वा उद्याउनु हो (शर्मा, २०५९:२१) । सामान्यतः यसका दुई प्रविधि रहेका छन् : समानान्तरता र विचलन ।

##### २.५.३.२.१ सामानान्तरता

भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्तिलाई सामानान्तरता भनिन्छ । वर्ण, छन्द, अलङ्कार, अक्षर, वाक्य, उपवाक्य आदि भाषिक एकाइमा समानान्तरताको उपस्थिति रहने गर्दछ । समानान्तरताले समान तत्त्वहरूको पुनरावृत्तिलाई जनाउँछ (अधिकारी, २०६३:२७३) । भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन, (शर्मा, २०४८:१०) ।

समानान्तरताले भाषिक प्रयोगलाई नियमितता सिर्जना गरेर आकर्षण बढाउँछ । बाह्य समानान्तरता शाब्दिक तहमा र आन्तरिक  समानान्तरता आर्थी तहमा रहन्छ ।

### २.५.३.१.२ विचलन

विचलनको प्रयोगबाट कृतिकारले कुनै स्थापित भएका वा रूढ भएका मूल्य मान्यतालाई अतिक्रमण गरी आफ्नो साध्य विषयवस्तुलाई प्रस्तुत गर्ने गर्दछ । सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ (अधिकारी, २०६२:२७५) । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९:८) । विचलन साहित्यिक कृतिमा सोद्देश्य र सार्थक हुन्छ अर्थात् खास साहित्यिक विशिष्टता सृजना गर्नु यसको प्रयोजन हुन्छ । तसर्थ निरूद्देश्य विचलनलाई यसमा विचलित भइरहेको हुन्छ । सामान्यतः भाषिक विचलन कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्यप्रक्रियात्मक, अर्थतात्विक, भाषिक र प्रयुक्ति विचलन जस्ता माध्यमबाट उत्पन्न भएको देखिन्छ ।

### २.५.३.२.३ विविधता

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखापर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ । साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छ । शैलीविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्छ (शर्मा, २०५९:८) ।

कुनै कृतिमा विषय र प्रसङ्ग अनुसार फरक-फरक भाषाको प्रयोग हुन्छ भने त्यस्ता विषयमा नवीनताआई भिन्नता पाइन्छ, त्यसैले वैयक्तिक भिन्नता र विषयगत भिन्नता देखिने भाषिक भेदलाई नै विविधता भनिन्छ । कृतिको परिवेश र प्रभाव क्षेत्रलाई दृष्टिगत गरी रचनाकारले प्रभावकारी र आकर्षक बनाउन विभिन्न प्रकारका उपकरणहरूको प्रयोग गर्दछ । तसर्थ शैलीविज्ञानले कृतिको विश्लेषणमा विविधताको विश्लेषण गर्ने गर्दछ ।

## २.६ सारांश

शैली शब्द संस्कृतिको 'शी' धातुबाट निर्माण भएको 'शील' शब्दबाट बनेको दिव्युत्पन्न शब्द हो । यसलाई अङ्ग्रेजी भाषामा प्रचलित Style शब्दको समानार्थी शब्दका रूपमा चिनिन्छ । Style शब्द ल्याटिन भाषाको Stilus बाट निर्माण भएको हो ।

शैलीवैज्ञानिक समालोचना साहित्यिक कृतिको विश्लेषणका सन्दर्भमा देखा परेको नवीनतम् शाखा हो । शैलीविज्ञानको अङ्ग्रेजी रूपान्तरण, Stylistics हो । जर्मनमा उन्नाइसौं शताब्दीको प्रारम्भमा Stilistics शब्दको प्रयोग गरियो । फ्रेन्चमा सन् १८७२ देखि Stylistique शब्दको प्रयोग गरियो । सन् १८८२ देखि अङ्ग्रेजीमा Stylistic शब्दको प्रयोग गरियो ।

सामान्य अर्थमा शैलीको अध्ययन गर्ने विज्ञानलाई शैलीविज्ञान भनिन्छ भने विशिष्ट अर्थमा भाषाका माध्यामबाट गरिने वस्तुनिष्ठ आलोचनालाई शैलीविज्ञान भनिन्छ । शैलीविज्ञानले भाषाविज्ञानको सहयोग लिएर साहित्यिक कृतिको वस्तुनिष्ठ । वैज्ञानिक र भाषापरक अध्ययन

गर्दछ । साहित्यिक कृतिको भाषिक र कलात्मक सौन्दर्यको यथार्थ मूल्याङ्कलन गर्ने शैलीविज्ञानले भाषारूपी कच्चापदार्थ र कृतिरूपी तयारी वस्तु दुवैको अध्ययनलाई केन्द्रविन्दु बनाउँछ ।

शैलीविज्ञान भाषाविज्ञानको एउटा शाखाका रूपमा विकसित भएपनि वर्तमान समयमा यसलाई स्वतन्त्र विधाका रूपमा चिन्न थालिएको देखिन्छ । शैलीलाई चयन विचलन, संयोजन, वितरण, भाषा, अर्थ र कौशलका रूपमा विश्लेषकहरूले चर्चा गरेको पाइन्छ ।

पूर्वीय र पाश्चात्य जगतमा शैलीको प्रयोग निकै अगाडिदेखि गरिएको पाइन्छ तर पूर्वमा भाषाको चर्चा व्यापक भएपनि शैलीको चर्चा सामान्य मात्र देखिन्छ । पश्चिममा भने अरस्तुकै पालादेखि शैलीको व्यापक चर्चा भएको पाइन्छ । डायोनिसियस, इलियट, लुकास जस्ता विद्धानबाट अगाडि बढ्दै गएको शैलीविज्ञानले सस्युर र उनका शिष्य चार्ल्स बालीको आगमनपछि आधुनिक युगमा प्रवेश गरेको देखिन्छ । भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट विकास भएको शैलीविज्ञानले विज्ञानकै रूपमा पूर्णता भने प्रतीकविज्ञानसँग हातेमालो गरेपछि मात्र पायो । शैलीविज्ञानले साहित्यिक कृतिको अध्ययन विश्लेषणका क्रममा विभिन्न उपकरणहरूको सहयोग लिन्छ । सामान्यतः कृतिको भाषिक चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन र विश्लेषण गरिन्छ ।

## अध्याय-तीन

## अध्ययन विधि/प्रक्रिया

### ३.१ अनुसन्धानको ढाँचा र विधि

कुनै पनि अनुसन्धान पूर्ण गर्त वा अनुसन्धान सम्पन्न गरी निष्कर्ष निकाल्न खास किसिमका ढाँचा तथा विधि र तरिकाहरू अपनाउनु पर्ने कुरा सर्वस्वीकार्य नै छ । यसरी अनुसन्धान वा अध्ययन गर्ने तौर तरिकालाई अनुसन्धान ढाँचा वा विधि भनिन्छ ।

यस अध्ययनका लागि पुस्तकालयीय पद्धतिलाई आधार बनाइएको छ । शैली वैज्ञानिक सिद्धान्तको अध्ययन गरी त्यसैका आधारमा 'ऐना' कथा सङ्ग्रहको पात्रहरूको अध्ययन विश्लेषण गरिएको छ । सङ्कलित सामग्री वा तथ्यहरूलाई शैलीवैज्ञानिक पद्धतिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धतिमा आधारित भई गरिएको यस अध्ययनमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरूसँग सल्लाह र सुझाव समेत लिइएको छ ।

### ३.२ जनसङ्ख्या, नमुना छनोट रणनीति

प्रस्तुत अनुसन्धान कार्य रामलाल जोशीद्वारा लिखित तथा बुक-हिल पब्लिकेशनद्वारा प्रकाशित 'ऐना' कथा सङ्ग्रहमा केन्द्रित रहेको छ कथा सङ्ग्रहमा प्रस्तुत भएका पात्र (चरित्र) हरूलाई नै यसको जनसङ्ख्याको रूपमा लिइएको छ ।

नमुना छनोटको सन्दर्भमा पनि 'ऐना' कथा सङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण कथाका सम्पूर्ण पात्रहरूलाई नै नमुनाका रूपमा लिइएको छ । कथामा मञ्चीय भूमिकामा रहेका मानव पात्रहरू नै नमूनाका रूपमा छनोट गरिएका छन् । अध्ययनको उद्देश्य पूरा गर्ने प्रयोजनका लागि 'ऐना' कथा सङ्ग्रहका मानवीय पात्रहरू तथा लेखकलाई समेत उद्देश्यमूलक विधि प्रयोग गरी जनसङ्ख्याको नमुनाका रूपमा छनौट गरिएको छ ।

उक्त जनसङ्ख्या तथा नमूना छनोट उद्देश्यमूलक ढङ्गले कथा सङ्ग्रहमा उपलब्धताका आधारमा गरिएको छ । यो अनुसन्धानको क्षेत्र 'ऐना' कथा सङ्ग्रहमा मात्र सीमित रहेको हुँदा यसका लेखक तथा कथाका पात्रहरू भन्दा बाहिरको जनसङ्ख्या अध्ययनका लागि आवश्यक नपर्ने भएकाले कथाका कथानक र घटनासँग सम्बन्धित सम्पूर्ण पात्रहरूलाई मात्र जनसङ्ख्याको नमुनाको रूपमा छनोट गरिएको छ ।

### ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्यको शीर्षक 'ऐना' कथा सङ्ग्रहलाई पात्रहरूको शैलीवैज्ञानिक अध्ययनबाट नै स्पष्ट हुन्छ कि शोधकार्यको खास विषयवस्तु उक्त कथा सङ्ग्रहमा सङ्ग्रहित कथामा भएका पात्रहरूको विश्लेषण गर्नु हो । 'ऐना' कथा सङ्ग्रहका पात्रहरूको विश्लेषणमा मात्र अध्ययन सीमित हुने भएकाले यसमा कुनै भौगोलिक क्षेत्रका बारेका उल्लेख गरिरहनु पर्दैन । तथपि सम्पूर्ण कथाहरूमा सुदूरपश्चिमको पहाडी र तराई जनजीवनको चित्रण गरेको हुँदा सो क्षेत्रलाई नै यस् अध्ययनको भौगोलिक क्षेत्रको रूपमा चिनाउन सकिन्छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधन

कुनै पनि अनुसन्धान सम्पन्न गर्नका लागि त्यससँग सम्बन्धित विभिन्न तथ्याङ्कहरु र महत्वपूर्ण सूचनाहरु सङ्कलन गर्नुपर्ने हुन्छ । ती सूचना तथा तथ्यहरुको व्याख्या एवम् विश्लेषण गरेर नै अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन सकिन्छ । तथ्याङक सङ्कलन वा सामग्री सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुवै स्रोत साधन प्रयोग गर्न सकिन्छ । यस क्रममा प्राथमिक स्रोत अन्तर्गत कथाकारसँग अन्तरर्वार्ता लिएर सामग्री सङ्कलन गरिइएको छ भने द्वितीयक स्रोत अन्तर्गत प्रकाशित पुस्तकहरु, समचारपात्रहरु शोध पत्रहरु जस्ता सामग्रीहरु सङ्कलन गरी शोधकार्य सम्पन्न गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलन गर्दा विभिन्न विधि तथा प्रक्रिया प्रयोग गर्नु पर्दछ । ती विभिन्न प्रक्रियामध्ये पुस्तकालयीय र क्षेत्रीय विधि मुख्य मानिन्छन् । पूर्वकार्यको समिक्षा र सैद्धान्तिक अवधारणा निर्माणका लागि अनुसन्धान कर्ताहरुले पुस्तकालयको सहयोग लिनुपर्ने हुन्छ । त्यसैले प्रस्तुत शोधकार्य सम्पन्न गर्नकालागि तथ्याङ्क सङ्कलन गर्दा पुस्तकालयीय प्रक्रिया प्रयोग गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

विभिन्न विधि र प्रक्रियाहरु प्रयोग गरी तथ्याङ्क र सूचना सङ्कलन गरिसके पछि प्राप्त तथ्याङ्क वा सूचनाहरुको व्याख्या एवम् विश्लेषण गर्नु पर्दछ । शोधकार्यको मुख्य कार्य पनि यही हो । प्रस्तुत शोधकार्यमा निगमन विधिको प्रयोग गरिएको छ । यसमा शैलीविज्ञानको सिद्धान्तलाई आधारमानेर त्यसैका आधारमा सङ्कलित तथ्याङ्क वा सामग्रीहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षमा पुगिएको छ । प्रस्तुत शोधकार्यमा पात्रहरुलाई तालिकामा प्रस्तुत गरी व्याख्या, विश्लेषण गरिएको छ ।

## अध्याय चार

## परिणाम र छलफल

### ४.१ रामलाल जोशीको परिचय

#### ४.१.१ जन्म, बाल्यकाल र शिक्षादीक्षा

रामलाल जोशीको जन्म वि.सं. २०३१ साल फागुन १७ गते शनिबार डोटीको विकट क्षेत्र कानाचौर ७ कोटि्लामा पिता स्व. हरिभक्त जोशी र माता तुलसादेवी जोशीको कोखबाट प्रथम पुत्रका रूपमा भएको हो । यिनको न्वारानको नाम रामनाथ जोशी र बोलाउने नम राम ए. प्रचलित नाम रामलाल जोशी हो । ६ वर्षकै कलिलो उमेरमा उनका पिताको असमायिक निधनले गर्दा यिनको बाल्यकाल निकै कस्टकर रूपमा बित्यो ।

जोशीको कक्षा १ देखि ५ कक्षासम्मको पढाइ आफ्नै जन्मथलो कोटिला प्रा.वि. डोडीमा नै भएको देखिन्छ । वि.सं. २०४६ सालमा सम्पूर्ण परिवार कैलाली बसाइ सरेकाले यिनले कक्षा ६ देखि १० सम्म आदर्श मा.वि. बौनियामा अध्ययन गरे । यिनले त्यसै विद्यालयबाट बि.सं. २०५१ सालमा एस.ए.सी. उत्तीर्ण गरेको देखिन्छ । एस.एल.सी. उत्तीर्ण भएपछि जोशी उच्च शिक्षाका लागि बौनियाबाट धनगढी हसनपुरमा डेरा गरी बसेको पाइन्छ । यिनले अध्ययनलाई अगाडि बढाउन विभिन्न समस्या र संघर्षसँगै लड्दै आइ.ए. देखि वि.ए. सम्मको पढाइ कैलाली बहुमुखी क्याम्पसमा पढाई पुरा गरेपछि स्नातकोत्तर तहसम्मको पढाइका लागि यिनी काठमाडौँ गएको पाइन्छ । काठमाडौँमा यिनले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा नेपाली विषय लिएर स्नातकोत्तर तहको पढाइ पूरा गरेको पाइन्छ ।

रामलाल जोशीको विवाह वि.सं. २०६१ साल बैशाख २५ गते तत्कालीन नेलादेवीपुर गा.वि.स. वडा नं. ९ बस्ने पिता स्व. टीकादत्त ओझा र माता दुर्गा देवी ओझाकी कनिस्ट सुपुत्री लक्ष्मी ओझासँगै बैद्धिक विधि अनुसार भएको पाइन्छ । यिनकी धर्मपत्नी लक्ष्मी ओझा साहित्यप्रति रूचि भएको र स्नातकोत्तर तह सम्मको पढाइ सम्पन्न गरेकी संघर्षशील नारीका रूपमा चिनिन्छिन् । लक्ष्मी ओझा ऐश्वर्य विधा निकेतनमा शिक्षिकाका रूपमा कार्यरत रहनुका साथै कुशल गृहिणीको भूमिका निर्वाह गर्दै गरेको पाइन्छ । जोशीका एक छोरी र एक छोरा छन् ।

#### ४.१.२ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउन अनुकूल वातावरणको आवश्यकता पर्दछ । अझ त्यसलाई निरन्तरता दिन प्रतिभाको उचित कदर हुनपर्छ अनिमात्र

त्यसबाट प्राप्त हौसलाले प्रतिभालाई निख्खर बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसैले सम्मान तथा पुरस्कारले व्यक्तिको प्रतिभालाई प्रगतिको शिखरमा पुऱ्याउन अहम् भूमिका निर्वाह गर्दछ ।

जोशीको मूल्याङ्कन गर्दै उनलाई निम्न संस्थाहरूले पुरस्कार तथा सम्मान प्रदान गरेको देखिन्छ । हालसम्म उनले प्राप्त गरेको सम्मान तथा पुरस्कार निम्न प्रकार छन् ।

१. चार कक्षामा पढ्दा राजा वीरेन्द्रको जन्मोत्सवमा कविता सुनाए बापत श्री केटिला प्रा.विमा बाजे छविलाल जोशी र दुर्गाप्रसाद ढुङ्गानाबाट रू. १०/१० गरी प्रथम पटक प्राप्त रू. २०/- २०४४ साल

२. नवरत्न साहित्य संगम धनगढीबाट- नवरत्न प्रतिभा सम्मान-२०६५

३. विद्यार्थी साहित्य प्रतिष्ठान धनगढीबाट- विद्यार्थी साहित्य पुरस्कार-२०६५

४. सुदूरपश्चिमाञ्चल गजल मञ्चबाट- गजल रत्न सम्मान- २०६६

५. पहलमान सिंह स्वार स्मृति प्रतिष्ठान काठमाडौँबाट पहलमान सिंह स्वार प्रतिभा सम्मान-२०६८

६. नेपाल सरकार संस्कृति मन्त्रालयबाट- राष्ट्रिय प्रतिभा पुरस्कार- २०६३

७. मदन पुरस्कार गुठीबाट- मदन पुरस्कार- २०७२

मदन पुरस्कार प्राप्त गरिसकेपछि देश भरिका विभिन्न ५० भन्दा बढी संघसंस्थाद्वारा सम्मान तथा अभिनन्दन । (सोध नायकसँगको कुराकानीमा आधारित)

### ४.२ 'ऐना' कथा सङ्ग्रहको चरित्रको विश्लेषण

#### ४.२.१ परिचय

चरित्रलाई कथाको महत्त्वपूर्ण तत्त्व भनिन्छ । चरित्रकै कारण कथानक अगाडि बढ्छ । आख्यानात्मक कृतिहरूमा मुल कथा तथा घटनाहरूलाई अघि बढाउने काम चरित्रबाटै हुने गर्दछ । कथामा मानवीय, मानवेत्तर तथा जडवस्तुहरूलाई पनि पात्रका रूपमा प्रयोग गरिएको पाइन्छ ।

परम्परागत मान्यताअनुसार लेखिएका घटनाप्रधान कथाहरूमा पनि पात्रको भूमिका महत्त्वपूर्ण रहन्थ्यो भने आज आएर लेखिने चरित्रप्रधान कथामा त चरित्र नै सर्वेसर्वा मानिन्छ । आजभोलि लेखिने चरित्रप्रधान कथाले गर्दा चरित्रको महत्त्व अझ उचाइमा पुगेको छ । पात्र समाजको यस्तो प्रतिबिम्ब हो, जसका माध्यमबाट कथाकारले देखाउन खोजेको समाज चित्रित हुन्छ । कथालाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ ।

यस् अध्यायमा चरित्रलाई आधार मानेर 'ऐना' कथा सङ्ग्रहको चरित्र वर्गीकरणको आधार, चरित्रहरूको शैलीवैज्ञानिक अध्ययन, चरित्रहरूको शैली वैज्ञानिक वर्गीकरण, चरित्र तालिकाको विश्लेषण र मुख्य तथा सहायक पात्रहरूको विश्लेषण गरिएको छ ।

**४.२.२ चरित्र वर्गीकरणका आधारहरू**

कथामा तुलनात्मक रूपमा थोरै चरित्रहरू आउँछन् । यसरी आउने चरित्रहरू विभिन्न स्वभाव वा विशेषताहरूले सजिएका हुन्छन् । आख्यानलाई सजीव र जीवन्त बनाउनका लागि वास्तविक जीवनसँग मेल खाने स्वभावका चरित्रहरू प्रस्तुत गर्नुपर्दछ । आख्यानात्मक कृतिमा आउने चरित्रहरूलाई तिनीहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना आसल्नता र आबद्धताका आधारमा वर्गीकरण गर्न सकिन्छ (शर्मा, २०५९:११५) ।

**४.२.३ लिङ्गका आधारमा**

कथामा प्रयोग भएका पात्र वा चरित्रहरूको प्राकृतिक जात छुट्याउने आधार स्त्रीलिङ्ग र पुलिङ्ग गरी दुई प्रकारका हुन्छन् । कथामा प्रयोग भएका पात्रहरूको बाह्य वर्णन, नामकरण, शारीरिक बनोट, उनीहरूका क्रियाकलाप, स्वभाव, उनीहरूका लागि प्रयोग गरिरहेका क्रियापद तथा नायक, नायिका, सहनायक, सहनायिका, खलनायक, खलनायिका आदिका नामबाट लिङ्ग छुट्याउन सकिन्छ (शर्मा, २०५९:१५५-१५६) ।

**४.२.४ कार्यका आधारमा**

कथामा प्रयोग भएको सबै पात्रहरूको भूमिका एकै किसिमको हुँदैन । त्यसैले कथाका पात्रहरूमध्ये कोही प्रमुख भूमिका निर्वाह गर्न, कोही सहायक भूमिका निर्वाह गर्न र कोही गौण भूमिका निर्वाह गर्न आएका हुन्छन् ।

सबैभन्दा बढी क्रियाशील र प्रमुख भूमिका निर्वाह गर्ने उद्देश्यले कथामा देखिएका पात्रहरू नै मुख्य पात्रका रूपमा चिनिन्छन् । प्रमुख पात्रहरु कथाको आदिदेखि अन्त्यसम्म उपस्थित हुन्छन् । ती पात्रहरुभन्दा कम क्रियाशील पात्र सहायक पात्रको रुपमा चिनिन्छन् । सहायक पात्रभन्दा पनि कम क्रियाशिल पात्रहरू गौण पात्रका रूपमा चिनिन्छन् (शर्मा, २०५९:१५६)।

**४.२.३ प्रवृत्तिका आधारमा**

प्रवृत्तिका आधारमा कथाका पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । कुनै पनि कथामा आएका पात्रहरूले सकारात्मक वा नकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ । सामाजिक मूल्य मान्यता तथा लेखकले उद्देश्यअनुसार कथामा आफ्नो भूमिका निर्वाह गर्ने र सकारात्मक क्रियाकलापहरू सम्पन्न गर्ने पात्रहरू अनुकूल वर्गमा पर्दछन् भने

नकारात्मक भूमिका निर्वाह गरी पाठकबाट आलोचित वा दृगित पात्रहरू प्रतिकूल वर्गमा पर्दछन् (ऐजन) ।

### ४.२.४ स्वभावका आधारमा

स्वभावका आधारमा आख्यानात्मक कृतिका पात्रहरूलाई गतिशील र गतिहीन गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । देश, काल र परिस्थितिअनुसार आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गर्न सक्ने मात्र गतिशील पात्र हुन् भने देश, काल र परिस्थिति परिवर्तन भएपनि आख्यानको प्रारम्भदेखि अन्तसम्म आफ्नो दृष्टिकोण र अभिवृत्तीय गुणमा स्थिर रहने पात्र गतिहीन वा स्थिर हुन् (शर्मा, २०५९:१५७) ।

### ४.२.५ जीवन चेतनाका आधारमा

जीवन चेतनाका आधारमा कथाका पात्रहरूलाई वर्गीय र व्यक्तिगत गरी दुई वर्गमा वर्गीकरण गरिएको पाइन्छ । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गरेका पात्र वर्गीयअन्तर्गत पर्दछन् । यसको ठीक विपरित सामाजिक प्रतिनिधित्व नगरी समाजभन्दा नितान्त अलमा निजी स्वभाव, वैशिष्ट्य वा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैली देखाउने पात्र व्यक्तिगत पात्र हुन् (ऐजन) ।

### ४.२.६ आसन्नताका आधारमा

उपस्थित वा आसन्नताका आधारमा उपन्यासका पात्रहरूलाई मञ्चीय र नेपथ्य गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ । मञ्चीय पात्रहरूले कृतिमा प्रत्यक्ष उपस्थित भई आफ्नो भूमिका निर्वाह गर्दछन् । नेपथ्य पात्रहरूको कृतिमा अप्रत्यक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्दछन् । यस्ता पात्रहरूको उपस्थिति कथामा परोक्ष रूपमा मात्र हुन्छ । पूर्वसयममा सक्रिय रहेका, कथयिता वा अन्य कुनै पात्रले नाम उल्लेख गरेको तथा मञ्चमा अनुपस्थित पात्र नेपथ्य पात्र हुन् (शर्मा, २०५९:१५८।

### ४.२.६ आबद्धताका आधारमा

आबद्धताका आधारमा कथाका पात्रहरूलाई बद्ध र मुक्त गरी दूई वर्गमा वर्गीकरण गरिएको पाइन्छ । कृतिमा बाँधिएर मात्र सार्थक हुने पात्रलाई बद्ध र कृतिबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भनिन्छ (शर्मा, २०५९:११६) । कथानकसँग सम्बन्धित भएर आएका पात्रहरू बद्ध पात्र हुन् । यी पात्रका अभावमा कथानक विशृङ्खलित हुन्छ । कथानकसँग प्रत्यक्ष सम्बन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् । यी पात्रहरू स्वतन्त्र किसिमका हुन्छन् । काथनकसँग प्रत्यक्षरूपमा सम्बन्धित हुँदैनन् । यस्ता पात्रलाई कथानकबाट झिक्न सकिन्छ (ऐजन) ।

### ४.३ 'ऐना' कथा सङ्गहको पात्रहरूको शैलीवैज्ञानिक अध्ययन

'ऐना' कथा सङ्ग्रहमा ती सबै उन्नाइस (१९) ओटा कथा सङ्ग्रहित छन् । १९ ओटा कथाहरूमा विभिन्न भूमिका निर्वाह गर्ने पात्रहरू सन्तुलित र समानुपातिक छन् । ती सबै पात्रहरूलाई ती सबै पात्रहरूलाई प्रमुख पात्र, सहायक पात्र, गौण पात्र र नेपथ्य पात्र गरी चार वर्गमा विभाजन गरिन्छ । ऐना कथा सङ्ग्रहमा संङ्ग्रहित १९ ओटा कथामा प्रयुक्त विविध प्रकृति र स्वभावका मानवीय पात्रहरूले आ-आफ्ना ठाउँमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका भएपनि कथानकीय भूमिकामा महत्त्वपूर्ण भूमिका बहन गरेका प्रमुख र सहायक पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ ।

## तालिका नं. ३

## 'खेल' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | रघु | | + | + | | | + | | | + | + | | + | | + | |
| २ | रूपा | + | | + | | | + | | | + | + | | + | | + | |
| ३ | बसुधा | + | | | + | | | + | + | | + | | + | | + | |
| ४ | रघुकी आमा | + | | | | + | | | | | + | | + | | + | |
| ५ | रघुकी बजै | + | | | | + | | | | | + | | + | | | |
| ६ | रघुकी मितबा | | + | | | + | + | | | | + | | + | | | |
| ७ | रघुकी काइली फुपु | + | | | | + | + | | | | + | | + | | | |
| ८ | दिपेश | | + | | | + | | + | + | | + | | + | | + | |
| ९ | जैभाने | | + | | | + | | | | | + | | + | | | |
| १० | शान्ति | + | | | | + | | | | | + | | + | | | |
| ११ | चन्द्रे खत्री | | + | | | + | | | | | + | | | + | | |
| १२ | कलम | | + | | | + | | | | | + | | + | | | |
| १३ | काइला भण्डारी | | + | | | + | + | | | | + | | + | | | |
| १४ | सृष्टि | + | | | | + | + | | | + | + | | + | | | |
| १५ | मल्ल काका | | + | | | + | | | | | + | | + | | | |
| १६ | मल्लेनी काकी | + | | | | + | | | | | + | | | + | | + |
| १७ | पारू दिदी | + | | | | + | | | | | + | | + | | | + |
| १८ | युवक | | + | | | + | | | | | + | | + | | | + |
| १९ | पारूको श्रीमान् | | + | | | + | | | | | + | | | + | | + |
| २० | बसुधा भाउजुको श्रीमान् | | + | | | + | | | | | + | | | + | | + |
| २१ | रूपाको छोरो | | + | | | + | | | | | + | | | + | + | |
| २२ | रघुकी छोरी | + | | | | + | | | | | + | | | + | + | |

### ४.४ पात्र तालिकाको विश्लेषण

**क. रघु**

**स्त्रीपात्र:** लिङ्गका आधारमा रघु पुरुष पात्र हुन् । रूपासँग पछि विहे गर्छु भनेकाले यसको अझ पुष्टि हुन्छ ।

**प्रमुखपात्र:** कार्यका आधारमा 'खेल' कथाको प्रमुख पात्र रघु हुन् । कथाको आरम्भ रघु, रूपा र उनीहरूका साथीहरू खेलेदेखि सुरू भई रघुको छोरी र रूपाको छोरा लेखेसँग अन्त्य भएको छ । सिङ्गो कथा नै रघुको पर्याधारमा घुमेको छ र कथाका सम्पूर्ण घटनाक्रमहरू उनकै केन्द्रियता घुमेका, घटेका अगाडि बढेका र अन्त्य भएकाले उनी प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र:** प्रवृत्तिका आधारमा रघु यस कथाको इमानदार, शुसील हुनुका साथै अनुकूल पात्र हुन् । बसुधा भाउजुले रघुसँग यौन चाहना राख्दा नस्विकार्नुले पनि उनी अनुकूल पात्र रहेको स्पष्ट हुन्छ ।

**स्थिर पात्र:** स्वभावका आधारमा रघु स्थिर पात्र हुन् । उनले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरेका छैनन् । उनले रूपासँग विछोड भएदेखि आफ्नो बिहे पछि पनि रूपालाई भुल्न सकेको छैनन् ।

**वर्गीय पात्र:** जीवन चेतनाका आधारमा रघु वर्गीय पात्र हुन् । उनले सासारिक जीवनमा पाइने वास्तविक मानिसहरूको प्रतिनिधित्व गरेको देखिन्छ । उनले रूपालाई बिर्सन नसक्नुले सच्चा प्रेमीको प्रतिनिधित्व गर्ने वर्गीय पात्रका कोटिमा राख्न सकिन्छ ।

**मञ्चीय पात्र:** आसन्नताका आधारमा रघु मञ्चीय पात्र हुन् । कथामा उनको प्रत्यक्ष संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र:** आबद्धताका आधारमा रघु बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउन सकिँदैन । उनलाई हटाउने हो भने कथा हाडबिनाको मानव झैँ बन्न पुग्दछ र यो अगाडि बढन् सक्दैन ।

**ख. रूपा**

**स्त्री पात्र:** लिङ्गका आधारमा रूपा स्त्री पात्र हुन् । रघुकी प्रेमिका र छोराकी आमा भएबाट पनि रूपा स्त्री पात्र भएको स्पष्ट हुन्छ ।

**प्रमुख पात्र:** कार्यका आधारमा रूपा 'खेल' कथाकी प्रमुख पात्र हुन् । यस् कथामा प्रारम्भ देखि अन्त्यसम्म रूपाको चर्चा गएको पाइन्छ । रघुकी प्रेमिकाको रूपामा रहेकी रूपालाई रघुले छोराछोरीको बाबु भएपछि पनि भुल्न सकेको छैन । त्यसैले रूपा यस कथाकी प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र:** प्रवृत्तिका आधारमा रूपा यस् कथाकी इमानदार, सहनशील हुनका साथै अनुकूल पात्र हुन् । केटाकेटीमा विवाह खेलमा रघुको आग्रहमा मन नपरेको जैभानेसँग विवाह गर्नु, रघुलाई मन पराउँदा पराउँदै बाबुआमाको इच्छाअनुसार विवाह गर्नु र कथाको उद्देश्य प्राप्तितर्फ सकरात्मक भूमिका निर्वाह गरेकी हुनाले अनुकूल पात्र हुन पुगेकी छन् ।

**स्थिर पात्र:** स्वभावका आधारमा रूपा स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गीय पात्र:** जीवनचेतनामा आधारमा रूपा वर्गीय पात्र हुन् । उनले गरीव र आफूले अर्कालाई मन पराउँदा बाबुआमाको इच्छा अनुसार विवाह गर्ने महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र:** आसन्नताका आधारमा रूपा मञ्चीय पात्र हुन् । उनी कथामा प्रत्यक्ष संवाद र वार्तालापमा उपस्थित भएकी छन् ।

**बद्ध पात्र:** आबद्धताका आधारमा रूपा बद्ध पात्र हुन् । उनको उपस्थिति यस् कथामा नहुँदो हो त कथानक संरचना भत्कने थियो । त्यसैले यस् कथाकी उनी बद्ध पात्र हुन् ।

**ग. बसुधा भाउजू**

**स्त्री पात्र:** लिङ्गका आधारमा बसुधा भाउजू स्त्री पात्र हुन् । सानो छोराको आमा र उनको श्रमान कोरियामा भएको कुराबाट यसको थप पुष्टि हुन्छ ।

**सहायक पात्र:** कार्यका आधारभा बसुधा खेल कथाकी सहायक पात्र हुन् । एक छोराकी आमा भएपनि उनले श्रीमान् कोरिया गएपछि परपुरूषबाट यौन चाहना पूरा गर्न खोजेको पाइन्छ । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका निर्वाह गरेकी छन् ।

**प्रतिकूल पात्र:** प्रवृत्तिका आधारमा बसुधा यस कथाकी प्रतिकूल मात्र हुन् । विवाहित भएर पनि उनले परपुरूषसँग यौन चाहन पूरा गर्न खोजेको पाइन्छ ।

**गतिशिल पात्र:** स्वभावका आधारमा बसुधा गतिशिल पात्र हुन् । परिस्थिति अनुसार श्रीमान् हुँदा श्रीमान्सँग र नहुँदा परपुरूषसँग यौन चाहना पूरा गर्न खोज्ने गतिशील पात्र हुन् ।

**वर्गीय पात्र:** जीवनचेतनाका आधारमा बसुधा वर्गीय पात्र हुन् । उनले श्रीमान् विदेशमा हुँदा परपुरूषसँग यौन चाहना पूरा गर्ने र श्रीमान् आएपछि श्रीमान्सँग मिलेर बस्ने महिला वर्गको प्रतिनिधित्व गरेकी छन् ।

**मञ्चीय पात्र:** आसन्नताका आधारमा बसुधा मञ्चीय पात्र हुन् । उनी कथामा प्रत्यक्ष संवाद र वार्तालापमा उपस्थित भएकी छन् ।

**बद्ध पात्र:** आवद्धताका आधारमा रूपा बद्ध पात्र हुन् । उनको उपस्थिति यस कथामा नहुँदो हो त कथाको संरचना भत्कने थियो । त्यसकरण उनी बद्ध पात्र हुन् ।

**४.२ सारांश**

आख्यान साहित्य भित्र चरित्रको स्थान महत्त्वपूर्ण भनिन्छ । चरित्रबिना कथा रचना गर्न नसकिने भएकाले नै चरित्रले कथानकलाई जीवन्तता प्रदान गर्दछ ।

'खेल' कथाका पात्रहरुलाई शैली वैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रकृति, स्वभाव, जीवन चेतना, आबद्धता र आसन्नताका आधारमा लिइन्छ । यस् कथामा पात्रहरूको बाक्लो, उपस्थित छ । धेरैजसो पात्रहरुले गौण भूमिका निर्वाह गरी कथाको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याएका छन् । कथामा उपस्थित पात्रहरूलाई हेर्दा बाह्र (१२) पुरुष पात्र र नौं ( ९) स्त्री पात्रहरू रहेका छन् । यस् कथाको प्रमुख पात्र रघु र रूपा हुन् भने सहायक पात्र बसुधा हुन् । त्यसैगरी रघु र रूपा अनुकूल पात्र हुन भने बसुधा प्रतिकूल पात्रका रूपमा रहेकी छन् । यस कथामा रघु र रूपा स्थिर पात्र हुन् भने बसुधा गतिशील पात्र हुन् । त्यसैगरी तीनै जना वर्गगत र मञ्चीय पात्र हुन् । यस कथामा रघुकी आमा, रघुकी वजै, रघुको मितबा, रघुको काँइलीफूपु, दिपेश जिमाने, शान्ति, चन्द्रे खत्री, कलम, काँइला भण्डारी, सृष्टि, मल्ल काका, मल्लेनी काकी, पारू दिदी, युवक, पारू दिदीको श्रीमान्, बसुधा भाउजूको श्रीमान्, रूपाको छोरा, रघुकी छोरीले भने गौण भूमिका निर्वाह गरेका छन् ।

**तालिका नं. ४**

**'रङ्गमञ्च' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | उदय | | + | + | | | | + | | + | + | | + | | + | |
| २ | म | | + | | + | | | | | + | + | | | + | + | |
| ३ | राउटेको मुखिया | | + | | + | | + | | | + | + | | + | | + | |
| ४ | चौठे दमाईं | | + | | | + | + | | | + | + | | + | | + | |
| ५ | भजनसिंह कामी | | + | | | + | + | | | + | + | | + | | + | |
| ६ | खिन्तरा | + | | | | + | + | | | + | + | | + | | + | |
| ७ | नरभान | | + | | | + | + | | | + | + | | | + | + | |
| ८ | पार्वती | + | | | | + | + | | | + | + | | + | | + | |
| ९ | जनक | | + | | | + | + | | | + | + | | + | | + | |
| १० | सीमा | + | | | | + | + | | | + | + | | + | | | + |
| ११ | चङ्खे | | + | | | + | + | | | + | + | | + | | + | |
| १२ | सुल्तान मास्टर | | + | | | + | + | | | + | + | | + | | | + |
| १३ | रजबार | | + | | | + | + | | | + | + | | + | | | + |
| १४ | हिन्दुस्तानी | | + | | | + | + | | | + | + | | | + | + | + |
| १५ | रिठे | | + | | | + | + | | | + | + | | + | | | + |

**चरित्र/पात्र तालिकाको विश्लेषण**

**उदय**

**पुरुष पात्र :** लिङ्गका आधारमा उदय पुरुष पात्र हुन् । राजाको खेलमा उनलाई नै राजा बनाएको कुराबाट यसको अझ पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा उदय रङ्गमञ्च कथाको प्रमुख पात्र हुन् । उनकै कारणले सुरूदेखि अन्त्यसम्म कथा बढेका छ । खेलकै राजा भएपनि उनले जनतामा निरङ्कुस शासन लादेको छ । राउटेको मुखियाले श्राप दिएसँगै राजा उदय रानीखोलामा पौडी खेल्दा खेल्दै हराएको पाइन्छ ।

**प्रतिकूल पात्र :** एकलौटी निर्णय गरी जनतामा निरङ्कु शासन व्यवस्था लाद्नु, जातीय विभेद गर्नु जस्ता व्यवहारले प्रस्तुत कथामा उनको भूमिका प्रतिकूल पात्रका रूपमा रहेको देखिन्छ ।

**वर्गीय पात्र :** जातीय विभेद गर्ने, एकलौटी निर्णय गरी जनतामा निरङ्कुस शासन व्यवस्था लाद्ने राजाको रूपमा देखिएकाले उनी कथाको वर्गगत पात्र हुन् ।

**स्थिर पात्र :** कथामा उनको विचार परिवर्तन नभएको तथ्यले उनलाई स्थिर पात्रका रूपमा चिनाउन सकिन्छ ।

**मञ्चीय पात्र :** यस कथाका उदय मञ्चीय पात्र हुन् । उनले कथमा प्रत्यक्ष संवाद र वार्तालाप गरेका छन् ।

**बद्ध पात्र :** उदय यस कथाको बद्ध पात्र हुन् । उनलाई कथाबाट झिक्दा कथाको संरचना परिवर्तन हुन्छ ।

**म**

**पुरुष पात्र :** लिङ्गका आधारमा म पात्र पुरुष पात्र हुन् ।

**सहायक पात्र :** कार्यका आधारमा म पात्र सहायक पात्र हुन् । कथाको आरम्भ म पात्र र उनका साथीहरू राजा खेल खेलेदेखि सुरू भई उनीहरूको खेल मैदान बस्तीमा परिणत भएको वर्णनसँगै कथाको अन्त्य भएको छ । उनले कथालाई अघि बढाउन सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा म पात्र यस कथाको अनुकूल पात्र हुन् । उनले कथाको सुरूदेखि अन्त्यसम्म नकरात्मक काम गरेको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा म पात्र स्थिर पात्र हुन् । सुरूदेखि अन्त्यसम्म उनको व्यवहार परिवर्तन भएको छैन ।

**वर्गीय पत्र :** जीवन चेतनाका आधारमा म वर्गीय पात्र हुन् । उनले समाजको एक सामान्य पुरुष वर्गको प्रतिनिधत्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा म पात्र नेपथ्य पात्र हुन् । उनी कथामा सुरूदेखि अन्त्यसम्म सहभागी भए पनि प्रत्यक्ष संवाद र वार्तालापमा सहभागी भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा म बद्ध पात्र हुन् । कथा वाचक उनै भएकाले उनलाई हटाउने हो भने कथा हाडबिनाको मानव शरीर झैँ बन्न पुग्दछ र यो अघि बढ्न सक्दैन ।

## राउटेको मुखिया

**पुरुष पात्र :** लिङ्गका आधारमा राउटेको मुखिया पुरुष पात्र हुन् । राउटेहरूको मुखिया भएबाट यस कुराको थप पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा राउटेको मुखिया सहायक पात्र हुन् । उनले श्राप दिएपछि नै राजा रानी पोखरीमा पौडी खेल्दै गायव भएको पाइन्छ । उनले यस कथालाई अगाडि बढाउन सहयोगी भूमिका खेलेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिको आधारमा यस कथाका राउटेको मुखिया अनुकूल पात्र हुन् । राजाहरूले उनीहरूको कार्यमा अवरोध गरेपछि मात्र उनले श्राप दिएका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले आफ्नो समुहको नेतृत्व गर्ने र आफ्नो काममा अवरोध गर्नेलाई श्राप दिने वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी यस कथाको स्थिर पात्र हुन् । कथामा उनको विचार परिवर्तन नभएको तथ्यले उसलाई स्थिर पात्रको रूपमा चिनाउन सकिन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा राउटेको मुखिया यस कथाको मञ्चीय पात्र हुन् । कथामा उनको प्रत्यक्ष संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा यस कथामा राउटेको मुखिया बद्ध पात्र हुन् । उनलाई हटाउने हो भने कथाको संरचना नै भत्कन्छ ।

## रङ्गमञ्च कथाको सारांश

आख्यान साहित्यभित्र चरित्रको स्थान महत्त्वपूर्ण मानिन्छ । चरित्रवान कथा रचना गर्न नसिकने भएकाले नै चरित्रले कथानकलाई जीवन्तता प्रदान गर्दछ । 'रङ्गमञ्च' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा स्त्री पात्रहरू तीन जना र पुरुष पात्रहरु

बाह्र जना रहेका छन् । यस कथामा उदय प्रमुख पात्र, म पात्र र राउटेको मुखिया सहायक पात्र र चौठे दमाइँ, भजनसिंह कामी, खिन्तरा, नरभान, पार्वती, जनक, सीमा, चङ्खे, सुल्तान मास्टर, रजबार, हिन्दुस्तानी, रिठे गौण पात्रका रूपमा रहेका छन् । अनुकूलताका आधारमा उदय बाहेक सबै पात्रहरू अनुकूल नै देखिन्छन् । कथाका सबै पात्रहरू स्थिर र वर्गगत पात्रका रूपमा रहेका छन् । कथामा म, हिन्दुस्तानी, नरभान बाहेक अन्य सबै मञ्चीय पात्रका रूपमा रहेका छन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

**तालिका नं. ५**

**'नायक' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | म | + | | + | | | + | | + | | + | | + | | + | |
| २ | रूद्रप्रसाद | + | | | + | | + | | | + | + | | | + | + | |
| ३ | साहिँली बौजु | | + | | + | | + | | | + | + | | | + | + | |
| ४ | मनुवा कठायत | + | | | + | | + | | | + | + | | | + | + | |
| ५ | केशव सर | + | | | + | | + | | | + | + | | | + | + | |
| ६ | स्वस्तिका | | + | | + | | + | | + | | | + | | + | + | |
| ७ | काइँला काका | + | | | | + | + | | | + | + | | + | | | + |
| ८ | नैने दाइ | + | | | | + | + | | | + | + | | + | | | + |
| ९ | नैने दाइकी श्रीमती | | + | | | + | + | | | + | + | | + | | | + |
| १० | आमा | | + | | | + | + | | | + | + | | + | | | + |

### म

**प्रमुख पात्र :** लिङ्गका आधारमा म पात्र पुरुष पात्र हुन् । रूद्रप्रसाद जस्तै बन्ने कल्पना गरेबाट उनी पुरुष पात्र भएको स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा म पात्र यस कथाको नायक हुन् । उनले कथाको प्रारम्भमा रूद्रप्रसाद, साहिंली बौजु, मनुवा कठायत, केशव सर, स्वस्तिकालाई नायक मानेपनि पछि उनीहरूको व्यवहारले नायक ठान्दैनन् । कथाको मध्य भागमा म पात्रले आफैंलाई नायक ठान्दछन् । कथाको अन्त्य भागमा पहिले नायक सावित नभएकालाई नायक सावित भएको ठान्नु र खासमा अहिलेको समयको नायक को ? भन्ने कुरामा म पात्र अन्योल भई कथा अन्त्य भएको छ । सिङ्गो कथा नै म पात्रका पर्याधारमा घुमेकाले म पात्र प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा म पात्र अनुकूल पात्र हुन् । कथाको अन्त्यसम्म सकारात्मक कार्य गरेकाले उनी अनुकूल पात्र हुन् ।

**गतिशील :** स्वभावका आधारमा म पात्र गतिशिल पात्र हुन् । उनले नायक ठानेका मान्छेलाई अरू कसैले नराम्रो भन्दैमा उनले नायक नठान्नु, कथाको मध्य भागमा आफैंलाई नायक ठान्नु, अन्त्यमा पहिले नायक नठानेकालाई नायक सावित भएको महसुस गर्नु र खासमा को नायक ? भन्ने कुरामा अन्योल हुनुले नै उनी यस कथाको गतिशिल पात्र भएको पुष्टि हुन्छ ।

**वर्गीय पात्र :** जीवन चेतनाका आधारमा म वर्गीय पात्र हुन् । उनले कसैको काम वा कोहीबाट प्रभावित भई त्यस्तै बन्ने सपना देख्ने र पछि त्यो काम वा कसैको व्यवहार मन नपरेपछि त्यसलाई नराम्रो ठान्ने पुरुष वर्गको प्रनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा म पात्र मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा म पात्र बद्ध पात्र हुन् । कथाबाट उसलाई हटाउन सकिँदैन । उनलाई कथाबाट हटाउने हो भने कथाको संरचना भत्कन्छ ।

## रूद्रप्रसाद

**पुरुष पात्र :** लिङ्गका आधारमा रूद्रप्रसाद पुरुष पात्र हुन् । उनी छोराको बाबु हुनाले यसको थप पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा नायक कथाका रूद्रप्रसाद सहायक पात्र हुन् । रवाफ देखाउने, सौखिन स्वभावका रूद्रप्रसादको वर्णनसँगै कथाको प्रारम्भ भएको छ । देशविदेशको कुरा गर्ने उनी गाउँका आकर्षणका केन्द्र र कथावाचकको दृष्टिकोणमा नायक सावित भएको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी यस कथाका अनुकूल पात्र हुन् । उनको कार्य सकारात्मक रहेको पाइन्छ । जसले गर्दा कथाले लिएको उद्देश्य एक निश्चित बिन्दुमा टुङ्गिएको छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा रूद्रप्रसाद स्थिर पात्र हुन् । बम्बै गएर धन कमाएर छोराछोरी, श्रीमती पाल्ने उनी सौखित जीवन जीउने र बुढेसकालमा पनि छोराछोरीको राम्रो व्यवहारले आनन्द र सन्तुष्ट भएका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा रूद्रप्रसाद वर्गीय पात्र हुन् । उनले उमेरमा देशविदेश गएर छोराछोरी, श्रीमतीको पालन पोषा गर्ने, सौखिन जीन्दगी जीउने र बुढेसकालमा पनि छोराछोरीको राम्रो व्यवहारले सन्तुष्ट हुने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा रूद्रप्रसाद नेपथ्य पात्र हुन् । कथामा उनको संवाद नै भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा रूद्रप्रसाद बद्ध पात्र हुन् । उनको उपस्थिति यस कथामा नहुँदो हो त कथाको संरचना भत्कने थियो ।

## साहिंली बौजु

**स्त्री पात्र :** लिङ्गका आधारमा साहिंली बौजु स्त्री पात्र हुन् । म पात्रले उनीसँग बिहे गर्ने कल्पना गर्नु र साहिंला दाइकी श्रीमती हुनाले यसलाई थप स्पष्ट पारेको छ ।

**सहायक पात्र :** कार्यका आधारमा नायक कथाकी साहिँली बौजु सहायक पात्र हुन् । सुन्दरताले भरिपूर्ण साहिँली बौजुले कथालाई अघि बढाउन सहयोगीको कार्य गरेकी छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा नायक कथाकी साहिँली बौजु अनुकूल पात्र हुन् । सुन्दरताले भरिपूर्ण उनले बुढेसकालमा पनि दमले थलिएका श्रीमान्को राम्रो स्याहार सुसार गरेको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा साहिँली बौजु स्थिर पात्र हुन् । उनको स्वभाव सुरूदेखि अन्त्यसम्म परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा साहिँली बौजु वर्गीय पात्र हुन् । उनले आफू बुढी हुँदा पनि सकि नसकि भए पनि श्रीमान्को स्याहार सुसार गर्ने महिला वर्गको प्रतिनिधित्व गरेकी छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा साहिँली बौजु नेपथ्य पात्र हुन् । कथामा उनको संवाद कहिँ कतै पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा साहिँली बौजु बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउन सकिँदैन । उनलाई कथाबाट हटाउने हो भने कथाको संरचना नै भत्कन्छ ।

**मनुवा कठायत**

**पुरुष पात्र :** लिङ्गका आधारमा मनुवा कठायत पुरुष पात्र हुन् । श्रीमती स्वर्गवास भएको कुराबाट यसको थप पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा मनुवा कठायत सहायक पात्र हुन् । उनले श्रीमती स्वर्गीय भएपछि अधिकांश समय बाँसुरी बजाएर बिताउने गरेका छन् । त्यसैले उनी एक कुशल बाँसुरी वाधक बन्न पुगी म पात्रको नायक बन्न पुगेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा नायक कथाको मनुवा कठायत अनुकूल पात्र हुन् । कथामा उनले सुरूदेखि अन्त्यसम्म कुनै नकरात्मक कार्य गरेको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा मनुवा कठायत स्थिर पात्र हुन् । जवानी मै श्रीमती मरेपछि उनले अर्को बिहे गरेका छैनन् । उनले एक कुशल बाँसुरी वाधक भएर जीवन बिताएका छन् ।

**वर्गीय पात्र :** जीवन चेतनाका आधारमा मनुवा कठायत वर्गीय पात्र हुन् । जवानीमै श्रीमती मरेपछि उनले विवाह नगरी बाँसुरी बजाएर सन्तुष्टि मानेका कठायतले वर्गीय पात्रको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा मनुवा कठायत नेपथ्य पात्र हुन् । कथामा उनको संवाद कहिँकतै पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा मनुवा कठायत बद्ध पात्र हुन् । उसलाई कथाबाट हटाउने हो भने कथाको संरचना नै भत्कन्छ ।

**केशव सर**

**पुरुष पात्र :** लिङ्गका आधारमा केशव सर पुरुष पात्र हुन् । यस कथाका म पात्रले केशव सर जस्तै बन्ने कल्पना गरेकाले यसको थप पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा केशव सर सहायक पात्र हुन् । उच्च बौद्धिकता, कठोर, अनुशासन, शिष्यप्रियताले गर्दा नै उनी म पात्रको दृष्टिकोणमा नायक बन्न सफल भएका छन् । उनले नायक कथालाई अघि बढाउन सहयोगीको भूमिका खेलेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा नायक कथाको केशव सर अनुकूल पात्र हुन् । उनी कठोर अनुशासनका भएपनि शिष्यलाई प्यारो गरेको पाइन्छ । उनलाई ट्यापे, मुन्द्रे र ड्रगिष्ट उरन्ठेउला फेलरहरूले कालोमोसो दलेर गाउँ घुमाए पनि उनीहरूलाई माफ गरिदिएका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा केशव सर स्थिर पात्र हुन् । कठोर अनुशासन, उच्च बौद्धिकता र शिष्य प्रियताले सबैको हृदयमा विराजमान हुन सफल केशव सरले कथाको सुरूदेखि अन्त्यसम्म उच्च र सम्मानित जीवन बिताएका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा केशव सर नेपथ्य पात्र हुन् । कथामा उनले प्रत्यक्ष संवाद गरेको पाइएको छैन ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा उनी नेपथ्य पात्र हुन् । कथामा उनको कतै संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा केशव सर बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउन सकिँदैन ।

**स्वस्तिका**

**स्त्री पात्र :** लिङ्गका आधारमा स्वस्तिका स्त्री पात्र हुन् । चारजना छोराछोरी आमा भएको कुराबाट यसको थप स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा नायक कथाकी स्वस्तिका सहायक पात्र हुन् । श्रीमान्को मृत्यु भएपछि उनले श्रीमान्को रूपमा हर्क मगरलाई घरमा भित्र्याएकी छन् । बाबु मरेपनि उनले छोराछोरीलाई अभिभावकको कमि महशुस हुन दिएकी छैनन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा स्वस्तिका अनुकूल पात्र हुन् । श्रीमान् मरेपनि उनले घरमै अर्को श्रीमान् भित्र्याएर छोराछोरीको राम्रो पालन पोषण गरेकी छन् । छोराछोरीलाई बाबुको कमिको महशुस हुन दिएकी छैनन् ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा स्वस्तिका व्यक्तिगत पात्र हुन् । यसका क्रियाकलाप सामाजिक वा वर्ग विशेषमा नपाइने खालका देखिन्छन् । श्रीमनको मृत्यु पश्चात् उनले हर्क मगरलाई भित्र्याएर अइमाइले पोइला जाने जमानालाई ठाडै चुनौती दिएकी छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा स्वस्तिका नेपथ्य पात्र हुन् । कथामा उनको कतै संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा स्वस्तिका बद्ध पात्र हुन् । उनको उपस्थिति यस कथामा नहुँदो हो त कथानक संरचना भत्कने थियो । त्यसकारण उनी बद्ध पात्र हुन् ।

**गतिशील पात्र :** स्वभावका आधारमा स्वस्तिका गतिशील पात्र हुन् । उनले श्रीमान्को मृत्यु पश्चात् अर्को विवाह गरेर परिस्थिति अनुरूप चलेकी छन् ।

**सारांश**

आख्यान साहित्य भित्र चरित्रको स्थान महत्त्वपूर्ण मानिन्छ । चरित्रविना कथा रचना गर्न नसकिने भएकाले नै चरित्रले कथालाई जीवन्तता प्रदान गर्दछ । कथाका पात्रहरूलाई शैलीवैज्ञानिक पद्धति अनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा स्त्री पात्रहरू र पुरुष पात्रहरू बराबर जस्तो रहेका छन् । यस कथामा प्रमुख पात्रका रूपमा म पात्र रहेका छन्, सहायक पात्रका रूपमा रूद्रप्रसाद, साहिँली बौजु, मनुवा कठायत, केशव सर, स्वस्तिका रहेका छन् भने गौण पात्रका रूपमा काइँला काका, नैने दाइ, नैने दाइकी श्रीमती म पात्रकी आमा रहेका छन् । यस कथाका सबै पात्रहरू अनुकूल नै रहेका छन् । यस कथाका म पात्र र स्वस्तिका बाहेक सबै पात्रहरू स्थिर पात्र हुन् । स्वस्तिका बाहेक अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । यस कथामा नेपथ्य र मञ्चीय पात्र बराबर नै रहेका छन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको छ ।

## तालिका नं. ६

## 'पर्दा' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | सुमन | + | | + | | | + | | | + | + | | + | | + | |
| २ | बैदार | + | | + | | | | + | | + | + | | + | | + | |
| ३ | पटरानी | | + | + | | | | + | + | | | + | + | | + | |
| ४ | खेमचरण | + | | | + | | | + | + | | + | | | + | + | |
| ५ | लौटनप्रसाद | + | | | + | | + | | | + | + | | + | | + | |
| ६ | सीतारमती | | + | | + | | | + | | + | + | | | + | + | |
| ७ | हँसिना | | + | | + | | + | | | + | + | | + | | + | |
| ८ | विफनी | | + | | | + | + | | | + | + | | + | | | + |
| ९ | गङ्गा | | + | | | + | + | | | + | + | | + | | | + |
| १० | मलभन्सा | + | | | | + | + | | | + | + | | + | | | + |
| ११ | भजनलाल | + | | | | + | + | | | + | + | | + | | | + |
| १२ | सखीराम | + | | | | + | + | | | + | + | | | + | | + |
| १३ | महताने | + | | | | + | + | | | + | + | | | + | | + |
| १४ | फूलमती | | + | | | + | | + | + | | + | | | + | + | |
| १५ | इन्द्रकान्त | | + | | | + | | + | + | | + | | | + | + | |
| १६ | जालीराम | + | | | | + | + | | | + | + | | + | | + | |

## सुमन

**पुरुष पात्र :** लिङ्गका आधारमा सुमन पर्दा कथाको पुरुष पात्र हुन् । उनलाई हँसिनाले दादा भनेर सम्बोधन गरेबाट पुरुष पात्र भएको स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा पर्दा कथाको प्रमुख पात्र हुन् । उनी तराइमा हुने गरेका पर्दा पछाडिका शारीरिक शोषण, अन्याय, अत्याचारलाई बाहिर ल्याउन सफल भएका छन् । कथाको सेरोफेरो नै सुमनको उपस्थितिमा घुमेकाले सुमन प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा पर्दा कथाको सुमन अनुकूल पात्र हुन् । कथामा उनको नराम्रो व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा सुमन स्थिर पात्र हुन् । कथामा उनको व्यवहार परिवर्तन भएको पाइँदैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा सुमन वर्गीय पात्र हुन् । उनले समाजका सामान्य पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताको आधारमा सुमन मञ्चीय पात्र हुन् । उनले कथामा प्रत्यक्ष संवाद र वार्तालाप गरेका छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा सुमन यस कथाको बद्ध पात्र हुन् । उनलाई हटाउने हो भने कथा हाडबिनाको मानव शरीर झैँ बन्न पुग्दछ र यो अगाडि बढ्न सक्दैन ।

## बैदार

**पुरुष पात्र :** लिङ्गका आधारमा बैदार पुरुष पात्र हुन् । उनी इन्द्रकान्तको छोरो भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा बैदार पर्दा कथाको प्रमुख पात्र हुन् । उनकै कारणले कथा सुरूदेखि अन्त्यसम्म बढेको छ ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा बैदार प्रतिकूल पात्र हुन् । उनी नारीको बाह्य रूप र सौन्दर्यलाई महत्त्व दिने कामुक स्वभावका हुनाले पाठकमा घृणा उत्पन्न गराई नकारात्मक भावना पैदा गरेकाले प्रतिकूल पात्र हुन् । उनकै कारणले पटरानीले ज्यान गुमाउनु परेको छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा पर्दा कथाका बैदार स्थिर पात्र हुन् । उनी कथाको सुरूदेखि अन्त्यसम्म कामवासनामा डुबेका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा पर्दा कथामा बैदार वर्गीय पात्र हुन् ।  उनले परस्त्रीसँग कामवासनामा लिप्त हुने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा बैदार मञ्चीय पात्र हुन् । उनी मञ्चीय पात्र भएकाले प्रत्यक्ष संवाद र वार्तालापमा सहभागी भएका छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा बैदार बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउने हो भने कथाको संरचना नै भत्कन्छ ।

**पटरानी**

**स्त्री पात्र :** लिङ्गका आधारमा पटरानी स्त्री पात्र हुन् । उनी हँसिनाकी आमा भएबाट अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा पटरानी पर्दा कथाकी प्रमुख पात्र हुन् । उनी आफ्नै घरमा श्रीमान्को आँखा छलेर परपुरूषसँग लागेकी छन् र सोही कारणले ज्यान गुमाउन पुगेकी छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा पर्दा कथाकी पटरानी प्रतिकूल पात्र हुन् । उनी श्रीमान्को आँखा छलेर परपुरूषसँग लागेकी छन् ।

**गतिशील पात्र :** स्वभावका आधारमा पटरानी गतिशील पात्र हुन् । कथामा उनी परिस्थिति अनुरूप चलेकी छन् ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा पटरानी व्यक्तिगत पात्र हुन् । सबै महिलाले श्रीमान् घरमै भएको बेला परपुरूषसँग घरमै कामवासनामा लिप्त हुँदैनन् तर उनले उक्त कार्य गरेको हुँदा यो नितान्त पृथक व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा पटरानी मञ्चीय पात्र हुन् । यस कथामा उनको प्रत्यक्ष संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा पटरानी बद्ध पात्र हुन् । उनको अभावमा कथाले उद्देश्य प्राप्त गर्न सक्दैन ।

**खेमचरण**

**पुरुष पात्र :** लिङ्गका आधारमा खेमचरण पुरुष पात्र हुन् । उनी पटरानीको श्रीमान् भएकाले यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा खेमचरण सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगी भूमिका खेलेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा खेमचरण प्रतिकूल पात्र हुन् । उनले मध्यरातमा बैदारसँग कामवसनामा लीन भएकी श्रीमतीको हत्या गरेका छन् ।

**गतिशील पात्र :** स्वभावका आधारमा खेमचरण गतिशील पात्र हुन् । उनले रिसको आवेगमा आफ्नी श्रीमतीको हत्या गरेका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा खेमचरण वर्गीय पात्र हुन् । उनले थारू बस्तीका जमिनदार वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा खेमचरण नेपथ्य पात्र हुन् । यस कथामा उनको संवाद र वार्तालाप भएको पाईंदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा खेमचरण बद्ध पात्र हुन् । उनको अभावमा कथाले उद्देश्य प्राप्त गर्न सक्दैन ।

### लौटनप्रसाद

**पुरुष पात्र :** लिङ्गका आधारमा लौटनप्रसाद पुरुष पात्र हुन् । उनी सीतारमतीको श्रीमान् हुनाले यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा पर्दा कथाको लौटनप्रसाद सहायक पात्र हुन् । ऋण तिर्न नसकेर बैदारको घरमा कमैया बसेको लौटन प्रसादको अल्पायु मै मृत्यु भएको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा लौटनप्रसाद यस कथाको अनुकूल पात्र हुन् । उनले बैदारको ऋण तिर्न नसकेर कमैया बस्नु परेको छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा लौटनप्रसाद स्थिर पात्र हुन् । सँधै जाँड पिउने लौटन प्रसादको मृत्युको कारण पनि जाँड नै रहेको छ ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा लौटनप्रसाद वर्गीय पात्र हुन् । उनले जमिनदारको ऋण तिर्न नसकेर कमैया बसेका थारू वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताको आधारमा लौटनप्रसाद मञ्चीय पात्र हुन् । उनले यस कथामा संवाद र वार्तालाप गरेको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा लौटनप्रसाद बद्ध पात्र हुन् । उनको अभावमा कथाको उद्देश्य प्राप्त गर्न सकिँदैन ।

## सीतारमती

**स्त्री पात्र** : लिङ्गका आधारमा सीतारमती स्त्रीपात्र हुन् । उनी लौटन प्रसादकी श्रीमती भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र** : कार्यका आधारमा सीतारमती सहायक पात्र हुन् । उनले परपुरूषसँग अवैध सम्बन्ध कायम गरेकी छन् । उनले कथालाई अघि बढाउन सहयोगीको भूमिका निर्वाह गरेको पाइन्छ ।

**प्रतिकूल पात्र** : प्रवृत्तिका आधारमा सीतारमती प्रतिकूल पात्र हुन् । उनले ऋण तिर्न नसकेर कमैया बसेको श्रीमान्को मालिकसँग अवैध सम्बन्ध राखेकी छन् ।

**स्थिर पात्र** : स्वभावका आधारमा सीतारमती स्थिर पात्र हुन् । उनको श्रीमान् हुँदा परपुरूषसँग अवैध सम्बन्ध राख्ने व्यवहारमा श्रीमान्को मृत्यु पश्चात पनि परिवर्तन आएको छैन ।

**वर्गीय पात्र** : जीवनचेतनाका आधारमा सीतारमती वर्गीय पात्र हुन् । उनले श्रीमान् हुँदा मालिकसँग र श्रीमान्को मृत्यु पश्चात पनि परपुरूषसँग सम्बन्ध राख्ने मनसाय भएको महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र** : आसन्नताका आधारमा सीतारमती नेपथ्य पात्र हुन् । उनको संवाद र वार्तालाप कथामा कतै पाइँदैन ।

**बद्ध पात्र** : आबद्धताका आधारमा सीतारमती बद्ध पात्र हुन् । उनलाई कथाबाट झिक्दा कथाको संरचना नै भत्कन्छ ।

**हँसिना**

**स्त्री पात्र :** लिङ्गका आधारमा हँसिना स्त्री पात्र हुन् । उनी पटरानीको छोरी भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा पर्दा कथाकी हँसिना सहायक पात्र हुन् । यस कथामा उनी प्रारम्भ र अन्त्यमा उपस्थित भएकी छन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका निर्वाह गरेको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिको आधारमा हँसिना अनुकूल पात्र हुन् । यस कथामा उनको कहीँ नकारात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा हँसिना स्थिर पात्र हुन् । उनको व्यवहार सुरूदेखि अन्त्यसम्म परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा हँसिना वर्गीय पात्र हुन् । उनले सानैमा आमा गुमाएको थारू महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताको आधारमा हँसिना मन्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा हँसिना बद्ध पात्र हुन् । उनलाई पात्रका रूपबाट हटाइदिने हो भने कथाका उद्देश्य पूरा हुँदैन । त्यसकारण उनलाई हटाइदिँदा कथाको संरचनामा असर पर्दछ ।

**पर्दा कथाको सारांश**

'पर्दा' कथाका पात्रलाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधारमा लिइन्छ । यस कथामा दश जना पुरुष पात्र र छ जना स्त्री पात्र रहेका छन् । यस कथाका सुमन, बैदार, पटरानी, प्रमुख पात्र, खेमचरण, लौटन प्रसाद, सीतारमती, हँसिना, सहायक पात्र र बिफनी, गङ्गा, मलभन्सा, भजनलाल, सखीराम, महताने, फूलमती, इन्द्रकान्ता, जालीराम, गौण पात्र हुन् । यस कथाका बैदार, पटरानी, खेमचरण, सीतारमती, फूलमती, इन्द्रकला अनुकूल पात्र हुन् । पटरानी, खेमचरण, फूलमती, इन्द्रकान्ता गतिशील पात्र हुन् भने अन्य सबै पात्रहरू स्थिर पात्र हुन् । पटरानी व्यक्तिगत पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । यस कथाका सुमन, बैदार, पटरानी, लौटन प्रसाद, हँसिना, बिफनी, गङ्गा, मलभन्सा, भजनलाल, जालीराम मञ्चीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा बद्धभन्दा मुक्त पात्रहरुको बाहुल्यता रहेको पाइन्छ ।

**तालिका नं. ७**

**'पापीघाट' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | करन | + | | + | | | + | | | + | + | | + | | + | |
| २ | लीला | | + | + | | | + | | | + | | + | + | | + | |
| ३ | करनकी आमा | | + | | + | | + | | | + | + | | + | | + | |
| ४ | छक्क बहादुर | + | | | | + | | + | | + | + | | | + | + | |
| ५ | चन्द्रे | + | | | | + | + | | | + | + | | + | | + | |
| ६ | इश्वरी आन्टी | | + | | | + | + | | | + | + | | + | | + | |
| ७ | बिना | | + | | | + | + | | | + | + | | + | | + | |
| ८ | शिवराज | + | | | | + | + | | | + | + | | | + | | + |
| ९ | शुकवीर | + | | | | + | + | | | + | + | | | + | | + |
| १० | डम्मरे दाइ | + | | | | + | + | | | + | + | | | + | | + |
| ११ | गगनेभूल | + | | | | + | + | | | + | + | | | + | | + |

### करन

**पुरुष पात्र :** लिङ्गका आधारमा करन पुरुष पात्र हुन् । लीलाले विवाहको प्रस्ताव राखेबाट यस कुराको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा पापीघाट कथाको करन प्रमुख पात्र हुन् । उनले आफूभन्दा सात वर्ष ठूली केटीसँग प्रेम गरेका छन् । करन र लीला खेलेसँगै कथाको प्रारम्भ भएको छ भने लीलाको मृत्युसँगै अन्त्य भएको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा करन अनुकूल पात्र हुन् । कथाको सुरूदेखि अन्त्यसम्म उनको नराम्रो व्यवहार देखिएको छैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा करन स्थिर पात्र हुन् । कथाको सुरूदेखि अन्त्यसम्म उनको व्यवहार परिवर्तन भएको पाइँदैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा करन वर्गीय पात्र हुन् । उनले गाउँघरमा गोठालो जाने, पढ्न वाहिर जाने र आफूँभन्दा बढी उमेरकी केटीसँग प्रेम गर्ने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा पापीघाट कथाको करन मञ्चीय पात्र हुन् । उनी कथामा प्रत्यक्ष संवाद र वार्तालापमा उपस्थित भएका छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा करन बद्ध पात्र हुन् । यस चरित्रलाई कथाबाट झिक्दा कथाको संरचना भत्किएर उद्देश्य प्राप्ति हुँदैन । यसर्थ करन बद्ध पात्र हुन् ।

### लीला

**स्त्री पात्र :** लिङ्गका आधारमा लीला स्त्री पात्र हुन् । उनले करनलाई विवाहको प्रस्ताव राखेबाट यस कुराको स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा लीला पापीघाट कथाकी प्रमुख पात्र हुन् । कथामा सुरूदेखि अन्त्यसम्म उनको सक्रिय भूमिका भएको पाइन्छ । आफूभन्दा सात वर्ष कान्छो केटासँग विहे गर्ने सपना बोकेकी उनले पापीघाटमा आत्महत्या गर्न पुगेकी छन् ।

**अनुकूल पात्र :** प्रवित्तिका आधारमा लीला अनुकूल पात्र हुन् । उनले आफूभन्दा सात वर्ष कान्छो केटासँग प्रेम गरेपनि बाबुआमाको इच्छा अनुसार छक्कबहादुरसँग विवाह गरेकी छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा लीला स्थिर पात्र हुन् । आफूभन्दा सात वर्ष कान्छो केटासँग बिहे गर्ने चाहना राखेकी उनले विवाह पश्चात् पनि पछि करनसँगै विहे गर्ने चाहना भएको पाइन्छ ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा लीला व्यक्तिगत पात्र हुन् । सबै महिलाले आफूभन्दा कान्छो केटोसँग विवाह गर्ने चाहना राख्दैनन् तर उनले उक्त चाहना राखेको हुँदा यो उनको नितान्त पृथक व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा लीला मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा लीला बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

### करनकी आमा

**स्त्री पात्र :** लिङ्गका आधारमा करनकी आमा स्त्री पात्र हुन् । उनी करनको आमा भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा करनकी आमा सहायक पात्र हुन् । उनले कथालाई पूर्ण रूप दिन सहयोगीको भूमिका निर्वाह गरेकी छन् । उनको कारणले नै लीला र करनको बिछोड हुन पुगेको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा करनकी आमा अनुकूल पात्र हुन् । कथामा सुरूदेखि अन्त्यसम्म उनको कुनै नकारात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा करनकी आमा स्थिर पात्र हुन् । कथामा उनको स्वभावमा परिवर्तन आएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा करनकी आमा वर्गीय पात्र हुन् । उनले एक सामान्य ग्रामीण महिला वर्गको प्रतिनिधित्व गरेकी छन् । छोरो ठूलो भएपछि उनले तराई पढ्न पठाएकी छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा करनकी आमा मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा करनकी आमा बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउँदा कथाको संरचना भत्कन्छ ।

## पापीघाट कथाको सारांश

पापीघाट कथाका पात्रहरूलाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा चार जना स्त्री पात्र र सात जना पुरुष पात्रहरू रहेका छन् । यस कथामा प्रमुख पात्रका रूपमा करन र लीला, सहायक पात्रका रूपमा करनकी आमा र गौण पात्रका रूपमा छक्कबहादुर, चन्द्रे, इश्वरी आन्टी, बिना, शिवराज, शुकवीर, डम्मरे दाइ, गगनेभूल रहेका छन् । यस कथामा छक्कबहादुर प्रतिकूल पात्र हुन् भने अन्य पात्रहरू अनुकूल पात्रहरू हुन् । कथाका सम्पूर्ण पात्रहरू स्थिर रहेका छन् । यसमा लीला व्यक्तिगत पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । करन, लीला, करनकी आमा, चन्द्रे, इश्वरी आन्टी, बिना मञ्चीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा मूक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

## तालिका नं. ८

## 'मध्यान्तर' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | म | | + | + | | | + | | | + | + | | | | + | |
| २ | माइलीमाँ | + | | + | | | + | | | + | + | | + | | + | |
| ३ | कान्छाबा | | + | | + | | + | | | + | + | | + | | + | |
| ४ | डाङ्रे | | + | | | + | + | | | + | + | | + | | + | |
| ५ | धौली | + | | | | + | + | | | + | + | | | + | + | |
| ६ | दोभाने | | + | | | + | + | | | + | + | | + | | + | |
| ७ | खन्टी | | | | | + | + | | | + | + | | | + | + | |
| ८ | पाल्सिङे | + | + | | | + | + | | | + | + | | | + | | + |
| ९ | रतने | | + | | | + | + | | | + | + | | | + | | + |
| १० | माइलाबा | | + | | | + | + | | | + | + | | | + | + | |
| ११ | प्रजापति | | + | | | + | + | | | + | + | | | + | + | |

### म

**पुरुष पात्र :** लिङ्गका आधारमा म पुरुष पात्र हुन् । बम्बै पैसा कमाउन गएबाट यसको पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा म पात्र मध्यान्तर कथाको प्रमुख पात्र हुन् । कथाको सुरूदेखि अन्त्यसम्म म पात्रको उपस्थिति भएको पाइन्छ । म पात्रकै सेरोफेरोमा कथा घुमेकोले उनी यस कथाका प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा मध्यान्तर कथाको म अनुकूल पात्र हुन् । कथामा उनको कतै नकारात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा म स्थिर पात्र हुन् । कथाको सुरूदेखि अन्त्यसम्म उनको व्यवहार परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा म वर्गगत पात्र हुन् । उनले पैसा कमाउन बम्बै जाने गरीब पुरुष वर्गको प्रतिनिधत्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा मध्यान्तर कथाको म नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा मध्यान्तर कथाको म बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

### माइलीमाँ

**स्त्री पात्र :** लिङ्गका आधारमा मध्यान्तर कथाकी माइलीमाँ स्त्री पात्र हुन् । प्रजापतिको आमा भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यत्रका आधारमा मध्यान्तर कथाकी माइलीमाँ प्रमुख पात्र हुन् । उनले कथाको प्रारम्भमा पतिको र अन्त्यमा छोराको मृत्युको पिडा सहनु परेको छ । माइलीमाँले जीवनको मध्यान्तरमा पनि पिडा सहनु परेको छ । सिङ्गो कथानै माइलीमाँको पर्याधारमा घुमेको उनी यस कथाकी प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा मध्यान्तर कथाकी माइलीमाँ अनुकूल पात्र हुन् । कथामा उनको कहिँकतै नकरात्मक व्यवहार पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा माइलीमाँ मध्यान्तर कथाकी स्थिर पात्र हुन् । कथामा उनको व्यवहार कतै परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा मध्यान्तर कथाकी माइलीमाँ वर्गगत पात्र हुन् । उनले श्रीमान् र छोराको मृत्युको पीडा खप्ने गरीब महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा मध्यान्तर कथाकी माइलीमाँ मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पान्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा मध्यान्तर कथाको माइलीमाँ बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

**कान्छाबा**

**पुरुष पात्र :** लिङ्गका आधारमा मध्यान्तर कथाका कान्छाबा पुरुष पात्र हुन् । उनी माइलीमाँको देवर र माइलाबाको भाइ भएबाट यसको पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा मध्यानतर कथाका कान्छाबा सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ । कुष्टरोगी उनका माइला दाइलाई उनले जङ्गलमा छोडेका छन् । उनले माइलीमाँलाई हरकाममा सहयोग गर्ने गरेको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा मध्यान्तर कथाका कान्छाबा अनुकूल पात्र हुन् । उनले माइलाबाको मृत्युको शोकमा डुबेकी भाउजूलाई हरकाममा सहयोग गर्ने वाचा गरेका छन् । उनले माइलीमाँको छोरा मर्दा पनि उनलाई सान्त्वना दिएका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा मध्यान्तर कथाका कान्छाबा स्थिर पात्र हुन् । उनले सुरूदेखि अन्त्यसम्म माइलीमाँलाई सहयोग गरेका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा मध्यान्तर कथाका कान्छाबा वर्गीय पात्र हुन् । उनले समाजको सहयोग पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा मध्यान्तर कथाका कान्छाबा मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा मध्यान्तर कथाका कान्छाबा बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउने हो भने कथा अपूरो हुन्छ ।

## मध्यान्तर कथाको सारांश

'मध्यान्तर' कथाका पात्रलाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा आठ जना पुरुष र तीन जना महिला पात्र रहेका छन् । म पात्र र माइलीमाँ प्रमुख पात्र, कान्छाबा सहायक पात्र र डाङ्रे, धौली, दोभाने, खन्टी, पाल्सिङे, रतने, माइलाबा, प्रजापति गौण पात्रका रूपमा रहेका छन् । यस कथामा सम्पूर्ण पात्रहरू अनुकूल, स्थिर र वर्गीय पात्रका रूपमा रहेका छन् । यस कथाका माइलीमाँ कान्छाबा, डाङ्रे, दोभाने मञ्चीय पात्र हुन् भने अन्य सबै पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

## तालिका नं. ९

## ‘तस्वीर’ कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | अमरकेती | + | | | | | + | | + | | + | | + | | + | |
| २ | अधबैंधे पुरूष | | + | + | | | + | | | + | | | + | | + | |
| ३ | विजय | | + | + | | | + | | | + | + | | + | | + | |
| ४ | स्मृति | + | | | + | + | + | | | + | + | | | + | + | |
| ५ | निशान्त | | + | | + | + | + | | | + | + | | | + | + | |
| ६ | सानोबाबु | | + | | + | + | + | | | + | + | | | + | + | |

## अमरकेती

**स्त्री पात्र :** लिङ्गका आधारमा तस्वीर कथाकी अमरकेती स्त्री पात्र हुन् । दुई छोराछोरीकी आमा र विजयको श्रीमती भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा तस्वीर कथाकी अमरकेती प्रमुख पात्र हुन् । उनले श्रीमान्को मृत्यु, पश्चात, कामका लागि धेरै दुःख र कष्ट पाएकी छन् । कामपाए पनि कुनै काम दिगो भएको छैन । उनले श्रीमान्को तस्वीरसँग मन नबेच्ने, माया नबेच्ने तर शरीर बेचेर पैसा कमाउने, छोराछोरीको इच्छा पूरा गर्ने अनुमति मागेकी छन् । उनले शरीर बेच्ने निर्णय गरेसँगै कथाको अन्त्य भएको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा तस्वीर कथाकी अमरकेती अनुकूल पात्र हुन् । उनले शरीर बेच्ने निर्णय पनि बाध्य भएर गरेको पाइन्छ ।

**गतिशील पात्र :** स्वभावका आधारमा तस्वीर कथाकी अमरकेती गतिशील पात्र हुन् । छोराछोरीको इच्छा, चाहना पूरा गर्न उनले परिस्थिति अनुरूप आफ्नो शरीर बेच्ने निर्णय गरेकी छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा तस्वीर कथाकी अमरकेती वर्गीय पात्र हुन् । उनले गरिबी र अभावका कारण आफ्नो शरीर बेच्न बाध्य महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा अमरकेती मञ्चीय पात्र हुन् । कथामा उनको प्रत्यक्ष संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा तस्वीर कथाकी अमरकेती बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना बन्दैन ।

## अधबैंसे पुरुष

**पुरुष पात्र :** लिङ्गका आधारमा तस्वीर कथाका अधबैंसे पुरुष पात्र हुन् । उनको श्रीमती मालिकसँग गएको भनेबाट यसलाई थप स्पष्ट पारको छ ।

**सहायक पात्र :** कार्यका आधारमा तस्वीर कथाका अधबैंसे पुरुष सहायक पात्र हुन् । उनले यस कथालाई उद्देश्य प्राप्तिमा सहयोग गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा तस्वीर कथाका अधबैंसे पुरुष अनुकूल पात्र हुन् । उनले अमरकेतीलाई शरीरिक सम्बन्ध राख्न जबरजस्ती गरेका छैनन् । उनलाई स्वतन्त्र निर्णय गर्न दिएको पाइन्छ ।

**गतिशील पात्र :** स्वभावका आधारमा तस्वीर कथाका अधबैंसे पुरुष गतिशील पात्र हुन् । उनले आफ्नो श्रीमती मालिकसँग गएपछि विवाह नगर्ने निर्णय गरेका छन् तर यौन पाटर्नर भने खोजेका छन् ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा तस्वीर कथाका अधबैंसे पुरुष व्यक्तिगत पात्र हुन् । सबै पुरूषले विवाह नगरी शारीरिक चाहना पूरा गर्ने काम गर्दैनन् । तर उनले उक्त कार्य गरेको हुँदा यो नितान्त पृथक व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा तस्वीर कथाको अधबैंसे पुरुष मञ्चीय पात्र हुन् । उनले कथामा संवाद र वार्तालाप गरेको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा अधबैंसे पुरुष बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**विजय**

**पुरुष पात्र :** लिङ्गका आधारमा तस्वीर कथाको विजय पुरुष पात्र हुन् । अमरकेतीको श्रीमान् र तीन छोराछोरीको बाबु भएबाट यसको अझ पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा तस्वीर कथाको विजय सहायक पात्र हुन् । उनको मृत्यु भएको कारण नै अमरकेतीले आफ्नो शरीर बेचेर घर चालउने निर्णय गर्नु परेको छ । उनले कथालाई अघि बढाउन सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा तस्वीर कथाको विजय अनुकूल पात्र हुन् । उनले आफ्नो श्रीमती र छोराछोरीलाई अत्यन्तै माया गर्ने गरेको पाइन्छ । तर उनको अल्पायुमै मृत्यु भएको छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा तस्वीर कथाको विजय स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गीय पात्र :** जीवनचेनतनका आधारमा तस्वीर कथाको विजय वर्गीय पात्र हुन् । उनले श्रीमती र छोराछोरीलाई असाध्यै माया गर्ने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा विजय मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा तस्वीर कथाको विजय बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

## ‘तस्वीर’ कथाको सारांश

‘तस्वीर’ कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रर्वत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथाका पात्रहरूलाई हेर्दा अमरकेती, स्मृति, स्त्री पात्र हुन् भने अन्य चार जना पुरुष पात्र हुन् । यस कथाको प्रमुख पात्र अमरकेती, सहायक पात्रहरू अधबैंसे पुरूष, विजय हुन भने स्मृति, निशान्त, सानो बाबु गौण पात्र हुन् । यस कथाका सम्पूर्ण पात्रहरू अनुकूल नै रहेका छन् । यस कथामा अमरकेती, अधबैंसे पुरुष गतिशील पात्र हुन् भने अन्य पात्र स्थिर पात्रका रूपमा रहेका छन् । यस कथामा अधबैंसे पुरुष व्यक्ति पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । यस कथामा मञ्चीय र नेपथ्य पात्रहरू बराबर नै देखिन्छन् । यस कथामा भएका सम्पूर्ण पात्रहरू बद्ध पात्रका रूपमा रहेका छन् ।

## तालिका नं. १०

## 'सेतीको सुस्केरा' कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | सेती दमिनी | + | | | | | + | | + | | | + | + | | + | |
| २ | म पात्र | | + | | | | + | | | + | + | | + | | + | |
| ३ | सेतीका बा | | + | + | | | + | | | + | + | | | + | + | |
| ४ | गोरे सुनार | | + | + | | | + | | | + | + | | | + | + | |
| ५ | कान्छा रजबार | | + | + | | | | | + | | + | | | + | + | |
| ६ | मगर | | + | + | | | | | + | | + | | | + | + | |
| ७ | सेतीका छोरी | + | | + | | | | | | + | + | | | + | | + |
| ८ | सेतीका सासू | + | | | + | | | | | + | + | | | + | + | |
| ९ | सेतीका ससुरा | | + | | + | | | | | + | + | | | + | + | |
| १० | छोरा | | + | | + | | | | | + | + | | | + | | + |
| ११ | मगरकी श्रीमती | + | | | + | | | | | + | + | | | | + | |

## सेती दमिनी

**स्त्री पात्र :** लिङ्गका आधारमा 'सेतीको सुस्केरा' कथाकी सेती स्त्री पात्र हुन् । उनी छोराछोरीको आमा भएबाट यसको स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा सेतीको सुस्केरा कथाकी सेती दमिनी प्रमुख पात्र हुन् । कथाको आरम्भको समाजकल्याण मन्त्रालयको गरिबी निवारण सम्बन्धी महिला उत्थान फाराममा उनलाई विवरणहरू सोधेदेखि सुरू भइ पुलिसले उनको झुपडी जलाएसँगै अन्त्य भएको छ । सिङ्गो कथा नै सेतीको पर्याधारमा घुमेको छ र कथाका सम्पूर्ण घटनाक्रमहरू उनकै केन्द्रीयतामा घुमेको, घटेको र अगाडि बढेको छ । उनको तीन जना श्रीमान्, दुई छोरी चार जना छोरा भएपनि अन्त्यमा एक्लै भएकी छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा सेती दमिनी अनुकूल पात्र हुन् । उनले समाजमा नकरात्मक कार्य गरेको पाइँदैन ।

**गतिशील :** स्वभावका आधारमा सेती दमिनी गतिशील पात्र हुन् । उनले उएटा श्रीमान् मरेपछि अर्कोसँग र अर्को पनि मरेपछि अर्कोसँग विवाह गरेको पाइन्छ । उनले सुख पाउन र सहज जीन्दगी जीउनका लागि तीनओट विवाह गरेको पाइन्छ ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा सेती दमिनी व्यक्तिगत पात्र हुन् । उनले सहज जीन्दगी जीउनको लागि तीन जानसँग विवाह गरेकी छन् भने श्रीमान् मरेपश्चात गर्भवती भएकी छन् । यो उनको नितान्त पृथक र व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताको आधारमा सेती दमिनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको छ ।

बद्ध पात्र : आबद्धताका आधारमा सेती दमिनी बद्ध पात्र हुन् । उनको अभावमा कथा नै निर्माण हुँदैन ।

## म पात्र

**पुरुष पात्र :** लिङ्गका आधारमा सेतीका सुस्केरा कथाको म पात्र पुरुष मात्र हुन् । म पात्रले सेती दमिनीलाई काकी भन्दा उनले गोरेले पनि पहिले मलाई काकी भन्थ्यो भनेबाट यसको पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा सेतीको सुस्केरा कथाको म पात्र सहायक पात्र हुन् । कथामा सुरूदेखि अन्त्यसम्म नै उनको उपस्थिति भएको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिको आधारमा सेतीको सुस्केरा कथाका म पात्र अनुकूल पात्र हुन् । उनले कथामा नकरात्मक कार्य गरेको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा सेतीको सुस्केरा कथाको म पात्र स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा सेतीको सुस्केरा कथाको म पात्र वर्गगत पात्र हुन् । यसमा उनको समाजकल्याण मन्त्रालयको गरिबी निवारण सम्बन्धी महिला उत्थानको फाराम भर्ने कर्मचारीको भूमिका निर्वाह गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा सेतीको सुस्केरा कथाको म पात्र मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा सेतीको सुस्केरा कथाको म पात्र बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## गोरे सुनार

**पुरुष पात्र :** लिङ्गका आधारमा सेतीको सुस्केरा कथाको गोरे सुनार पुरुष पात्र हुन् । उनले सेतीसँग विवाह गरेबाट यसको अझ पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा गोरे सुनार सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा गोरे सुनार अनुकूल पात्र हुन् । उनले बेसहारा सेतीसँग विवाह गरेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा सेतीको सुस्केरा कथाको गोरे सुनार स्थिर पात्र हुन् । कथामा उनको व्यवहार परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा गोरे सुनार वर्गगत पात्र हुन् । कथामा उनले श्रीमान्को मृत्यु भएपछि दुःख पाएकी महिलालाई विवाह गर्ने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताको आधारमा सेतीको सुस्केरा कथाको गोरे सुनार नेपथ्य पात्र हुन् । कथामा उनको कहिँकतै वार्तालाप भएको पाइँदैन ।

**बद्ध पत्र :** आबद्धताको आधारमा सेतीको सुस्केरा कथाको गोरे सुनार बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउन मिल्दैन ।

**कान्छा रजबार**

**पुरुष पात्र :** लिङ्गका आधारमा सेतीको सुस्केरा कथाको कान्छा रजबार पुरुष पात्र हुन् । सेतीलाई कान्छा रजबारले तेरो हातको पानी चल्दैन नत्र कान्छी ठकुरानी बनाउँथे भनेबाट यसको पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा कान्छा रजबार सहायक पात्र हुन् । उनले सेतीलाई गर्भवती बनाएपछि मगरलाई जिम्मा लगाएका छन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा कान्छा रजबार प्रतिकूल पात्र हुन् । उनले सेतीलाई गर्भवती नहुन्जेल माया गर्ने गर्भवती भएपछि मगरलाई जिम्मा लगाएर पठाएका छन् । उनी नारीको बाह्य रूप र सोन्दर्यलाई महत्त्व दिने कामुक स्वभावका हुनाले पाठकमा घृणा उत्पन्न गराई नकरात्मक भावना पैदा गरेकाले प्रतिकूल पात्र हुन् ।

**गतिशील पात्र :** स्वभावका आधारमा कान्छा रजबार गतिशील पात्र हुन् । उनले आफ्नो फाइदा अनुसार व्यवहार परिवर्तन गरेका छन् ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा कान्छा रजबार वर्गगत पात्र हुन् । उनले कामवासनामा रमाउने, नारीको बाह्य रूप र सौन्दर्यलाई महत्त्व दिने पुरुष वर्गको प्रतिनिधित्व गरेको छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा कान्छा रजबार नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धका आधारमा कान्छा रजबार बद्ध पात्र हुन् । उनको अभावमा कथाले उद्देश्य प्राप्त गर्न सक्दैन ।

**मगर**

**पुरुष पात्र :** लिङ्गका आधारमा मगर पुरुष पात्र हुन् । उनले सेतीसँग बिहे गरेबाट यसको अझ पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यको आधारमा मगर सहायक पात्र हुन् । उनले कान्छा रजबारको गर्भ बोकेकी सेतीसँग विवाह गरेका छन् र सेतीलाई धोका दिएर आफ्नै जातकी केटीसँग विवाह गरेका छन् । उनले कथालाई उद्देश्य प्राप्तिमा सहयोग गरेको पाइन्छ ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा मगर प्रतिकूल पात्र हुन् । उनले पैसाको लोभमा कान्छा रजबारको गर्भ बोकेकी सेतीसँग विवाह गरेको र पछि धोका दिएकाले पनि यस कुराको पुष्टि हुन्छ ।

**गतिशील पात्र :** स्वभावका आधारमा मगर गतिशील पात्र हुन् । पैसा लिएर सेतीलाई स्वीकार्नु, माया गर्नु पछि सेतीलाई धोका दिएर अर्कै मगर्नी केटीसँग विवाह गर्नुले उनी गतिशील पात्र भएको पुष्टि हुन्छ ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा मगर वर्गगत पात्र हुन् । उनले पैसा लिएर अर्काकी श्रीमतीलाई विवाह गर्ने र पछि धोका दिएर अर्कै केटीसँग विवाह गर्ने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा मगर सेतीको सुस्केरा कथाको नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा मगर बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

**सेतीकाबा**

**पुरुष :** लिङ्गका आधारमा सेतीकाबा पुरुष पात्र हुन् । सेतीकाबा भएबाट यसको अझ पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा सेतीकाबा यस कथाको सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका निर्वाह गरेको पाइन्छ । सेती दुई वर्षको हुँदा आमालाई सेतीले बगायो तर पनि उनले विवाह नगरी छोरीको पालनपोषण गरेर चौध वर्षको उमेरमा विवाह गरिदिए ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा सेतीका बा अनुकूल पात्र हुन् । सेती दुई वर्षको हुँदा उसकी आमालाई सेतीले बगायो त्यपछि उनको विवाह नै नगरी छोरीको पालन पोषण गरेको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा सेतीकाबा स्थिर पात्र हुन् । कथामा उनको व्यवहार परिवर्तन भएको पाइँदैन ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा सेतीका बा व्यक्तिगत पात्र हुन् । उनले जवानीमै श्रीमतीको मृत्यु हुँदा पनि अर्को विवाह नै नगरी छोरीलाई पालेर बसेको पाइन्छ । यस्तो कार्य समाजमा थोरै व्यक्तिले मात्र गर्दछन् । यो उनको नितान्त व्यक्तिगत सवाल हो ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा सेतीकाबा नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा सेतीकाबा बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

## सेतीका सुस्केरा कथाको सारांश

सेतीका सुस्केरा कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्न लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा चारजना स्त्री पात्र र सात जना पुरुष पात्र रहेका छन् । यस कथामा सेती दमिनी प्रमुख पात्र, म पात्र, सेतीका बा, गोरे सुनार, कान्छा रजबार, मगर, ससूरा, सेतीको छोरा, मगरकी श्रीमती गौण पात्रका रूपमा रहेका छन् । सेती दमिनी, म पात्र, सेतीका बा, गोरे सुनार, सेतीका छोरा, छोरी अनुकूल पात्र हुन् भने अन्य सबै पात्रहरू प्रतिकूल पात्र हुन् । सेती दमिनी, कान्छा रजबार, मगर गतिशील पात्र हुन् भने अन्य सबै पात्रहरू स्थिर पात्र हुन् । सेती दमिनी, व्यक्ति पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । सेती दमिनी र म पात्र मञ्चीय मात्र हुन् भने अन्य सबै पात्रहरू नेपथ्य पात्रहरू हुन् । यस कथामा मुक्त पात्रको भन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

## तालिका नं. ११

## ‘कालीको गीत’ कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | काली बौजु | + | + | + | | | + | + | | + | + | | | + | + | |
| २ | कैले दाइ | | + | | + | | + | | | + | + | | | + | + | |
| ३ | म पात्र | | + | | | | + | | | + | + | | | + | + | |
| ४ | कालीबौजुका छोरा | | + | | | + | + | | | + | + | | | + | | |
| ५ | कालीबौजुका छोरी | + | | | | + | + | | | + | + | | | + | | |
| ६ | कालीबौजुका बा | | + | | | + | + | | | + | + | | | + | | |
| ७ | कालीबौजुका आमा | + | | | | + | + | | | + | + | | | + | | |
| ८ | बूढी स्त्रीहरू | + | | | | + | + | | | + | + | | | + | | |
| ९ | युवतीहरू | + | | | | + | + | | | + | + | | | + | | |
| १० | केटाकेटीहरू | | | | | + | + | | | + | + | | | + | | + |

## काली बौजु

**स्त्री पात्र :** लिङ्गका आधारमा कालीको गीत कथाकी काली बौजु स्त्री पात्र हुन् । उनको श्रीमान् र छोराछोरी भएबाट यसको अझ प्रष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा कालीको गीत कथाकी कालीबौजु प्रमुख पात्र हुन् । गीत गाएर सबैलाई मन्त्रमुग्ध पार्ने कालीको गीतको वर्णनसँगै कथाको प्रारम्भ भएको छ भने काली पागल भएको कुरा उल्लेख गरेसँगै अन्त्य भएको छ । उनी छोराछोरी र श्रीमान्लाई महाकाली नदीले बगाएर लगेको पीडा सहन नकेर पागल बन्न पुगेकी छन् । कथा नै उनको पर्याधारमा घुमेकोले उनी उस कथाकी प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा काली बौजु अनुकूल पात्र हुन् । कथामा उनको कहिँकतै नकारात्मक कार्य पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा काली बौजु स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा कालीबौजु वर्गगत पात्र हुन् । उनले छोराछोरी, श्रीमान्, इष्टमित्र सबै गुमाएर पागल भएकी महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा काली बौजु नेपथ्य पात्र हुन् । कथामा उनको संवाद कहिँकतै भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा काली बौजु बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## कैले दाइ

**पुरुष पात्र :** लिङ्गका आधारमा कैले दाइ पुरुष पात्र हुन् । उनी काली बौजुको श्रीमान् र चार छोराछोरीको बाबु भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा कैले दाइ सहायक पात्र हुन् । उनले धन कमाउन बाहिर गएर छोराछोरीको राम्रो पालन पोषण गरेका छन् । उनले कथालाई अगाडि बढाउन सहयोगी पात्रको भूमिका निर्वाह गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा कैले दाइ अनुकूल पात्र हुन् । उनले यस कथामा एक असल श्रीमान् र असल बाबुको भूमिका निर्वाह गरेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा कैले दाइ स्थिर पात्र हुन् । कथामा उनको व्यवहार परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा कैले दाइ वर्गगत पात्र हुन् । उनले गरीब, दलित, धन कमाउन बाहिर जाने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा कैले दाइ नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा कैले दाइ बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## कालीको गीत कथाको सारांश

'कालीको गीत' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रर्वत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा स्त्री र पुरुष पात्र बराबर जस्तो रहेका छन् । यस कथामा कालीबौजु प्रमुख पात्र हुन्, कैले दाइ सहायक पात्र हुन् भने म पात्र, कालीबौजुका छोराछोरी, बाबुआमा, श्रीमान्, युवतीहरू, केटाकेटीहरू, बूढी स्त्रीहरू गौण पात्रका रूपमा रहेका छन् । यस कथाका सम्पूर्ण पात्रहरू अनकूल, स्थिर, वर्गगत, नेपथ्य र बद्ध पात्रका रूपमा रहेका छन् ।

## तालिका नं. १२

## ‘एउटा भोकको अन्त्य’ कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | कोइली रोकाय | + | | + | | | + | | + | | + | | + | | + | |
| २ | म पात्र | | + | | + | | + | | | + | + | | + | | + | |
| ३ | कोइलीको श्रीमान् | | + | | + | | | + | | + | + | | | + | + | |
| ४ | पुलिस | | + | | | + | + | | | + | + | | + | | + | |
| ५ | कोइलीकी आमा | + | | | | + | + | | | + | + | | + | | + | |
| ६ | कोइलीकी छोरा | | + | | | + | + | | | + | + | | | | + | |
| ७ | कोइलीकी छोरी | + | | | | + | + | | | + | + | | | | + | + |
| ८ | कोइलीकी सासू | + | | | | + | + | | | + | + | | | | | + |
| ९ | कोइलीको ससुरा | | + | | | + | + | | | + | + | | | | | + |
| १० | नरेन्द्र | | + | | | + | + | | | + | + | | | | | + |

## कोइली रोकाया

**स्त्री पात्र :** लिङ्गका आधारमा कोइली रोकाया स्त्री पात्र हुन् । उनी दुई छोराछोरीका आमा भएबाट यसको अझ पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा कोइली रोकाया प्रमुख पात्र हुन् । कथाको आधारमा कोइलीको रूपकी वर्णन गरेदेखि सुरू भइ उनको मृत्युको वर्णन गरी अन्त्य भएको छ । सिङ्गो कथा नै उनको पर्याधारमा घुमेको छ र कथाका सम्पूर्ण घटनाक्रम उनकै केन्द्रीयतामा घटेका र अगाडि बढेको हुनाले पनि उनी प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा कोइली रोकाया यस कथाकी अनुकूल पात्र हुन् । कथामा उनको नकरात्मक व्यवहार भएको पाइँदैन ।

**गतिशील पात्र :** स्वभावका आधारमा कोइली गतिशील पात्र हुन् । उनले छोराछोरीलाई पालनपोषण गर्न नकको आत्महत्या गर्न पुगेकी छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा कोइली वर्गीय पात्र हुन् । उनले गरीब भएको कारण आफूँ छोराछोरीको पालपोषण गर्न नसकी छोराछोरी सहित आत्महत्या गर्ने महिला वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा कोइली रोकाया मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा कोइली रोकाया बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउन सकिँदैन । उनलाई हटाउने हो भने कथा हाडबिनाको मानव शरीर झैँ बन्न पुग्दछ र यो अगाडि बढ्न सक्दैन ।

## म पात्र

**पुरुष पात्र :** लिङ्गका आधारमा म पात्र पुरुष पात्र हुन् । उनले कोइली रोकायासँग विवाह गर्ने चाहना राखेबाट यसको अझ पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा म पात्र यस कथाको प्रमुख पात्र हुन् । कथाको आरम्भ उनले कोइलीको रूपको वर्णन गरेदेखि सुरू भइ कोइलीको आत्महत्यासँगै एउटा भोकको अन्त्य भएको कुरा उल्लेख गरेबाट अन्त्य भएको छ । कथालाई अगाडि बढाउन उनले सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधामा म पात्र यस कथाको अनुकूल पात्र हुन् । कथामा उनको नकरात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा म पात्र स्थिर पात्र हुन् । कथामा व्यवहार परिवर्तन भएको पाइँदैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा म पात्र वर्गीय पात्र हुन् । उनले कसैलाई मनमनै मनपराउने तर व्यक्त गर्न नसक्ने प्रेमीको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा म पात्र मञ्चीय पात्र हुन् । कथामा उनको प्रत्यक्ष संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा म पात्र बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउन मिल्दैन ।

### कोइली रोकायाको श्रीमान्

**पुरुष पात्र :** लिङ्गका आधारमा कोइली रोकायाका श्रीमान् पुरुष पात्र हुन् । उनी कोइलीको श्रीमान् भएबाट अझ यसको पुष्टि हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा कोइली रोकायाका श्रीमान् सहायक पात्र हुन् । उनकै कारणले श्रीमतीले छोराछोरीसहित आत्महत्या गर्नु परेको छ । उनले कथालाई उद्देश्य प्राप्तिमा सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा कोइली रोकायाका श्रीमान् प्रतिकूल पात्र हुन् । उनले आफ्नो परिवारको पालपोषण गरेका छैनन् । उनले आफ्नो परिवारलाई गर्नुपर्ने कर्तव्यसम्म पूरा गरेका छैनन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा कोइली रोकायाका श्रीमान् स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा कोइली रोकायाका श्रीमान् वर्गगत पात्र हुन् । उनले धन कमाउन बाहिर गएर घर परिवारलाई वास्ता नगर्ने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा कोइली रोकायाका श्रीमान् नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप कहिँकतै भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा कोइली रोकायाका श्रीमान् बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

## एउटा भोकको अन्त्य कथाको सारांश

'एउटा भोकको अन्त्य' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधारमा लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा चार जना स्त्री र छ जना पुरुष पात्रहरु रहेका छन् । प्रमुख पात्रका रूपमा कोइली रोकाया, सहायक पात्रका रूपमा म पात्र र कोइली रोकायाका श्रीमान् रहेका छन् भने गौण पात्रका रूपमा कोइली रोकायाकी आमा, छोराछोरी, पुलिस, कोइलीका सासू, ससूरा, नरेन्द्र रहेका छन् । कोइलीको श्रीमान् प्रतिकूल पात्र हुन् भने अन्य सबै पात्रहरू अनुकूल पात्र हुन् । कोइली रोकाया गतिशील पात्र हुन् भने अन्य सबै पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् । यस कथाका सम्पूर्ण पात्रहरू वर्गीय पात्र हुन् । यस कथाका कोइली रोकाया, कोइली रोकायाकी आमा, म पात्र, पुलिस, मञ्चीय पात्र हुन् भने अन्य सबै पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

**तालिका नं. १३**

**'भर्जिन' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | सारिका | + | | + | | + | + | | | + | + | | + | | + | |
| २ | पत्रकार | | + | + | | + | + | + | | + | + | | + | | + | |
| ३ | सारिकाको श्रीमान् | | + | | + | | | + | + | + | | | + | | + | |
| ४ | सारिकाको छोरा | | + | | | + | + | + | | + | + | | | + | | + |
| ५ | सारिकाको दिदी | + | | | | + | + | | | + | + | | | + | + | |
| ६ | सारिकाको दिदीको छोरा | | + | | | + | + | + | | + | + | | | + | + | |
| ७ | सारिकाको आमा | + | | | | + | + | | | + | + | | | + | + | |
| ८ | सारिकाको बाबु | | + | | | + | | | | + | + | | | + | + | |
| ९ | सारिकाको बहिनी | + | | | | + | + | | | + | + | | | + | + | |
| १० | गौरी | + | | | | + | + | | | + | + | | | + | | + |
| ११ | तारा | + | | | | + | + | | | + | + | | | + | + | |
| १२ | देशी | | + | | | + | | | | + | + | | | + | + | |
| १३ | पुलिस | | + | | | + | | | | + | + | | | | + | |

## सारिका

**स्त्री पात्र :** लिङ्गका आधारमा सारिका स्त्री पात्र हुन् । उनको श्रीमान् र छोरा भएबाट पनि स्त्री पात्र भएको प्रष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा सारिका प्रमुख पात्र हुन् । उनले यस कथामा यौनकर्मीको भूमिका निर्वाह गरकी छन् । उनले यही पेशाबाट पैसाकमाएर घर खर्च टार्ने गरेकी छन् । सिङ्गो कथा नै सारिकाको पर्याधारमा घुमेको छ र कथाका सम्पूर्ण घटनाक्रमहरू उनकै केन्द्रीयतामा घुमेका, घटेका र अगाडि बढेको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा सारिका अनुकूल पात्र हुन् । कथामा उनले कहिँकतै नकरात्मक कार्य गरेको पाइँदैन ।

स्थिर पात्र : स्वभावका अधारमा उनी स्थिर पात्र हुन् । विवाह अघि र विवाह पछि पनि उनले देह व्यापार गरेको पाइन्छ ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा सारिका वर्गीय पात्र हुन् । उनले यौन व्यवसायका लागि मानसिक रूपले तयार हुन नसकेपछि आफूलाई भर्जिनको नसामा उत्रेर आफ्नो शरीर बेच्न बाध्य विपन्न, अशिक्षित, वादी समुदायका महिला वर्गको प्रनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा सारिका मञ्चीय पात्र हुन् । कथामा उनको प्रत्यक्ष संवाद र वार्तालाभ भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा सारिका बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

## पत्रकार

**पुरुष पात्र :** लिङ्गका आधारमा पत्रकार पुरुष पात्र हुन् । उनी सारिकासँग शरीरिक सम्बन्ध राख्न गएबाट यसको पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा पत्रकार यस कथाको प्रमुख पात्र हुन् । कथा उनकै केन्द्रीयतामा घुमेको पाइन्छ । उनले वादी समुदायका युवती, किशोरी, आइमाईहरू आफ्नो पेट पाल्न र आर्थिक समस्या टार्न परम्परादेखि नै यौन व्यवसायमा लागेर जीवन बाँच्न बाध्य भएका वादी समुदायको कारूणिक घटनाको चित्रण बाहिर ल्याउन खोजेको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा पत्रकार अनुकूल पात्र हुन् । उनले यस कथामा वादी महिलाका कथाव्यथा प्रस्तुत गर्न खोजेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा पत्रकार स्थिर पात्र हुन् । उनी जुन उद्देश्यले सारिकासँग गएका छन्, सो उद्देश्य पूरा गर्न सफल भएका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा पत्रकार वर्गीय पात्र हुन् । उनले वादी समुदायका युवती, किशोरी, महिलाहरूको कथाव्यथा बाहिर ल्याउने पत्रकार वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा पत्रकार मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा पत्रकार बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**सारिकाको श्रीमान्**

**पुरुष पात्र :** लिङ्गका आधारमा सारिकाको श्रीमान् पुरुष पात्र हुन् । उनी सारिकाको श्रीमान् भएबाट यसको अझ प्रष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा सारिकाको श्रीमान् सहायक पात्र हुन् । उनले आर्थिक समस्या टार्न आफ्नै श्रीमतीलाई देह व्यापार गर्न लगाएको पाइन्छ । उनले कथालाई अघि बढाउन सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा सारिकाको श्रीमान् प्रतिकूल पात्र हुन् । उनले अरूबेला श्रीमतीलाई माया गरेपनि रक्सी खाएको बेला कुट्ने गरेको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा सारिकाको श्रीमान् स्थिर पात्र हुन् । उनले एउटा छोरा पाएकी श्रीमतीलाई पनि देह व्यापार गर्न बाध्य बनाएको पाइन्छ ।

**वर्गीय पात्र :** जीवनचेतनाको आधारमा सारिकाको श्रीमान् वर्गीय पात्र हुन् । उनले घरको आर्थिक समस्या टार्न श्रीमतीलाई देह व्यापार गर्न लगाउने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा सारिकाको श्रीमान् मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा सारिकाको श्रीमान् बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

## 'भर्जिन' कथाको सारांश

'भर्जिन' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा स्त्री र पुरुष बराबर जस्तो देखिन्छन् । यस कथामा प्रमुख भूमिकामा सारिका, पत्रकार रहेका छन्, सहायक भूमिकामा सारिकाको श्रीमान् र गौण भूमिकामा सारिकाको छोरा, बा, आमा, दिदी, बहिनी, दिदीको छोरा, देशी, पुलिस, गौरी, तारा, रहेका छन् । यस कथामा सारिकाको श्रीमान्, बाबु, देशी, पुलिस प्रतिकूल पात्र हुन् भने अन्य सबै पात्रहरू अनुकूल हुन् । यस कथाका सम्पूर्ण पात्रहरू स्थिर र वर्ग पात्रका रूपमा रहेका छन् । सारिका, पत्रकार र सारिकाको श्रीमान् मञ्चीय पात्र हुन् भने अन्य सबै नेपथ्य पात्रहरू हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको छ ।

## तालिका नं. १४

## 'मुक्ति' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | करूणा शाही | + | | + | | | | + | | + | + | | + | | + | |
| २ | राजु | | + | | + | | | + | | + | + | | | + | + | |
| ३ | गोविन्द भट्ट | | + | + | | | + | | | + | | + | + | | + | |
| ४ | मनु | | + | | | + | + | | | + | + | | | + | + | |
| ५ | विपशा | + | | | | + | + | | | + | + | | | + | | + |
| ६ | उद्देश्य | | + | | | + | + | | | + | + | | | + | | + |
| ७ | चौकीदार | | + | | | + | + | | | + | + | | | + | + | |

**करूणा शाही**

**स्त्री पात्र :** लिङ्गका आधारमा करूणा शाही स्त्री पात्र हुन् । उनी गाविन्द भट्टकी श्रीमती भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा करूणा शाही प्रमुख पात्र हुन् । कथा उनकै केन्द्रीयतामा घुमेको, घटेको र अगाडि बढेको पाइन्छ । श्रीमान् वनारस जाँदा उनले राजुबाट यौनइच्छा पूरा गरेकी छन् । श्रीमान्ले उनलाई आफ्नो जीवनबाट मुक्त गरेसँगै कथाको अन्त्य भएको छ ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा करूणा शाही यस कथाकी प्रतिकूल पात्र हुन् । उनले श्रीमान्को अभावमा र सँगै हुँदाहुँदै पनि आँखा छली यौनइच्छा पूरा गर्न परपुरूषसँग अवैध सम्बन्ध राखेकी छन् । उनको यस्तो व्यवहारले समाजमा नकारात्मकता सिर्जना गरेको छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा करूण शाही स्थिर पात्र हुन् । श्रीमान् वनारसमा हुँदा राजुबाट यौनइच्छा पूरा गरेकी छन् भने श्रीमान् सँगै हुँदा पनि उनको व्यवहारमा कतै परिवर्तन आएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा करूणा शाही वर्गीय पात्र हुन् । उनले विवाहित भएर पनि परपुरूषसँग यौन सम्बन्ध गर्ने महिला वर्गको प्रतिनिधितव गरेको पाइन्छ ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा करूणा मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा करूणा बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**गोविन्द भट्ट**

**पुरुष पात्र :** लिङ्गका आधारमा गोविन्द भट्ट पुरुष पात्र हुन् । उनी करूणाको श्रीमान् भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा गोविन्द भट्ट प्रमुख पात्र हन् । उनले करूणालाई मन्दिरमा विवाह गरेदेखि कथाको सुरू भई करूणालाई चौकीदारसँग विवाह गरिदिएर आफूले वैवाहिक जीवनबाट मुक्ति पाएसँगै अन्त्य भएको पाइन्छ । सिङ्गो कथा नै उनको पर्याधारमा घुमेको हुनाले उनी यस कथाका प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा गोविन्द भट्ट अनुकूल पात्र हुन् । आफ्नो श्रीमतीले परपुरूषसँग अनैतिक सम्बन्ध राखेपनि उनले कुनै आक्रोस व्यक्त गरेका छैनन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा गोविन्द भट्ट स्थिर पात्र हुन् । कथाको सुरूदेखि अन्त्यसम्म उनको स्वभाव परिवर्तन भएको पाइँदैन । श्रीमतीलाई अरूसँग विहे गर्दिदाँ पनि उनले आक्रोस व्यक्ति गरेका छैनन् ।

**व्यक्तिगत पात्र :** जीवनचेतनाका आधारमा गोविन्द भट्ट व्यक्तिगत पात्र हुन् । श्रीमान्ले अर्कैसँग अनैतिक सम्बन्ध राखेको थाहा पाएर कमै पुरूषले आक्रोस व्यक्त नगरी विहे गर्दिन्छन् । यो उनको नितान्त व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा मुक्ति कथाका गोविन्द भट्ट मञ्चीय पात्र हुन् । कथामा उनको संवाद भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा मुक्ति कथाका गोविन्द भट्ट बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## राजु

**पुरुष पात्र :** लिङ्गका आधारमा राजु पुरुष पात्र हुन् । करूणासँग शरीरिक सम्बन्ध राखेबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा राजु यस कथाको सहायक पात्र हुन् । उनले गोविन्द भट्टकी श्रीमतीसँग अनैतिक सम्बन्ध रोखका छन् । उनले कथालाई उद्देश्य प्राप्तिमा पुग्नको लागि सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा राजु प्रतिकूल पात्र हुन् । उनले विवाह नगरी अर्काको श्रीमतीसँग अनैतिक सम्बन्ध राखेको पाइन्छ । उनको जस्तो व्यवहारले समाजमा नकारात्मकता सिर्जना गरेको छ । उनलाई पाठकवर्गले घृणाका रूपमा लिएको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा राजु स्थिर पात्र हुन् । उनले अनैतिक सम्बन्ध कायम गरेकी करूणालई श्रीमान्ले आफूसँग विहे गर्दिंदा चुपचाप बसेको पाइन्छ ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा राजु वर्गगत पात्र हुन् । उनले अविवाहित भएर पनि विवाहित महिलासँग अनैतिक सम्बन्ध राख्ने पुरूषवर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा राजु नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा राजु बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## मुक्ति कथाको सारांश

'मुक्ति' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा दुई जना स्त्री पात्र र पाँच जना पुरुष पात्र रहेका छन् । यस कथाका करूणा शाही, गोविन्द भट्ट प्रमुख पात्र, राजु सहायक पात्र, मनु, विपाशा, उद्देश्य, चौकीदार गौण पात्र हुन् । यस कथाका करूणा, राजु, चौकीदार प्रतिकूल पात्र हुन् भने अन्य सबै पात्रहरू अनुकूल पात्र हुन् । यस कथाका सम्पूर्ण पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् । कथामा गोविन्द भट्ट व्यक्ति पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । यस कथाकी करूणा शाही र गोविन्द भट्ट मञ्चीय पात्र हुन् भने अन्य सबै पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

## तालिका नं. १५

## 'यथार्थ भ्रम' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | इन्द्रा | + | | + | | | + | | + | | + | | | + | + | |
| २ | इन्द्राको श्रीमान् | | + | + | | | + | | | + | + | | + | + | + | |
| ३ | करूणा | + | | | | + | | | | + | + | | + | + | + | |
| ४ | नरे | | + | | + | | | + | | + | + | | + | + | + | |
| ५ | इन्द्राकी सासू | + | | | | + | + | | | + | + | | | + | + | |
| ६ | चन्द्रे दमाई | | + | | | + | | + | | + | + | | + | + | + | |
| ७ | बैदार | | + | | | + | | + | | + | + | | | + | + | |
| ८ | तालुके | | + | | | + | | + | | + | + | | | + | + | |

**इन्द्रा**

**स्त्री पात्र :** लिङ्गका आधारमा इन्द्रा स्त्री पात्र हुन् । उनको श्रीमान् र छोरी भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा इन्द्रा यथार्थ भ्रम कथाकी प्रमुख पात्र हुन् । नरेले लगाएको इन्द्राको श्रीमान्ले भैंसीलाई करनी गरेको आरोप गाउँलेहरूले सावित गरेको पाइन्छ । इन्द्रा र इन्द्राकी सासू समेत भ्रम यथार्थ भएको कुरामा विश्वास गरेको पाइन्छ । इन्द्राकै कारण श्रीमान्ले घर छोडेर गएको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा इन्द्रा अनुकूल पात्र हुन् । भैंसीलाई करनी गरेको कुरा गाउँलेहरूले सावित गरेपछि उनले श्रीमान्लाई घर छोडेर जाने आदेश दिएकी छन् । उनले श्रीमान् घर फर्केपछि सो कुरामा पश्चताप गरेकी छन् ।

**गतिशील पात्र :** स्वभावका आधारमा इन्द्रा गतिशील पात्र हुन् । श्रीमान् घर छोडेर गएपछि उनले पछुताएकी छन् र पछि श्रीमान् घर आएपछि माफ गरेकी छन् ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा इन्द्रा वर्गगत पात्र हुन् । उनले भ्रमलाई यथार्थ मानेर श्रीमान्लाई घरबाट बाहिर निकालेकी छन् । उनले यस कथामा गरिब, दुखी महिलावर्गको प्रनिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा नेपथ्य पात्र हुन् कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा इन्द्रा बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**इन्द्राको श्रीमान्**

**पुरुष पात्र :** लिङ्गका आधारमा इन्द्राको श्रीमान् पुरुष पात्र हुन् । उनी इन्द्राको श्रीमान् भएबाट यसको प्रष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यको आधारमा इन्दाको श्रीमान् प्रमुख पात्र हुन् । भैंसीलाई करनी गरको कुरा नरे र गाउँलेहरूले सावित गरेपछि उनी गाउँ छोड्न बाध्य भएका छन् । उनले एक्काइस वर्ष पछि घर फर्कँदा आमा र इन्द्रालाई पहिलेको अवस्थामा भएको कल्पना गर्दछन् पछि उनीहरूलाई भेटेपछि सो कल्पनाको यथार्य भ्रममा परिणत भई कथाको अन्त्य भएको छ । कथा उनकै पर्याधारमा घुमेकाले उनी यस कथाको प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा इन्द्राको श्रीमान् अनुकूल पात्र हुन् । नगरेकै कामको आरोप लागेपछि उनी घर छोड्न बाध्य भएका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । उनलाई लागेको आरोप झुट भएपनि उनले सावित गर्न सकेका छैनन् । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गगत पात्र हुन् । उनलाई लागेको आरोप झुट भएपनि सावित गर्न सकेनन् । उनले आफूलाई निर्दोष सावित गर्न नसक्ने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा उनी नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथा हाड बिनाको मानव शरीरझैं बन्न पुग्छ ।

**नरे**

**पुरुष पात्र :** लिङ्गका आधारमा नरे पुरुष पात्र हुन् । भैंसी दुहुन गएको इन्द्राको श्रीमान्सँग झगडा गरेबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा नरे सहायक पात्र हुन् । उनले भ्रमलाई यथार्थ बनाएर सावित **गरेका छन् ।** उनकै कारण इन्द्राको श्रीमान्ले घर छाड्नु परेको छ । उनले कथालाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेका छन् ।

**प्रतिकूल पात्र :** स्वभावका आधारमा उनी प्रतिकूल पात्र हुन् । उनले बदला लिनकै लागि इन्द्राको श्रीमान्को जीन्दगी वर्वाद पारेका छन् । यो उनको नकरात्मक कार्य हो ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गगत पात्र हुन् । बदलाकै भावनाका कारण उनी इन्द्राको श्रीमान्लाई फसाउन सफल भएका छन् । उनले अर्कालाई फसाई जीन्दगी ववार्द पार्ने पुरुष वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा उनी नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना नै भत्कन्छ ।

## यथार्थ भ्रम कथाको सारांश

'यथार्थ भ्रम' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा तीन जना स्त्री र पाँच जना पुरुष पात्र रहेका छन् । यस कथामा नरे प्रतिकूल पात्र हुन् भने अन्य सबै पात्रहरू अनुकूल पात्र हुन् । यस कथाकी इन्द्रा गतिशील पात्र हुन् अन्य सबै पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् । कथाका सबै पात्रहरू वर्गगत, नेपथ्य र मञ्चीय पात्रका रूपमा रहेका छन् ।

**तालिका नं. १६**

**'वीरबहादुर' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | बीरबहादुर | | + | + | | | + | | | + | | + | + | | + | |
| २ | प्रेमलता | + | | + | | | + | | | + | | + | + | | + | |
| ३ | पत्रकार | | + | | + | | + | | + | | + | | + | | + | |
| ४ | सुब्बा | | + | | + | | | + | | + | + | | + | | + | |
| ५ | असै | | + | | | + | + | | | + | + | | + | | + | |
| ६ | राजन | | + | | + | | | + | | + | + | | | + | + | |
| ७ | ठकुरी हाकिम | | + | | | + | + | | | + | + | | | + | + | |
| ८ | महिलाहरू | + | | | | + | + | | | + | + | | | + | + | |

**वीरबहादुर**

**पुरुष पात्र :** लिङ्गका आधारमा वीरबहादुर पुरुष पात्र हुन् । प्रेमलताको श्रीमान् भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा वीरबहादुर प्रमुख पात्र हुन् । उनकै कारणले कथा सुरूदेखि अन्त्यसम्म बढेको पाइन्छ । उनी प्रेमलताको नाममात्रको श्रीमान् भएपनि उनले एक असल र इमान्दार श्रीमान्को भूमिका निर्वाह गरेका छन् । राजनले गर्भवती बनाएर छोडेकी प्रेमलतालई सहारा दिएर बाँच्ने आधार दिएको पाइन्छ । प्रेमलताकै कारण उनी जेलसम्म जानु परेको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा वीरबहादुर अनुकूल पात्र हुन् । उनी प्रेमलताको नाम मात्रको श्रीमान् भएपनि असल र इमान्दार श्रीमान् भएको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा वीरबहादुर स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**व्यक्ति पात्र :** जीवनचेतना आधारमा उनी व्यक्ति पात्र हुन् । प्रेमलताको छोरालाई बाबुको नाम दिएर उनी प्रेमलताको नाम मात्रको श्रीमान् बनेका छन् । समाजमा यस्तो थोरै मात्र मान्छेले अर्काको बच्चालाई आफ्नो नाम दिएर नाम मात्रको बाबु र श्रीमान् बनेको पाइन्छ । यो उनको नितान्त व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा वीरबहादुर श्रीमान् वीरबहादुर कथाको मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताको आधारमा उनी बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउँदा कथाको संरचना भत्कन्छ र कथा हाडबिनाको मानव शरीरझैँ बन्न पुग्दछ ।

**प्रेमलता**

**स्त्री पात्र :** लिङ्गका आधारमा प्रेमलता यस कथाकी स्त्री पात्र हुन् । उनी वीरबहादुरकी श्रीमती भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा प्रेमलता प्रमुख पात्र हुन् । प्रेमलताको पीडा, व्याथा र आँसुलाई पत्रकार, मिडिया, पुलिसलेसमेत आफ्नो खाने थलो बनाएपछि उनी झन दुखी भएको पाइन्छ । राजनले गर्भवती बनाएर छोडेपछि उनले दुःख र संघर्ष गर्नु परेको छ । उनले समाजमा कुनै प्रेमबाट धोका खाएका, घरबाट निकालिएका, कुनै पुरूषको वासनाका शिकार भएका, बेचिएका नारीलाई रोजगार दिएर आर्थिक रूपले सक्षम बनाएकी छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा प्रेमलता उअनुकूल पात्र हुन् । उनी एक कर्मठ, इमान्दार, सहनशील हुनुका साथै अनुकूल पात्र हुन् । उनले बेसाहारा युवती, महिलाहरूलाई स्वतन्त्र तरिकाले बाँच्न र उनीहरूको आर्थिक स्तर माथि उठाउन रोजगारी दिएको पाइन्छ । उनले समाजमा सकारात्मक कार्य गरेको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा प्रेमलता स्थिर पात्र हुन् । राजनले गर्भवती बनाएर छोडेपनि उनले आफ्नो स्वभाव सिद्धान्त र जीवनधारालाई परिवर्तन गरेकी छैनन् ।

**व्यक्ति पात्र :** जीवनचेतनाका आधारमा प्रेमलता व्यक्ति पात्र हुन् । उनले आफ्नो स्तर र जात नमिल्ने पुरूषलाई आफ्नो श्रीमान्को दर्जा दिइकी छन् । यो उनको नितान्त व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा प्रेमलता मञ्चीय पात्र हुन् । उनी मञ्चीय पात्र हुनाले प्रत्यक्ष संवाद र वार्तालापमा सहभागी भएकी छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा प्रेमलता बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउन सकिँदैन । उनलाई हटाउने हो भने कथा हाडबिनाको मानव शरीरझैँ बन्न पुग्दछ र यो अगाडि बढ्न सक्दैन ।

**राजन**

**पुरुष पात्र :** लिङ्गका आधारमा राजन पुरुष पात्र हुन् । उनी प्रेमलताको प्रेमी भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा राजन सहायक पात्र हुन् । उनकै कारण प्रेमलताले कथामा अनेक विसङ्गति व्यहोर्नु परेको छ ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा राजन प्रतिकूल पात्र हुन् । उनले प्रेमलता गर्भवती भएपछि उनको खोज खबर गरेका छैनन् । उनको जस्तो व्यवहारले समाजमा नकरात्मक सिर्जना गरेको छ । उनलाई पाठकवर्गले घुणाको रूपमा लिएको पाइन्छ ।

**स्थिर पात्र :** स्वभावका आधारमा राजन स्थिर पात्र हुन् । प्रेमलतालाई भर्गवती बनाएर छोड्दा उनको विचारमा कतै परिवर्तन आएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा राजन वर्गीय पात्र हुन् । उनले प्रेमी बनेर मौकाको फाइदा उठाउने र गर्भवती भएपछि छोड्ने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा राजन नेपथ्य पात्र हुन् । कथामा उनको कहिँकतै संवाद र वार्तालाप भएको पाइँदैन । उनको प्रसङ्ग प्रेमलताले निकालेको मात्र पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा राजन बद्ध पात्र हुन् । उनको उपस्थिति यस कथामा नहुँदो हो त कथाको संरचना भत्कने थियो । त्यसकारण उनी बद्ध पात्र हुन् ।

**सुब्बा**

**पुरुष पात्र :** लिङ्गका आधारमा सुब्बा पुरुष पात्र हुन् । उनले वीरबहादुरलाई तेरी बूढी दुई हजारमा मिलाइदे भनेबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा उनी सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका खेलेका छन् । उनकै कारण कथा उद्देश्य प्राप्तिमा सफल भएको छ ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा सुब्बा प्रतिकूल पात्र हुन् । उनी कामवासनामा रमाउने पुरूषको भूमिकामा रहेका छन् । उनी नारीको बाह्य रूप र सौन्दर्यलाई महत्त्व दिने कामुक स्वभावका हुनाले पाठकका मनमा घृणा उत्पन्न गराई नकरातमक भावना पैदा गरेकाले प्रतिकूल पात्र हुन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा सब्बा स्थिर पात्र हुन् । उनकै गल्ती भएपनि उनले अन्त्यसम्म सो कुरा नस्विकारेको पाइन्छ ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा सुब्बा वर्गीय पात्र हुन् । उनले नारीको बाह्य रूप र सौन्दर्यलाई महत्त्व दिने कामुक स्वभाव भएको पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा सुब्बा मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा सुब्बा बद्ध पात्र हुन् । उनको अभावमा कथाले उद्देश्य प्राप्त गर्न सक्दैन ।

**पत्रकार**

**पुरुष पात्र :** लिङ्गका आधारमा पत्रकार पुरुष पात्र हुन् । प्रेमलताले उनलाई भाइ भनेर सम्बोधन गरेबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा पत्रकार सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका खेलेका छन् । उनी प्रेमलताको वितेको जीन्दगीको सहस्य खोल्न सफल भएका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् । कथामा उनको नकरात्मक कार्य भएको पाइँदैन ।

**गतिशील पात्र :** स्वभावका आधारमा पत्रकार गतिशील पात्र हुन् । पहिले उनले कुनै पुरूषबाट धोका खाएका, घरबाट निकालिएका, कुनै पुरूषको वासनाका सिकार भएका, बेचिएका नारीहरूलाई महत्त्वकासाथ पत्रिकामा लेख्ने गरेको र प्रेमलताको कथा, व्यथा सुनेपछि त्यस्ता कुरालाई सानो शीर्षकमा कथा बनाउने निर्णय गरेको पाइन्छ । उनको पहिले र पछि त्यस्ता नारीहरूलाई हेर्ने दृष्टिकोणमा फरक भएको पाउन सकिन्छ ।

**वर्गगत पात्र :** जीवचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले यस कथामा एक असल पत्रकारको प्रनिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा पत्रकार मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा पत्रकार बद्ध पात्र हुन् । उनको अभावमा कथाले उद्देश्य प्राप्त गर्न सक्दैन । त्यसैले उनी बद्ध पात्र हुन् ।

## श्रीमान् वीरबहादुर कथाको सारांश

'श्रीमान् वीरबहादुर' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धतको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा एक जना स्त्री पात्र र छ जना पुरुष पात्रका रूपमा रहेका छन् । यस कथामा वीरबहादुर, प्रेमलता प्रमुख पात्र, पत्रकार, सुब्बा, असै, राजन सहायक पात्र ठकुरी हाकिम र महिलाहरू गौण पात्रका रूपमा रहेको पाइन्छ । यस कथाका सुब्बा र राजन प्रतिकूल पात्र हुन् भने अन्य सबै पात्रहरू अनुकूल पात्र हुन् । यस कथाका पत्रकार गतिशील पात्र हुन् भने अन्य सबै पात्रहरू स्थिर पात्र हुन् । यस कथाका वीरबहादुर र प्रेमलता व्यक्ति पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । यस कथामा नेपथ्यभन्दा मञ्चीय पात्रको बाहुल्यता भएको पाइन्छ । यस कथाका सम्पूर्ण पात्रहरू बद्ध पात्रका रूपमा रहेका छन् ।

## तालिका नं. १७

## 'श्रीमती जुगुनीदेवी' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | जुगुनीदेवी | + | | + | | | | + | + | + | + | + | + | | + | |
| २ | चुन्नुलाल | | + | | + | | + | | | + | + | | + | | + | |
| ३ | फिरूलाल | | + | + | | | | + | | + | + | | + | | + | |
| ४ | आशमती | + | | | + | | | + | | + | + | | + | | + | |
| ५ | वंशराम | | + | | + | | | + | | + | + | | | + | + | |
| ६ | जगतराम | | + | | | + | | + | | + | + | | | + | | + |
| ७ | चुइयाँ | | + | | | + | | + | | + | + | | | + | | + |
| ८ | थरथरी | | + | | | + | | + | | + | + | | | + | | + |
| ९ | फाल्गुना | + | | | | + | | + | | + | + | | | + | | + |
| १० | विफनी | + | | | | + | | + | | + | + | | | + | | + |
| ११ | कृष्ण | | + | | | + | | + | | + | + | | | + | | + |
| १२ | सरिता | + | | | | + | | + | | + | + | | | + | | + |
| १३ | सोमन | | + | | | + | | + | | + | + | | | + | | + |
| १४ | थङ्गिराम | | + | | | + | | + | | + | + | | | + | | + |

## जुगुनीदेवी

**स्त्री पात्र :** लिङ्गका आधारमा जुगुनीदेवी स्त्री पात्र हुन् । उनी चुन्नुलालकी श्रीमती भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा जुगुनीदेवी प्रमुख पात्र हुन् । उनी आफ्नो श्रीमान्सँग सन्तुष्ट भएपनि अरूको देखेर परपुरूषसँग अनैतिक सम्बन्ध कायम गर्न आतुर भएकी छन् । कथा उनकै पर्याधारमा घुमेकाले उनी यस कथाकी प्रमुख पात्र हुन् ।

**प्रतिकूल पात्र :** स्वभावका आधारमा जुगुनीदेवी प्रतिकूल पात्र हुन् । उनको वैवाहिक जीवन राम्ररी नै चलेपनि अरूको देखेर परपुरूषसँग अनैतिक सम्बन्ध राख्न आतुर भएकी छन् । यसले समाजमा नकारात्मकता सिर्जना गर्दछ ।

**गतिशील पात्र :** स्वभावका आधारमा उनी गतिशील पात्र हुन् । सुरूमा जुगुनीदेवी आफ्नो श्रीमान्बाट सन्तुष्ट भएकी र पछि वंशराम र आशामतीलाई रङ्गेहात भेटेपछि परपुरूषसँग अनैतिक सम्बन्ध राख्न आतुर भएको देखिन्छ । कथामा उनको स्वभावमा परिवर्तन आएको छ ।

**व्यक्ति पात्र :** जीवनचेतनाका आधारमा जुगुनीदेवी व्यक्ति पात्र हुन् । उनी आफ्नो श्रीमान्सँग सन्तुष्ट हुँदाहँदै पनि अर्काको देखेर नै अनैतिक कार्य गर्न आतुर भएकी छन् । यो उनको नितान्त व्यक्तिगत सवाल हो ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा जुगुनीदेवी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा जुगुनीदेवी बद्ध पात्र हुन् । उनको अभावमा कथा हाडबिनाको मानव शरीर झैँ बन्न पुग्छ र कथा बन्न सक्दैन ।

## फिरूलाल

**पुरुष पात्र :** लिङ्गका आधारमा फिरूलाल पुरुष पात्र हुन् । उनी जुगुनीदेवीसँग आकर्षित भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा फिरूलाल प्रमुख पात्र हुन् । अर्केकी श्रीमती जुगुनीदेवीलाई उनले आँखा लगाएका छन् । कथा उनकै पर्याधारमा घुमेकोले उनी कथाका प्रमुख पात्र हुन् ।

**प्रतिकूल पात्र :** आधारमा फिरूलाल प्रतिकूल पात्र हुन् । उनले अर्काकी श्रीमतीलाई आँखा लगाएका छन् । उनको जस्तो व्यवहारले समाजमा नकारात्मकता सिर्जना गर्दछ ।

**स्थिर पात्र :** स्वभावका आधारमा फिरूलाल स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको छैन । कथाको सुरूदेखि अन्त्यसम्म उनले जुगुनीदेवीलाई जिस्क्याएको पाइन्छ ।

**वर्गीय पात्र :** स्वभावका आधारमा उनी वर्गीय पात्र हुन् । उनले कामवासनामा रमाउने त्यसका लागि अर्काकी श्रीमतीलाईसमेत नछोड्ने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन्छ । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**चुन्नुलाल**

**पुरुष पात्र :** लिङ्गका आधारमा चुन्नुलाल पुरुष पात्र हुन् । उनी जुगुनीदेवीको श्रीमान् भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा उनी सहायक पात्र हुन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका विवाह गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्ति आधारमा उनी अनुकूल पात्र हुन् । कथामा उनले नराकारत्मक कार्य गरेको गरेको पाइँदैन । उनले परिश्रम गरेर श्रीमतीलाई पालेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । भोकाएर आएको बेला श्रीमतीले आफ्नो घरमा खाना नपकाई अर्कैकोमा गएर खाना खाँदा पनि उनले आक्रोस व्यक्त गरेका छैनन् ।

**वर्गीय पात्र :** जीवनचेतनका आधारमा चुन्नुलाल वर्गीय पात्र हुन् । श्रीमतीले आँखा छलेर परपुरूषसँग लागेको पनि थाहा नपाउने साझो, इमान्दार, परिश्रमी गरिब पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ । त्यसैले उनी मञ्चीय पात्र हुन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । कथामा उनको उपस्थिति नहुँदो हो त कथाको संरचना नै भत्कन्छ ।

**आशामती**

**स्त्रीपात्र :** लिङ्गका आधारमा आशामती स्त्रीपात्र हुन् । उनी छोराकी आमा भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** लिङ्गका आधारमा आशामती सहायक पात्र हुन् । उनकै कारण कथा अगाडि बढेको छ । उनकै कारण जुगुनीदेवीले आफ्नो श्रीमान् हुँदाहुँदै परपुरूषको चाहना राखेकी छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा आशामती प्रतिकूल पात्र हुन् । घरमै श्रीमान् हुँदाहुँदै उनी श्रीमान्को आँखाछली परपुरूषसँग लागेकी छन् । यो उनको नकरात्मक कार्य हो ।

**स्थिर पात्र :** स्वभावका आधारमा आशामती स्थिर पात्र हुन् । जुगुनीदेवीले आशामती र वंशरामबीच भएको घटना प्रत्यक्ष देखेपनि उनले व्यवहारमा परिवर्तन आएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा आशामती वर्गीय पात्र हुन् । उनले श्रीमान् साथमा हुँदा पनि श्रीमान्को आँखा छलेर परपुरूषसँग लाग्ने महिला वर्गको प्रतिनिधित्व गरेकी छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा आशामती मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**नेपथ्य पत्र :** आबद्धताका आधारमा आशामती बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**वंशराम**

**पुरुष पात्र :** लिङ्गका आधारमा वंशराम पुरुष पात्र हुन् । उनले आशामतीसँग अनैतिक सम्बन्ध राखेबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा वंशराम सहायक पात्र हुन् । वंशरामकै कारण कथाले उद्देश्य प्राप्त गर्न सफल भएको छ । वंशराम र आशामतीकै कारण जुगुनीदेवी अनैतिक कार्य गर्न प्रेरित भएकी छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा वंशराम प्रतिकूल पात्र हुन् । उनले विवाहित आशामतीलाई आफ्नो कामवासनाको शिकार बनाएका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा वंशराम स्थिर पात्र हुन् । जुगुनीदेवीले आशामती र उनलाई रङ्गेहात पकडेपछि पनि उनको व्यवहारमा परिवर्तन आएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा वंशराम वर्गीय पात्र हुन् । उनले कामवासनामा रमाउने, त्यसका लागि अर्काकी श्रीमतीलाई समेत नछोड्ने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा वंशराम नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन । उनको प्रसङ्ग जुगुनीदेवी र आशामतीले निकालेको मात्र पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा वंशराम यस कथाको बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## श्रीमती जुगुनीदेवी कथाको सारांश

श्रीमती जुगुनीदेवी कथालाई शैलीवैज्ञनिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा पाँच जना स्त्री पात्र र नौ जना पुरुष पात्र भएको पाइन्छ । यस कथामा जुगुनीदेवी, फिरूलाल प्रमुख पात्रका रूपमा, चुन्नुलाल, आशामती, वंशराम सहायक पात्रका रूपमा र जगतराम, चुइँया, थरथरी, फाल्गुना, विफनी, कृष्ण, सरिता, खोमन, भङ्गिराम गौण पात्रका रूपमा रहेका छन् । यस कथामा चुन्नुलाल अनुकूल र अन्य सबै पात्रहरू प्रतिकूल पात्रका रूपमा रहेका छन् । यस कथाकी जुगुनीदेवी गतिशील पात्र हुन भने अन्य सबै पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् । यस कथाकी जुगुनीदेवी व्यक्ति पात्र हुन्, अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । जुगुनीदेवी, चुन्नुलाल, फिरूलाल, आशामती मञ्चीय पात्र हुन् भने अन्य सबै पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा बद्धभन्दा मुक्त पात्रको बाहुल्यता भएको पाइन्छ ।

**तालिका नं. १८**

**'साइबर सेक्स' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | तारा सलोनी | + | | + | | | | + | + | + | | + | | + | + | |
| २ | इन्द्रकुमार | | + | + | | | | + | | + | + | | | + | + | |
| ३ | चक्रे | | + | | + | | | + | | + | + | | + | | + | |
| ४ | म पात्र | | + | | + | | + | | | + | + | | + | | + | |
| ५ | ताराको पहिलो श्रीमान् | | + | | + | | + | | | + | + | | | + | + | |
| ६ | एसपी सूर्य विक्रम | | + | | | + | | + | | + | + | | | + | + | |
| ७ | पुनम | + | | | | + | | | | + | + | | | + | + | |
| ८ | वकिल गौरीशङ्कर | | + | | | + | | | | + | + | | | + | | + |
| ९ | होटलकी युवती | + | | | | + | | | | + | + | | + | | | + |
| १० | इन्स्पेक्टर शुधाशु शर्मा | | + | | | + | | | | + | + | | | + | | + |
| ११ | रिवाना | + | | | | + | | | | + | + | | | + | | + |
| १२ | चन्द्र अधिकारी | | + | | | + | | | | + | + | | + | | | + |

## तारा सलोनी

**स्त्री पात्र :** लिङ्गका आधारमा तारा सलोनी स्त्री पात्र हुन् । उनका दुई श्रीमान् र दुई छोरा भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा तारा सलोनी यस कथाकी प्रमुख पात्र हुन् । उनले आफ्नो श्रीमान् र दुई छोरा छोडेर एसपीसँग गएकी छन् । एसपीको मृत्यु पश्चात चक्रेसँग र चक्रेपछि आफ्नै छोरा इन्द्रकुमारसँग साइबर सेक्स गरिरहेको कुरा थाहा पाएपछि उनले आत्म हत्या गरेकी छन् । कथा उनकै पर्याधारमा घुमेकोले उनी प्रमुख पात्र हुन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा तारा सलोनी प्रतिकूल पात्र हुन् । उनले आफ्नो परिवारलाई आफ्नो महत्त्वकांक्षालाई बढी महत्त्व दिएकी छन् । उनको उच्च महत्त्वकांक्षाले गर्दा आफ्नै छोरासँग साइबर सेक्स गरेकी छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । उनको जीवन नयाँनयाँ श्रीमान् र प्रेमी खोज्दै वितेको छ । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**व्यक्ति पात्र :** जीवनचेतनका आधारमा उनी व्यक्ति पात्र हुन् । उनलाई श्रीमान् र छोराछोरीको कुनै मतलब छैन । उनको जीन्दगी नयाँनयाँ श्रीमान् र प्रेमी खोज्दै वितेको छ । समाजका सबै महिलाको व्यवहार यस्तो पाइँदैन । त्यसैले यो उनको नितान्त व्यक्तिगत सवाल हो ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा तारा सलोनी नेपथ्य पात्र हुन् । कथामा उनको संवाद वार्तालाप भएको पाइँदैन । उनको प्रसङ्ग चक्रेले निकालेको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## इन्द्रकुमार

**पुरुष पात्र :** लिङ्गका आधारमा इन्द्रबहादुर यस कथाको पुरुष पात्र हुन् । उनी तारा सलोनीको छोरा भएबाट यसको पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा इन्द्रबहादुर प्रमुख पात्र हुन् । उनले राम्रोसँग परिचय नै नगरी आफ्नै आमासँग साइबर सेक्स गरेका छन् । उनले कथाको उद्देश्य प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा इन्द्रबहादुर प्रतिकूल पात्र हुन् । उनले राम्रोसँग परिचय नै नगरी आफ्नै आमासँग साइबर सेक्स गर्न पुगेका छन् । यो उनको लगत कार्य हो ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले प्रत्यक्ष मान्छे नदेखी फेसबुकबाट प्रेम र साइबर सेक्स गर्ने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा साइबर सेक्स कथाको इन्द्रबहादुर नेपथ्य पात्र हुन् । कथामा उनको कहिँकतै संवाद भएको पाइँदैन । उनको प्रसङ्ग चक्रले निकालेको मात्र पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा इन्द्रबहादुर बद्ध पात्र हुन् । उनको अभावमा कथाले उद्देश्य प्राप्त गर्न सक्दैन । कथाको संरचना भत्कन्छ त्यसैले उनी यस कथाको बद्ध पात्र हुन् ।

**चक्रे**

**पुरुष पात्र :** लिङ्गका आधारमा चक्रे पुरुष पात्र हुन् । उनले सलोनीलाई प्रेम गरेबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा चक्रे सहायक पात्र हुन् । उनले यस कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनकै कारण तारको मृत्यु भएको रहस्य खुलेको छ ।

**प्रतिकूल पत्र :** प्रवृत्तिका आधारमा चक्रे प्रतिकूल पात्र हुन् । तारा समेत उनको पाँचजना श्रीमती भएको कुरा कथामा उल्लेख गरिएको छ । उनी नारीको बाह्य रूप र सौन्दर्यलाई महत्त्वदिने कामुक स्वभावका भएको पाइन्छ । यसले समाजमा नकारात्मकता सिर्जना गर्दछ ।

**स्थिर पात्र :** स्वभावका आधारमा चक्रे स्थिर पात्र हुन् । तारा उनको जीवनमा आउनुभन्दा पहिले चारजनासँग विहे गरेको कथामा उल्लेख भएको पाइन्छ । उनको परस्त्रीसँग लाग्ने स्वभावमा परिवर्तन आएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले नयाँनयाँ प्रेमिका बनाउने, कामवासनामा रमाउने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा यस कथाको चक्रे मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा चक्रे बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**म पात्र**

**पुरुष पात्र :** लिङ्गका आधारमा यस कथाको म पुरुष पात्र हुन् । उनी पुनमको प्रेमी भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा म सहायक पात्र हुन् । कथाको प्रारम्भ नै उनीबाट भएको छ । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका खेलेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिको आधारमा म अनुकूल पात्र हुन् । कथामा उनको कहिँकतै नकारात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले एक असल, इमान्दार पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा म मञ्चीय पात्र हुन् । कथमा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

### ताराको पहिलो श्रीमान्

**पुरुष पात्र :** लिङ्गका आधारमा यस कथाको ताराको पहिलो श्रीमान् पुरुष पात्र हुन् । उनी ताराको श्रीमान् भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा उनी अनुकूल पात्र हुन् । श्रीमती अरूसँग लाग्दा पनि उनले स्वीकारेको र छोराछोरीलाई राम्रोसँग शिक्षादीक्षा दिएको पाइन्छ ।

**अनुकूल पात्र :** प्रवृत्तिको आधारमा उनी सहायक पात्र हुन् । उनी एक असल, इमान्दार श्रीमान् र बाबु भएको पाइन्छ । श्रीमती अरूसँग लाग्दा पनि उनले स्वीकारेका छन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका खेलेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको व्यवहार परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । श्रीमतीले छोडेर गएपनि बिचलित नभई छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा उनी नेपथ्य पात्र हुन् । कथामा उनको संवाद कहिँकतै भएको पाइँदैन । उनको प्रसङ्ग चक्रेले निकालेको मात्र पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन्छ । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## एसपी सूर्य विक्रम

**पुरुष पात्र :** लिङ्गका आधारमा उनी पुरुष पात्र हुन् । उनी ताराको श्रीमान् भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा उनी सहायक पात्र हुन् । उनले कथालाई उद्देश्य प्राप्तिमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा उनी प्रतिकूल पात्र हुन् । उनले महिलाको वाहिरी सौन्दर्यलाई महत्त्व दिएका छन् । उनले अर्काकी श्रीमती भगाएर लगेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गगत पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले महिलाको बाहिरी सौन्दर्यलाई महत्त्व दिने, अर्काकी श्रीमतीलाई भगाएर लने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा उनी नेपथ्य पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइँदैन ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

## साइबर सेक्स कथाको सारांश

'साइबर सेक्स' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा चार जना स्त्री पात्र र आठ जना पुरुष पात्र रहेको पाइन्छ । यस कथाका तारा सलोनी, इन्द्रकुमार प्रमुख, चक्रे, म पात्र, तारोका पहिलो श्रीमान्, एसपी सूर्य विक्रम सहायक पात्र, र पुनम, गौरीशङ्कर, होटलकी युवती, शुधाशुं शर्मा, रिवाना, चन्द्र अधिकारी गौण पात्र हुन् । यस कथामा तरा सलोनी, इन्द्रकुमार, चक्रे, सूर्य विक्रम प्रतिकूल पात्रका रूपमा रहेका छन् भने अन्य सबै पात्रहरू अनुकूल पात्रका रूपमा रहेका छन् । यस कथाका सम्पूर्ण पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् । तारा सलोनी व्यक्ति पात्र हुन् भने अन्य सबै पात्रहरू वर्गीय पात्र हुन् । यस कथाका चक्रे, म पात्र, होटलकी युवती मञ्चीय पात्र हुन् भने अन्य सबै पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

## तालिका नं. १९

## 'दियो जलिरहेछ' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | थारू समुदायको समूह | | | + | | | | | + | | + | | + | | + | |
| २ | पहाडी समुदायको समूह | | | + | | | + | | + | | + | | + | | + | |
| ३ | महिलाहरूको समूह | | | + | | + | + | | | + | + | | | + | + | |
| ४ | हत्या भएको बालक | | + | | | + | + | | | + | + | | | + | + | |
| ५ | हत्या भएका सुरक्षाकर्मी | | + | | | + | + | | | + | + | | | + | + | |
| ६ | रेवन्ती दिदी | + | | | | + | + | | | + | + | | + | | + | |
| ७ | प्रेमलाल चौधरी | | + | | | + | + | | | + | + | | | + | + | |
| ८ | रमिला चौधरी | + | | | | + | + | | | + | + | | | + | | + |
| ९ | मञ्जु शर्मा | + | | | | + | + | | | + | + | | | + | | + |
| १० | आरती रोकाय | + | | | | + | + | | | + | + | | | + | | + |
| ११ | फुलमती कठरिया | + | | | | + | + | | | + | + | | | + | | + |
| १२ | थारू मिस्त्रीहरू | | + | | | + | | + | + | | + | | + | | | |
| १३ | हंशराज उपाध्याय | | + | | | + | + | | | + | + | | | + | | + |
| १४ | मंगली साउद | + | | | | + | + | | | + | + | | | + | | + |
| १५ | बैजयन्ती चौधरी | + | | | | + | + | | | + | + | | | + | | + |
| १६ | सुनिल महतो | | + | | | + | + | | | + | + | | | + | | + |
| १७ | राजऐरी | | + | | | + | + | | | + | + | | | + | + | |

## थारू समुदाय

**पुरुष पात्र :** लिङ्गका आधारमा थारू समुदाय पुरुष पात्र हुन् । पुरुषहरु मात्र आन्दोलन गर्न अग्रसर भएकाले यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा थारू समुदाय प्रमुख पात्र हुन् । कथा उनीहरूकै केन्द्रीयतामा घुमेको छ । उनीहरू लडाइँ, झगडा, आन्दोलन गर्न आक्रोशित र उत्तेजित देखिन्छन् । उनीहरूले एक निर्दोष बालकको र सुरक्षाकर्मीहरूको हत्या समेत गरेका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा थारू समुदाय प्रतिकूल पात्र हुन् । पहिले मिलेर बसेका थारू समुदाय र पहाडी समुदाय पछि लडाइँ, झगडा गर्न तम्सिएका छन् । थारू समुदायले एक बालक र आठ सुरक्षाकर्मीहरूको निर्मम हत्या समेत गरेको छ ।

**गतिशील पात्र :** स्वभावका आधारमा थारू समुदाय गतिशील पात्र हुन् । पहिले थारू समुदाय पहाडी समुदायसँग मिलेर बसेको पाइन्छ पछि लडाइँ, झगडा गर्न उत्तेजित देखिन्छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा थारू समुदाय वर्गीय पात्र हुन् । उनीहरूले धेरै जनताले थैरै जनतालाई शासन गर्न पाउनुपर्ने भन्दै छुट्टै राज्यको माग सहित आन्दोलन गरेको पाइन्छ । उनीहरूले वर्गीय प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा थारू समुदाय मञ्चीय पात्र हुन् । थारू समुदायले पहाडी समुदायसँग आक्रोस पोख्दै झगडा गरेका छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा पहाडी समुदाय बद्ध पात्र हुन् । थारू समुदायको अभावमा कथा बन्न सक्दैन ।

## पहाडी समुदाय

**पुरुष पात्र :** लिङ्गका आधारमा पहाडी समुदाय पुरुष पात्र हुन् । पहाडी पुरुषहरू मात्र आन्दोलन गर्न अग्रसर भएकाले यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा पहाडी समुदाय प्रमुख पात्र हुन् । कथा उनीहरूकै केन्द्रीयतामा घुमेको पाइन्छ । आन्दोलन गर्न थारू समुदाय अग्रसर भएपछि पहाडी समुदाय पनि आक्रोशित भएका छन् ।

**प्रतिकूल पात्र :** प्रवृत्तिका आधारमा पहाडी समुदाय प्रतिकूल पात्र हुन् । आन्दोलन गर्न थारू समुदाय अग्रसर भएपछि उनीहरू पनि पछि परेका छैनन् । आन्दोलनमा उनीहरू पनि उत्तिकै सहभागी भएका छन् ।

**गतिशील पात्र :** स्वभावका आधारमा पहाडी समुदाय गतिशील पात्र हुन् । पहिले मिलेर बसेका दुई समुदाय पछि लडाइँ, झगडा गर्न तम्सिएका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा पहाडी समुदाय वर्गीय पात्र हुन् । उनीहरूले आन्दोलन गर्न अग्रसर आन्दोलनकारी वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारम पहाडी समुदाय मञ्चीय पात्र हुन् । उनीहरूले थारू समुदायसँग आक्रोश पोख्दै झगडा गरेका छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा पहाडी समुदाय बद्ध पात्र हुन् । कथाबाट उनीहरूलाई हटाउन मिल्दैन ।

**महिलाहरूको समूह**

**स्त्री पात्र :** लिङ्गका आधारमा उनीहरू स्त्री पात्र हुन् । उनीहरू कसैको छोरी, श्रीमती र आमा भएबाट यसको अझ पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा महिलाहरूको समूह प्रमुख पात्र हुन् । प्रहरीले रोक्न नसकेको आन्दोलनलाई उनीहरूले नै रोक्न र शान्ती स्थापना गर्न सफल भएका छन् । यस कथाको नायकको रूपमा महिलाहरूको समूह रहेको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा महिलाहरूको समूह अनुकूल पात्र हुन् । पुलिसले पनि रोक्न नसकेको नरसंहारको भीडन्त रोक्न र शान्ति स्थापना गर्न उनीहरू सफल भएका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा महिलाहरूको समुह स्थिर पात्र हुन् । महिलाहरू शान्त, मायालु, स्वभावका हुन्छन् । उनीहरू द्वन्द्व झगडा भन पराउँदैनन् । फलस्वरूप उनीहरुले झगडा, द्वन्द्वलाई अन्त्य गर्दै शान्ति स्थापना गरेका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा महिलाको समूह वर्गीय पात्र हुन् । उनीहरूले द्वन्द्व मननपराउने शान्त, मायालु महिला वर्गको प्रतिनिधित्व गरेका छन् ।

**नेपथ्य पात्र :** आसन्नताका आधारमा महिलको समूह नेपथ्य पात्र हुन् । कथामा उनीहरूको संवाद र वार्तालाप भएको पाइँदैन । आक्रोशित आन्दोलनलाई भीडन्तलाई उनीहरूले नबाली नै शान्त पारेका छन् ।

**बद्ध पात्र :** आबद्धताका आधारमा महिलाको समूह बद्ध पात्र हुन् । कथाबाट महिलाको समूहरूलाई हटाउन मिल्दैन ।

## दियो जलिरहेछ कथाको सारांश

दियो जलिरहेछ कथा विगतमा टिकापुरमा भएको नरसंहारको घटनाको सेरोफेरोमा घुमेको छ । यस कथामा कथाकारले पहाडी समुदाय र तराईको थारू समुदाय बीचको द्वन्द्व र त्यस पछि सिर्जित अवस्था तथा मेलमिलापको बिन्दुमा कथाको संयोगान्त टुंगो लगाएका छन् ।

यो कथा प्रमुख पुरुष दृष्टि बिन्दुमा लेखिएको भएपनि म पात्र गौण पात्रका रूपमा रहेका छन् । टिकापुर घटनाको भयावह अवस्थाको वर्णन गर्न कथाकारले अनेकौँ पात्रहरूको सिर्जना गरेका छन् । मुख्यातमा यस कथामा समुह पात्रहरू रहेका छन् । जो समुहमा आएर नाराबाजी गर्दछन्, आक्रोश पोख्छन् र घटनालाई अघि बढाउँछन् । थारू समुदाय, पहाडी समुदाय र महिलाहरूको समूह गरी तीन ओटा समूह पात्रहरू यस कथामा मुख्य पात्रका रूपमा आएका छन् र कथा पनि तीन समुहकै वरिपरि घुमेको देखिन्छ ।

यसका साथै रेवन्ती दिदी, प्रेमलता चौधरी, रमिला चौधरी, मञ्जु शर्मा, आरती रोकाया, फुलमती कठरिया, थारू मिस्त्रीहरू, सुरक्षाकर्मीहरू, हत्या भएका बालक, हंशराज उपाध्याय, मङ्गली साउँद, वैजयन्ती चौधरी, सुनिल महतो, बुढा मान्छे गौण पात्रहरू कथानकको पुरक रूपमा आएका छन् ।

थारू समुहका पात्रहरूले टिकापुरमा बोलीने थारू भाषा नै प्रयोग गरेका छन् भने पहाडी समूहका पात्रहरूले पश्चिमेली नेपाली भाषा प्रयोग गरेका छन् । कथाको सुरूवातमा थारू समुदाय र पहाडी समुदायका पात्रहरूको असभ्य भाषाको प्रयोग गरेको पाइन्छ । यस अर्थमा यिनीहरूलाई अशिक्षित पात्रका रूपमा लिन सकिन्छ । त्यसैगरी थारू मिस्त्रीहरू पनि कथाका अशिक्षित पात्रहरू हुन् किनकी यिनीहरूले प्रयोग गरेको भाषा पनि असभ्य छ ।

कथाको अन्त्यमा देखापर्ने महिलाहरूको समुहबाट प्रस्फुटित भएको भाषा सभ्य र शिक्षित छ । यस अर्थमा उनीहरूलाई शिक्षित पात्रका रूपमा लिन सकिन्छ । थारू मिस्त्री पात्रहरूले बाहेक अन्य गौण पात्रहरूले प्रयोग गरेको भाषा पनि सभ्य नै देखिन्छ ।

मुख्यतया कथाकारले अन्त्यमा आउने महिला समूहबाट नै कथाको मूल सन्देश दिन खोजेका छन् । महिला समुहबाट मेलमिलापको भाषा मुखरित गरिएको छ ।

**तालिका नं.२०**

**'खुटियाको काख' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | बाङ्गे बुढो | | + | + | | | | | | + | + | | + | | + | |
| २ | म पात्र | | + | + | | | + | | | + | + | | + | | + | |
| ३ | बाङ्गे बुढोकी श्रीमती | + | | | + | | + | | | + | + | | + | | | |
| ४ | टेक्टर मालिक | | + | | | + | + | | | + | + | | | | + | + |
| ५ | मोटरसाइकलवाला | | + | | | | | + | | + | + | | + | + | | + |
| ६ | गिट्टीफोर्ने केटाहरू | | + | | | + | | | | + | + | | + | | + | |
| ७ | गिटी फोर्ने केटीहरू | + | | | | + | + | | | + | + | | + | | + | |
| ८ | ठकुरी | | + | | | + | + | | | + | + | | | + | + | |
| ९ | दले | | + | | | + | + | | | + | + | | | + | | + |
| १० | भीमे | | + | | | + | + | | | + | + | | | + | | + |
| ११ | तारे | | + | | | + | + | | | + | + | | | + | + | |
| १२ | पुलिस | | + | | | + | + | | | + | + | | + | | + | |

**बाङ्गे बुढो**

**पुरुष पात्र :** लिङ्गका आधारमा बाङ्गे बुढा पुरुष पात्र हुन् । उनका श्रीमती र छोरा भएबाट यसको अझ पुष्टि हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा उनी प्रमुख पात्र हुन् । कथा उनकै पर्याधारमा घुमेको छ । उनको जीवन गिटी फोरेरै बितेको छ र उनको परिवारको गुजरा पनि यसै बाट भएको छ ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् । उनले उमेरमा अर्काकी श्रीमती भगाएर ल्याएपनि अन्य कुनै नकारात्मक कार्य गरेका छैनन् । उनले घरको आर्थिक समस्या गिटी फोरेरै टारेका छन् ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । उनको जीवन गिटी फोरेरै बितेको छ । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले गिटी फोरेरै गुजरा चलाउने मानिसहरूको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथाको संरचना भत्कन्छ ।

**म पात्र**

**पुरुष पात्र :** लिङ्गका आधारमा उनी पुरुष पात्र हुन् । उनलाई बाङ्गे बुढाले मास्टरसाप भनेबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा उनी प्रमुख पात्र हुन् । गिटी कुटेर गुजरा गर्ने मानिसहरूको कथा व्यथालाई उनले बाहिर ल्याएका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् । कथामा उनको नकारात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको छैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले एक असल, इमान्दार, अरूको दुःख पीडा बुझ्ने पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नतका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउन मिल्दैन । कथाबाट उनलाई कथाले उद्देश्य प्राप्त गर्न सक्दैन ।

**बाङ्गे बुढाकी श्रीमती**

**स्त्री पात्र :** लिङ्गका आधारमा उनी स्त्री पात्र हुन् । उनी बाङ्गे बुढाकी श्रीमती भएकाले यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा उनी सहायक पात्र हुन् । उनले कथालाई उद्देश्य प्राप्तिमा पुऱ्याउन सहयोगी भूमिका निर्वाह गरेका छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् । कथामा उनको कहिँकतै नकारात्मक व्यवहार भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । कथामा उनको स्वभाव परिवर्तन भएको पाइँदैन ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले गरीब, गिट्टी फुटाएर आफ्नो जीवन पाल्ने तल्लो जातको महिला वर्गको प्रतिनिधित्व गरेकी छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । उनलाई कथाबाट हटाउन मिल्दैन ।

**खुटियाको काख कथाको सारांश**

'खुटियाको काख' कथालाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य प्रवृत्ति, जीवनचेतना, आसन्नता, आबद्धताको आधारमा लिइन्छ । यस कथामा उपस्थित पात्रहरू हेर्दा स्त्री पात्रभन्दा पुरुष पात्रको बाहुल्यता रहेको पाइन्छ । यस कथामा बाङ्गे बुढा, म पात्र, प्रमुख पात्र, बाङ्गे बुढाकी श्रीमती सहायक पात्र र ठेक्दार मालिक, मोटरसाइकलवाला, केटाकेटीहरू, ठकुरी, दले, भीमे, तारे, पुलिस गौण पात्रका रूपमा रहेका छन् । मोटरसाइकलवाला बाहेक यस कथाका अन्य सबै पात्रहरू अनुकूल पात्र हुन् । यस कथाका सम्पूर्ण पात्रहरू स्थिर र वर्गीय पात्रका रूपमा रहेका छन् । बाङ्गे बुढा, बुढाकी श्रीमती, म पात्र, केटाकेटीहरू, मोटरसाइकलवाला, पुलिस मञ्चीय पात्र हुन् भने अन्य सबै नेपथ्य पात्र हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको छ ।

## तालिका नं. २१

## 'समाप्ति' कथाको पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क्र.सं. | आधार पात्रहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्त्री | पुरूष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्ग | व्यक्ति | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | म पात्र | | + | + | | | + | | + | | + | | + | | + | |
| २ | म पात्रको प्रेमिका | + | | | + | | + | | + | | + | | + | | + | |
| ३ | माइला दाजी | | + | | | + | + | | + | | + | | | + | + | |
| ४ | गेटे कामी | | + | | | + | + | | + | | + | | | + | + | |
| ५ | रेणुका | + | | | | + | + | | + | | + | | | + | + | |
| ६ | कत्थी कमिनी | + | | | | + | + | | + | | + | | | + | + | |
| ७ | म पात्रकी आमा | + | | | | + | + | | + | | + | | | + | | + |
| ८ | म पात्रको बुबा | | + | | | + | + | | + | | + | | | + | | + |
| ९ | श्रीमती | + | | | | + | + | | + | | + | | | + | | |
| १० | युवा | | + | | | + | + | | + | | + | | | + | + | + |
| ११ | युवती | + | | | | + | + | | + | | + | | | + | | + |
| १२ | साहुनी | + | | | | + | + | | + | | + | | + | | | + |

**म पात्र**

**पुरुष पात्र :** लिङ्गका आधारमा उनी पुरुष पात्र हुन् । उनको श्रीमती र छोराबाट यसको अझ स्पष्ट हुन्छ ।

**प्रमुख पात्र :** कार्यका आधारमा उनी प्रमुख पात्र हुन् । उनको प्रेमीकासँग विछोड भएको अवस्थाको वर्णन गरेसँगै कथाको प्रारम्भ भएको छ भने दुवै जना पागल भएको अवस्थामा भेट भएसँगै कथाको अन्त्य भएको छ । उनका श्रीमती, छोरा, बाबुआमा, इष्टमित्र हुँदापनि प्रेमिका बिना आफूलाई एक्लो महशुस गरेका छन् र उनलाई भुल्न नसकेर अन्त्यमा पागल बन्न पुगेका छन् । कथा नै उनको पर्याधारमा घुमेकाले उनी यस कथाको प्रमुख पात्र हुन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् । कथामा उनको नकारात्मक कार्य भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । उनको विवाह गरेर, एक छोरा र श्रीमती भएपनि प्रेमिकालाई भुल्न सकेका छैनन र उनी अन्त्यमा पागल बन्न पुगेका छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले विवाह गरेर एक छोरा भइसक्दा पनि आफ्नो प्रेमिकालाई भुल्न नसकेर पागल भएको पुरुष वर्गको प्रतिनिधित्व गरेका छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउँदा हाडबिनाको मानव शरीरझैँ बन्न पुग्छ ।

**म पात्रका प्रेमिका**

**स्त्री पात्र :** लिङ्गका आधारमा उनी स्त्री पात्र हुन् । उनी म पात्रको प्रेमिका भएबाट यसको अझ स्पष्ट हुन्छ ।

**सहायक पात्र :** कार्यका आधारमा उनी सहायक पात्र हुन् । म पात्र उनलाई सम्झेर पागल बनेका छन् भने उनी पनि प्रेमीलाई भुल्न नसकेर पागल बनेकी छन् । उनले कथालाई अगाडि बढाउन सहयोगीको भूमिका निर्वाह गरेकी छन् ।

**अनुकूल पात्र :** प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् । कथामा उनको कहिँकतै नकरात्मक कार्य भएको पाइँदैन ।

**स्थिर पात्र :** स्वभावका आधारमा उनी स्थिर पात्र हुन् । उनको प्रेमीको विवाह गरेर एक छोरा भइसक्दा पनि उनलाई भुल्न नसकेर पागल बन्न पुगेकी छन् ।

**वर्गीय पात्र :** जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । उनले आफ्नो प्रेमीलाई भुल्न नसकेर पागल भएको महिला वर्गको प्रतिनिधित्व गरेकी छन् ।

**मञ्चीय पात्र :** आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् । कथामा उनको संवाद र वार्तालाप भएको पाइन्छ ।

**बद्ध पात्र :** आसन्नताका आधारमा उनी बद्ध पात्र हुन् । कथाबाट उनलाई हटाउन मिल्दैन । कथाबाट उनलाई हटाउँदा कथा उद्देश्य प्राप्तिमा सफल हुँदैन ।

## समाप्ति कथाको सारांश

समाप्ति कथाका पात्रहरूलाई शैलीवैज्ञानिक पद्धतिअनुसार वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधार लिइन्छ । यस कथामा उपस्थित पात्रहरूलाई हेर्दा सात जना स्त्री पात्र र पाँच जना पुरुष पात्र रहेका छन् । यस कथामा म पात्र र प्रमुख पात्रका रूपमा, म पात्रकी प्रेमिका सहायक पात्रका रूपमा र माइला दाजी, गेटे कामी, रणुना, कत्थी कमिनी, म पात्रको आमा, श्रीमती, बुबा, छोरा, युवा,युवती, साहुनी गौण पात्रका रूपमा रहेका छन् । यस कथाका सम्पूर्ण पात्रहरू अनुकूल, स्थिर र वर्गीय पात्रका रूपमा रहेका छन् । यस कथाका म पात्र, म पात्रकी प्रेमिका र साहुनी मञ्चीय पात्र हुन् भने बाँकी सबै पात्रहरू नेपथ्य पात्र हुन् । यस कथामा मुक्तभन्दा बद्ध पात्रको बाहुल्यता रहेको पाइन्छ ।

## अध्याय पाँच

## निष्कर्ष, सुझाव तथा उपयोगिता

### ५.१ निष्कर्ष

वि.सं. २०३१ सालमा जन्मिएका कथाकार रामलाल जोशीको 'ऐना' कथा सङ्ग्रह २०७२ मा प्रकाशित यथार्थको पृष्ठभूमिमा लेखिएको सामाजिक कथा सङ्ग्रह हो । सामाजिक यथार्थवादी धारालाई आत्मसाथ गरेर लेखिएको यस कृतिमा समाजभित्र रहेका विकृति विसङ्गति, सुदूरपश्चिमेली जनजीवनले भोग्नुपरेको भोकमरीको समस्या, बेरोजगारीको समस्या, निम्नवर्गीय समुदायको कहालीलाग्दो दुःख, कष्ट र पीडादायी जीवनको चित्रण, यौन व्यापारमा लागेर जीविकोपार्जन गर्नुपर्ने वादी समुदायको पीडा, सुकुम्बासी समस्या, घाटका कोइला बेचेर र गिट्टी फोरेर जीवन निर्वाह गर्नुपर्ने निम्नवर्गीय बालबालिका र बृद्धबृद्धाहरूको कष्टकर जीवनको प्रतिबिम्ब 'ऐना' कथासङ्ग्रहमा प्रथम पुरुष शैलीमा आत्मपरक ढङ्गमा उतारिको छ । शैलीवैज्ञानिक अध्ययनको कसीमा राखेर 'ऐना' कथासङ्ग्रहको पात्रहरूको अध्ययन तथा विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य हो । यस शोधकार्यको अध्यायगत निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ५.१.१ अध्याय एक, दुई र तीनको निष्कर्ष

यी अध्यायहरूमा शोधपात्रका चिनारी गराउनुका साथै शैलीवैज्ञानिकको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यी अध्यायको निष्कर्षलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

क. यस शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको परिचय दिइएको छ । यसमा शोधको शीर्षक, शोधप्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, शोध विधि र शोधको रूपरेखा प्रस्तुत गरिएको छ ।

ख. यसमा माथिका विभिन्न शीर्षक एवम् यी शीर्षकहरूबाट कथाकार रामलाल जोशीको 'ऐना' कथासङ्ग्रहको पात्रहरूको शैलीवैज्ञानिक प्रक्रियाबाट अध्ययन विश्लेषण गरी उक्त कृतिलाई सरल, सहज र बोधगम्य बनाउने प्रयास गरिएको छ ।

ग. दोस्रो र तेस्रो अध्यायमा शैलीवैज्ञानिकको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ ।

घ. रामलाल जोशीको 'ऐना' कथा सङ्ग्रहले २०७२ सालमा मदन पुरस्कार प्राप्त गरेको छ ।

ङ. १९ ओटा कथा सङ्ग्रहित 'ऐना' सङ्ग्रहमा २५७ पृष्ठ रहेको छ ।

**अध्याय चारको निष्कर्ष**

क. कथानकलाई गतिशील बनाउने तत्त्व चरित्र हो ।

ख. चरित्रलाई शैलीवैज्ञानिक पद्धतिअनुसार विश्लेषण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता र आसन्नतालाई मुख्य आधार बनाइन्छ ।

ग. कथालाई जीवन्त र प्रभावकारी बनाउन प्रमुख, सहायक र गौण पात्रहरूको महत्त्वपूर्ण भूमिका रहन्छ ।

घ. कथामा मानवीय पात्रहरूको मात्र उपस्थिति रहेको देखिन्छ ।

ङ. 'खेल' कथामा धेरै पात्रहरूको प्रयोग गरिएको छ तर तीमध्ये दुई जना प्रमुख, एक जना सहायक पात्र गरी जम्मा तीन जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

च. 'रङ्गमञ्च' कथामा धेरै पात्रहरूको प्रयोग गरिएको छ तर तीमध्ये एक जना प्रमुख दुई जना सहायक पात्र गरी जम्मा तीन जना पत्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

छ. 'नायक' कथामा दश जना पात्रहरूको प्रयोग गरिएको छ तर तीमध्ये एक जना प्रमुख, पाँच जना सहायक पात्र गरी जम्मा छ जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

ज. 'पर्दा' कथामा सोह्र जना पात्रहरूको प्रयोग गरिएको छ तर तीमध्ये तीन जना प्रमुख पात्र, चार जना सहायक पात्र गरी जम्मा सात जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

झ. 'पापीघाट' कथामा एघार जना पात्रहरूको प्रयोग गरिएको छ तर दुई जना प्रमुख पात्र, एक जना सहायक पात्र गरी जम्मा तीन जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

ञ. 'मध्यान्तर' कथामा एघार जना पात्रहरूको प्रयोग गरिएको छ तर दुई जना प्रमुख, एक जना सहायक पात्र गरी जम्मा तीन जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

ट. 'तस्वीर' कथामा छ जना पात्रहरूको प्रयोग गरिएको छ तर एक जना प्रमुख पात्र, दुई जना सहायक पात्र गरी जम्मा तीन जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

ठ. 'सेतीको सुस्केरा' कथामा एघार जना पात्रहरूको प्रयोग गरिएको तर एक जना प्रमुख, पाँच जना सहायक पात्र गरी जम्मा छ जना पात्रहरूको मात्र शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

ड. 'कालीको गीत' कथामा जम्मा दश जना पात्र रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी दुई जना पात्रको विश्लेष गरिएको छ ।

ढ. 'एउटा भोकको अन्त्य' कथामा जम्मा दश जना पात्र रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी जम्मा तीन जना पात्रहरूको विश्लेषण गरिएको छ ।

ण. 'भर्जिन' कथामा जम्मा चौध जना पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी जम्मा तीन जना पात्रहरूको विश्लेषण गरिएको छ ।

त. 'मुक्ति' कथामा जम्मा सात जना पात्र रहेका छन् तर यस शोधमा प्रमुख र सहायक पात्र गरी तीन जना पात्रहरूको विश्लेषण गरिएको छ ।

थ. 'यथार्थ भ्रम' कथामा जम्मा आठ जना पात्र रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी तीन जना पात्रहरूको विश्लेषण गरिएको छ ।

द. 'श्रीमान् वीरबहादुर' कथामा जम्मा आठ जना पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी पाँच जना पात्रहरूको विश्लेष गरिएको छ ।

ध. 'श्रीमती जुगुनीदेवी' कथामा जम्मा चौध जना पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी पाँच जना पात्रहरूको विश्लेषण गरिएको छ ।

न. 'साइबर सेक्स' कथामा जम्मा बाह्र जना पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी छ जना पात्रहरूको विश्लेषण गरिएको छ ।

प. 'दियो जलिरहेछ' कथामा थुप्रै पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी तीन समुहको विश्लेषण गरिएको छ ।

फ. 'खुटियाको काख' कथामा जम्मा बाह्र जना पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी तीन जना पात्रहरूको विश्लेषग गरिएको छ ।

ब. 'समाप्ति' कथामा जम्मा बाह्र जना पात्रहरू रहेका छन् तर यस शोधमा प्रमुख र सहायक गरी दुई जना पात्रहरूको विश्लेषण गरिएको छ ।

## ५.२ सुझाव

प्रस्तुत 'ऐना' कथा सङ्ग्रहको पात्रहरूको शैलीबैज्ञानिक अध्ययन पश्चात निम्नलिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

- कथामा आवश्यक थोरै पात्रहरूको मात्र प्रयोग गर्नु पर्दछ ।
- शीर्षकले कथाको उद्देश्य समेटेको हुनुपर्दछ ।
- पुरूषको मात्र नभई महिलाको पक्षमा पनि वकालत गरिएको कथा रचना गर्नुपर्दछ ।

- कथामा प्रयोग भएको भाषा सरल, सहज सबैले बुझ्ने खालको र अन्य भाषा प्रयोग गरेमा कोष्ठकमा नेपाली भाषाको प्रयोग गर्नुपर्दछ ।
- कथा चेतना मूलक र सन्देशमूलक हुनुपर्दछ ।
- सबै वर्गलाई समेट्ने खालको कथा रचना गर्नुपर्दछ ।
- कथामा आञ्चलिकता झल्किने वर्णन हुनुपर्दछ ।

**५.३ उपयोगिता/कार्यान्वयन**

प्रस्तुत अध्ययन कार्यको उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**५.३.१ नीतिगत तह**

प्रस्तुत अध्ययन तथा अनुसन्धान नीतिगत तहमा औचित्यपूर्ण देखिन्छ किनकी यस् अध्ययनले निम्न कार्यहरूका लागि मार्गनिर्देशन गर्न सक्छ :

- ऐना कथा सङ्ग्रहलाई सैन्द्धान्तिक रूपमा बुझ्न सहयोग पुग्दछ ।
- यस कथा सङ्ग्रहका पात्रहरूको चारित्रिक व्यवहार र तिनीहरूको भाषालाई विश्लेषण गर्न मदत पुग्दछ ।
- सुदूरपश्चिमको मानिसहरूको जीवन शैली र कथा व्यथालाई नजिकबाट अध्ययन गर्न मदत पुग्दछ ।
- यस कथा सङ्ग्रहलाई अन्य कथा सङ्ग्रहरूसँग तुलनात्मक अध्ययन गर्न मदत पुग्दछ ।
- अन्य कथाका पात्रहरूको शैली विश्लेषण गर्न सहयोग पुऱ्याउँछ ।
- यस कथा सङ्ग्रह भित्र सङ्कलित कथाहरूलाई शुक्ष्म रूपमा केलाउन सहयोग पुग्दछ ।

**५.३.२ कार्यान्वयन तह**

प्रस्तुत अध्ययन कथाका पात्रहरूको शेलीवैज्ञानिक अध्ययन हो । कार्यान्वयनका तहमा प्रस्तुत अध्ययनले निम्न कुराहरूमा सहयोग पुऱ्याउँछ ।

- प्रस्तुत अध्ययन प्रयोगात्मक प्रकृतिको हुनाले समस्या समाधानमा अनुसन्धानकर्तालाई मदत गर्दछ ।
- कथाका पात्रहरूको शैलीवैज्ञानिक पद्धतिको अनुशरण गरी शिक्षक तथा विद्यार्थीलाई शिक्षण गर्न सहयोग पुग्दछ ।

- थोरै भएपनि कथाको सैद्धान्तिक पक्षको ज्ञान लिन मद्दत पुग्दछ ।
- कथालेखन प्रति रूचि राख्नेलाई सृजनात्मक क्षमताको विकास गर्न सहयोग पुग्दछ ।
- मौनवाचन गरी पढ्ने वानिको विकास गर्न सहयोग पुग्दछ ।

**५.३.३ आगामी अनुसन्धानकालागि सम्भावित शीर्षकहरू**

- 'ऐना' कथासङ्ग्रहमा सङ्ग्रहित कथाका नारी पात्रहरूको अध्ययन ।
- 'ऐना' कथा सङ्ग्रहमा सङ्ग्रहित परिवेश र समाजको अध्ययन ।
- रामलाल जोशीको 'ऐना' कथा सङ्ग्रहमा भाषिक विचलन ।
- श्रीमान् बीरबहादुर कथाको शैलीवैज्ञानिक अध्ययन ।
- मुक्ति कथाको शैलीवैज्ञानिक अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६३), **नेपाली भाषा शिक्षण,** काठमाडौँः कुञ्जल प्रकाशन ।

जोशी, रामलाल (२०७३), **ऐना**, काठमाडौँ : बुक-हिल पब्लिकेशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६७), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

दाहाल, शंकर (२०६७), **सृष्टि र जगत कविता सङ्ग्रहमा भाषिक विचलन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, इटहरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

पन्त, कृष्णा (२०७३), **साहित्यकार रामलाल जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कैलालीः नेपाली भाषा विभाग ।

पौडेल, नेत्रप्रसाद (२०६३) **सामान्य र प्रायोगिक भाषा विज्ञान,** काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,** काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पन्थी, कविता (२०६३), **बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः विश्वविद्यालय क्याम्पस नेपाली भाषा शिक्षा विभाग ।

भट्टराई, तीर्थराज (२०६७), **प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुकुना, मोरङ्ग नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : शुभकामना प्रकाशन ।

रेग्मी, ऋषिराज (२०७२) **विभाजित समय समय, उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुकुनाः नेपाली भाषा शिक्षा विभाग ।

विमली, पदमप्रसाद (२०६६), **समानान्तर आकाश अपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, मोरङः नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा तथा साहित्य शिक्षण,** कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान,** काठमाडौँ : (ने.रा.प्र.प्र.) ।

शर्मा, मोहनराज (२०५९), **शैलिविज्ञान,** काठमाडौँ : (ने.रा.प्र.प्र.) ।